अन्तिम लेखापरीक्षण प्रतिवेदन

कन्काई नगरपालिका
झापा

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

कन्काई नगरपालिका

झापा

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

कन्काई नगरपालिका

झापा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

तोयम राया

२०८१ जेष्ठ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

कोशी प्रदेश

नेपाल
२०१६

मितिः २०८१।२।१३

प.सं. २०८०।८१

च.नं. ६९

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख ज्यू ,
कन्काई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
जामुनबारी, झापा ।

१. **कैफियत सहितको राय** - हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. नगरपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१० करोड ६५ लाख १२ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा रू. ३ करोड ८२ लाख १८ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई रू.१४ हजार थप बेरुजु कायम भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१ करोड ५ लाख १० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ९२ लाख ७३ हजार, नियमित गर्नुपर्ने रू.२ करोड ८५ लाख ५ हजार र पेस्की रू. २० हजार समेत रू.६ करोड ८३ लाख ८ हजार रहेको छ । यस नगरपालिकाको गत वर्षसम्म रू.१३ करोड ८ लाख ५३ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रू.१६ करोड १५ लाख ६२ हजार रहेको छ । नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३ हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त

गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्‍वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस नगरपालिकाको व्यवस्थापनमा रहेको छ । नगरपालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

कन्काई नगरपालिका,
झापा जिल्ला,

१. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रू. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्योंट			प्रतिक्रियाबाट थप		बाँकी बेरुजु			बेरुजु						
											असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या			दफा संख्या					दफा संख्या									
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	दफा संख्या	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
८४	२२९	१०६५१२	०	४३	३८२१८	५	१४	८७	१८८	६८३०८	१०५१०	२८५०५	२९२७३	०	०	५७७७८	२०

२. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्योंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
झापा	१३०८५३	०	३९६५९	९११९४	२०६०	६८३०८	१६१५६२

३. बेरुजु सम्परीक्षणको विवरण

क्र. सं	आर्थिक वर्ष	बेरुजुको दफा	छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
	२०७९।८० (चालु वर्षको)			
१		४०	बिल भरपाई भन्दा बढी भुक्तानी असुल	१२४९३
२		४९.४	प्रोग्राम अपडेटको रकम असुल तथा प्रमाण पेश	२५५००००
३		६३	सि.सि.क्यामेरा खरिद गरेको प्रमाण पेश	९९२१२८
४		७१	शीर्षक फरक पारी खर्च गरेको नियमित भएको	२७६१८५०८
५		७७.१	कर कट्टी रकम असुल	२५९२०
६		१००.१	उपभोक्ता समितिले सिमा भन्दा बढीको कार्य गरी खर्च गरेको नियमित भएको	४२७०६५४
७		११४.२	बढी बैठक भत्ता असुल	३७०००
८		११८	कक्षा ८ परीक्षा सञ्चालन खर्च असुल	४७५५६
९		११९	कक्षा ५ परीक्षा सञ्चालन खर्च असुल	१३०४८
१०		१२२	विद्यालय फर्निचर खरिद अनुदानको आवश्यक प्रमाण पेश	५३७११६
११		१२७	आई टि ल्याब तथा डिजिटल लाइब्रेरी व्यवस्थापनको प्रमाण पेश	१२६३०००
१२		१२९	अग्रीम कर रकम असुल	८६०२
१३		१३४	बढी तलब भुक्तानी असुल	९९५६९
१४		१३५.१	दिवा खाजा बढी भुक्तानी असुल	२४५४०
१५		१३५.२	दिवा खाजा बढी भुक्तानी असुल	५६४०१५
१६		१४१	इम्प्लान्ट तालिममा बढी यातायात खर्च असुल	४८००
१७		१४२	अग्रीम कर रकम असुल	५७८२
१८		१४९.२	सम्झौता भन्दा बढी खर्च लेखेको प्रमाण पेश	२२४९०
१९		१४९.३	अनुपातिक खर्चको प्रमाण पेश	४८७४३
२०		१५१	चैत्रे धान खेति अनुदानको प्रमाण पेश	७२३००
	चालु वर्षको जम्मा			३८२१८२६४

	गत विगत वर्षतर्फको			
	२०७८।७९			
१		३२	विभिन्न ५ व्यक्ति/संस्था/निर्माण व्यवसायीहरुको पेस्की फस्यौंट	११४५२६८.६२
२		४६	इन्टरलकिङ ब्लकको गुणस्तर परिक्षणको प्रमाण पेश गरी नियमित	४६०००००
३		५३	१५ सैया अस्पतालमा बढी भुक्तानी रकम असुल	५४७०९.२३
४		५७	आवसिय छात्रवृत्ती वितरणको प्रमाण पेश	४०००००
५		६३	शिक्षण सिकाइ तथा बुक कर्नर बुझेको प्रमाण पेश	१५४६०५०
६		७९	अक्सिजन प्लान्ट मु.अ.कर छुट भएको प्रमाण पेश गरी नियमित	१६६०५७०६.७९
७		८०	सिद्धिथुम्का निर्माण सेवाको एस बिल्ट ड्रइङ्गको प्रमाण पेश	२९८४६५८
८		८१	मेयर आवास कार्यक्रमको आवश्यक प्रमाण पेश	२४२५५९२.६३
९		८७.१	भेरिएशन आदेश स्वीकृत गरेको प्रमाण पेश	३२२२७५२
१०		९७	विस्तृत नापीको प्रमाण पेश	३६४०५६.९५
	२०७८।७९ को जम्मा			**३३३४८७९४.२२**
	२०७७।७८			
१		७७.२	खानेपानी परिक्षण गरी WHO स्पेसिफिकेशन अनुसारको टेस्ट रिपोर्ट पेश गरी सभा द्वारा नियमित	६३१०४२२
	२०७८।७९ को जम्मा			**६३१०४२२**
	२०७६।७७	-	-	-
	गत विगतको जम्मा			**३९६५९२१६.२२**
	कुल जम्मा			**७७८७७४८०.२२**

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

परिचय

१ **परिचय**

(क) कन्काई नगरपालिकाको परिचय - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकाको वडा संख्या ९, सभा सदस्य ४८, क्षेत्रफल ७९.१ वर्ग कि.मी. र जनसंख्या ४७ हजार १४६ रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।९।२५ देखि २०८०।१०।२९ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्बनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

(च) आर्थिक कारोबारको स्थिति - कार्यालयको आय-व्ययतर्फ रू. १,७४,४९,०९,३०१।९९ को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणको क्रममा निम्नानुसारको रू.१३,६८,२५३।- असुल भई दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	विवरण	रकम रू.
१	लेखापरीक्षणको क्रममा बढी बैठक भत्ता, कार्यक्रम संचालनमा बढी दर, पदाधिकारी बढी सेवा सुविधा भुक्तानी लगायतका विषयमा रू.१३,६८,२५४।- असुल भई सम्बन्धित संचितकोष दाखिला भएको छ ।	१३६८२५३

२ **प्राप्ति भुक्तानी हिसाब -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम कन्काई नगरपालिका, झापाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आर्थिक वर्ष २०७९।८० मा प्राप्ति र भुक्तानी हिसाबको समग्र संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

विवरण	टिप्पणी	यस वर्ष रू.			
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ति (क+ख)		८५८५१७१२३.४९	६०३१२२०६०.७५		६०३१२२०६०.७५
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		८३९२६५१४७	५८२७८३५२१.४१	०	५८२७८३५२१.४१
११००० कर	११	१७०३१४४२०	१२५८९७२५६.६१	०	१२५८९७२५६.६१
१३००० अनुदान		४२७७९८०००	४०१९१००७५.१६	०	४०१९१००७५.१६
संघीय सरकार	१२	३९५१४१०००	३७३८६८७१३.९९	०	३७३८६८७१३.९९
प्रदेश सरकार	१२	३०६५७०००	२८०४१३६१.१७	०	२८०४१३६१.१७
अन्तरिक श्रोत		२००००००	०	०	०
१४००० अन्य राजस्व		४४६३७६५५	५१९६४२०९.६४	०	५१९६४२०९.६४
१५००० विविध प्राप्ति		०	३०११९८०	०	३०११९८०
३२००० वित्तीय सम्पत्ति		९१५१५०७२	०	०	०
ख. अन्य प्राप्ति		१९२५१९७६.४९	२०३३८५३९.३४		२०३३८५३९.३४
वितरण गर्न बाकी राजस्व		०	०	०	०
कोषहरु		१९२५१९७६.४९	५६४९८४२	०	५६४९८४२
धरौटी		०	१४६८८६९७.३४	०	१४६८८६९७.३४
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०
भुक्तानी (ग+घ)		८५८५१७१२३.४९	६७१८४९३३७.१५		६७१८४९३३७.१५
ग. भुक्तानी (सञ्चित कोषबाट)		८३९२६५१४७	६४१३२८२८८.६६		६४१३२८२८८.६६
२१००० पारिश्रमिक / सुविधा	१८	२३४८०४६५५	२१४६७१२१४.९६	०	२१४६७१२१४.९६
२२००० मालसामान तथा सेवाको उपयोग	१८	१५०५१४८३९	१३०५४७३४१.४७	०	१३०५४७३४१.४७
२५००० सहायता (Subsidy)	१८	१५३०३०००	७८५५५८०	०	७८५५५८०
२७००० सामाजिक सुरक्षा	१८	१२६९०००	१११८३८१	०	१११८३८१
२८००० अन्य खर्च	१८	१३९०००००	५०००००	०	५०००००
३१००० गैर वित्तीय सम्पत्ती / पुँजीगत खर्च	१८	४२३४७३६५३	२८६६३५७७१.२३	०	२८६६३५७७१.२३
३२००० वित्तीय सम्पत्ति	१८	०	०	०	०
घ. अन्य भुक्तानी		१९२५१९७६.४९	३०५२१०४८.४९		३०५२१०४८.४९

कोषहरु		१९२५१९७६.४९	१८२९६९१३.४९	०	१८२९६९१३.४९
धरौटी		०	१२२२४१३५.	०	१२२२४१३५.
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०
ङ. यो वर्षको बचत (न्युन)			-६८,७२७,२७६.४०		-६८,७२७,२७६.४०
च. गत वर्षको जिम्मेवारी रकम (अ.ल्या)			११५०९२४४२.९		११५०९२४४२.९
वर्षान्तको बाँकी रकम (ङ + च)			**४६३६५१६६.५**		**४६३६५१६६.५**
बैंक तथा नगद बाँकी	२४		**४९२२५४४०.३९**		**४९२२५४४०.३९**

३ **एकीकृत आ.वि.-** पालिकाले पेश गरेको आय-व्ययको स्थिती देहाय अनुसार छ ।

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		**११५०९२४४२.९**	१	**चालु खर्च**	३५४६९२५१७.४	**३५४६९२५१७.४**
	क) संचित कोष	९३१७८४०१.५६		२	**पुँजीगत खर्च**	२८६६३५७७१.२	**२८६६३५७७१.२**
	ख) धरौटी खाता	९२६६९६९.८८		३	**वित्तीय व्यवस्था भुक्तानी**		**०**
	ग) विविध खर्च खाता/कोष	७४२४२०.७			क) ऋण भुक्तानी	०	
	घ) प्रकोप व्यावस्थापन कोष	१००८०४६			ख) ब्याज भुक्तानी	०	
	ङ) आकस्मिक कोष खाता	१४७६०.९५			जम्मा		
	च) विविध कोष खाता	१०८८१८४३.८४		४	**लगानी**		**०**
२	**राजस्व (आन्तरिक आय)**		**१८०८७३४४६.३**		ऋण लगानी	०	
	क) आन्तरिक राजस्व	६३३३४६४१.०१			शेयर लगानी	०	
	ख) संघीय राजस्व बाँडफाँट	७४५८७१८६.४६			अन्य लगानी	०	
	ग) प्रदेश सवारीसाधन कर	९३९३०९९.१८		५	**विभिन्न कोषतर्फको खर्च**		**३०५२१०४८.४९**
	घ) राजस्व बाडफाड स्थानीय सरकार	३३५५८५१९.६			क) विविध खर्च खाता	६२९३६३३.२	
३	**वित्तीय हस्तान्तरण संघ**		**३७३८६८७१४**		ख) प्रकोप व्यावस्थापन कोष	१००८०४६	

	क) वित्तीय समानीकरण अनुदान	१३९५८२५००			ख) धरौटी फिर्ता	१२२२४१३५	
	ख) ससर्त अनुदान	२२६२८६२१४			ग) आकस्मिक कोष खाता	१४७६०.९५	
	ग) समपूरक अनुदान	८००००००			घ) विविध कोष खाता	१०९८०४७३.३४	
	घ) विशेष अनुदान	०		**६**	**जनश्रमदान फिर्ता**		**०**
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		**२८०४१३६१.१७**	**७**	**अन्य**		**०**
	क) वित्तीय समानीकरण अनुदान	७२६१६२५					
	ख) ससर्त अनुदान	११३१५६७६		**८**	**मौज्दात**		**४६३६५१६६.५३**
	ग) समपुरक अनुदान	९४६४०६०.१७			क) सञ्चित कोष खाता	३४६३३६३४.३१	
	घ) विशेष अनुदान	०			ख) विविध कोष खाता	०	
५	**अन्तर स्थानीय तहबाट प्राप्त**		**२३४९६८९५२**		ग) विविध खर्च खाता	०	
	क सामाजिक सुरक्षा	२१७१४४९५२			घ) धरौटी खाता	११७३१५३२.२२	
	ख) गरिबसंग विश्वेश्वर	०			ङ) प्रकोप व्यावस्थापन कोष	०	
	ग) एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	१७८२४०००			च) विविध खर्च खाता/कोष	०	
६	**अन्य**						
७	**विभिन्न कोषतर्फको आय**		**२०३३८५३९.३४**	**९**	**अन्तर स्थानीय तहबाट प्राप्त**		**२३४९६८९५२**
	क) विविध खर्च खाता/कोष	५५५१२१२.५			क सामाजिक सुरक्षा	२१७१४४९५२	
	ख) प्रकोप व्यावस्थापन कोष	०			ख) गरिबसंग विश्वेश्वर	०	
	ग) धरौटी आय	१४६८८६९७.३४			ग) एकीकृत स्वस्थ्य पूर्वाधार	१७८२४०००	

					विकास कार्यक्रम		
	घ) विविध कोष खाता	९८६२९.५					
९	**विषयगत निकायबाट प्राप्त**						
१०	**जनसहभागिता (नगद)**						
११	**लगानीको साँवा फिर्ता**						
१२	**अन्य विविध आय**						
	जम्मा		**९५३१८३४५५.७**		**जम्मा**		**९५३१८३४५५.७**

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

४ **वित्तीय विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नानुसार देखिएको छः

४.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू.२१,७१,४४,९५२।- र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रू.१,७८,२४,०००।- समेत रू.२३,४९,६८,९५२।- सुत्रमा लेखाङ्कन गरेको छैन । पालिकाको सम्पूर्ण आर्थिक कारोवार नसमेटेको कारण सुत्रबाट तयार भएको वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.२ **फरक हिसाब** - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रू.२३,४९,६८,९५२।०५ र यस वर्षको भुक्तानी रू.२३,७६,६८,९५२।०२ फरक परेको छ । सुत्रमा कोषको यस वर्षको आम्दानी समेत जिम्मेवारीमा समावेश भएको र सिग्यास प्रणाली मार्फत भुक्तानी भएको कारोबार सुत्रमा समावेश नभएको कारण उक्त फरक देखा परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गत वर्षको जिम्मेवारी	यस वर्षको प्राप्ति	यस वर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)	११५०९२४४२.९	६०३१२२०६०.७५	६७१८४९३३७.१५	४३६६५१६६.५३

एकीकृत आर्थिक विवरण अनुसार	११५०९२४४२.९	८३८०९१०१२.८	१०९५१८२८९.१७	४३६६५१६६.५३
फरक	०	२३४९६८९५२.०५	२३७६६८९५२.०२	०

सैद्धान्तिक बेरुजु

४.३ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको हिसाब भिडान गरी आम्दानी खर्च र मौज्दात यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार अनुसार रू.१०,२५,४५,६७८।२७ र बैंक रू.११,२४,३०,३१९।३० मौज्दात रहेकोमा यो वर्ष रू.११,५०,९२,४४२।९ जिम्मेवारी सारेको छ । गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रू.१,२५,४६,७६४।६३ बढी जिम्मेवारी सारेको देखिन्छ । बढी जिम्मेवारी सारेको सम्बन्धमा एकिन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४.४ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाबमिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दातमा देहायअनुसार रू.२८,६०,२७३।८६ बैंक बढीको फरक देखिन्छ । यसरी स्रेस्ताभन्दा बैंक अनुसार मौज्दात बढी हुनुमा करको चेक नसाटिएको पालिकाले प्रतिक्रिया दिएको छ। पालिकाले म.ले.फा.नं. २१२ तथा नसाटिकएको चेकको विवरण तयार गरी स्रेस्ता र बैंक मौज्दात बीच हिसाबमिलान गर्नु पर्दछ।

खाताको प्रकार	श्रेस्ता अनुसार बाँकी रू.	बैंक अनुसार बाँकी रू.	फरक
ग १.१, आन्तरिक राजस्व खाता	०	०	०
ग १.२, बाँडफाँटबाट प्राप्त राजस्व खाता	०	०	०
ग १.३, आन्तरिक अनुदान खाता	०	०	०
ग २.२, चालु खर्च खाता- जोर वर्ष	०	१०९८८२४२.९	१०९८८२४२.९
ग २.४, पुंजीगत खर्च खाता- जोर वर्ष	०	११०५१४३७.३१	११०५१४३७.३१
ग २.७, विविध खर्च खाता	०	०	०
ग ३.१, स्धानीय तह धरौटी खाता	११७३१५३२.२२	११७३१५३२.२२	०
ग ४.१, स्थानीय तह सञ्चित कोष खाता	३४६३३६३४.३१	१५४५४२२७.९६	-१९१७९४०६.३५
ग ५.१, स्थानीय तह विविध कोष खाता	०	०	०
ग ५.१, स्थानीय तह विविध कोष खाता	०	०	०
ग ६.१, स्थानीय तह विभाज्य कोष खाता	०	०	०
ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	०	०	०
जम्मा	४६३६५१६६.५३	४९२२५४४०.३९	२८६०२७३.८६

सैद्धान्तिक बेरुजु

४.५ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर) -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रू.१,०९,८८,२४२।९० र पुँजीगत खातामा रू.१,१०,५१,४३७।३१ मौज्दात रहेको पाइयो । तोकिएको समयमा विभिन्न खाताको रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाबमिलान गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४.६ **खर्च शीर्षक -** एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोहीबमोजिम खर्च गर्नुपर्ने उल्लेख छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ को (२) मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोही बमोजिम खर्च गर्नुपर्ने उल्लेख रहेको छ । पालिकाको खर्च लेखाङ्कनको अवस्था परीक्षण गर्दा तोकिएको खर्च संकेत तथा वर्गीकरणबाट नगरी विभिन्न असम्बन्धित क्षेत्र तथा शीर्षकबाट खर्च लेखेको पाइयो । साथै पालिकाले विभिन्न पेस्की फर्स्यौट गर्दा खर्च नभई फिर्ता भएको रकमको कारोबार समेत सुत्रमा लेखाङ्कन नभएकोले बैंक मौज्दात श्रेस्ता भन्दा फरक पर्न गएको छ । अतः पालिकाले पेश गरेको आय व्ययले कारोवारको यथार्थ अवस्था चित्रण गरेको पाइएन ।

सैद्धान्तिक बेरुजु

५ **कोषहरुको अभिलेख -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा पालिका अन्तर्गतका अस्पताल, स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रहरुमा रहेका कोष तथा साविक गाउँपालिकाका खाताहरुमा रहेको सबै मौज्दात एकीकृत गरी अभिलेख राखेकको छैन । पालिकाले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरुको अभिलेख अद्यावधिक गरी पालिकाको वास्तविक सम्पत्तीको अभिलेख पेश हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **अनुदान फिर्ता -** विनियोजन ऐन, २०७९ दफा ४(१२) अनुसार संघीय सरकारबाट वित्तीय हस्तान्तरण भएका ससर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले त्यस्तो रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष ससर्त अनुदानतर्फको खर्च नभई बचत रकम रू.११,२६,७२५।६२ संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्नेमा मिति २०८०।६।१ मा मात्र संघीय सञ्चितकोष फिर्ता गरेको छ । पालिकाले खर्च नभई फिर्ता गर्नुपर्ने अनुदान आर्थिक वर्ष भित्र फिर्ता गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्ने, आन्तरिक लेखापरीक्षण प्रतिवेदनका उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवस्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने र आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको कारवाहीको विवरण सहित पालिका प्रमुख समक्ष प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले यो वर्षको खर्च तथा आम्दानीका कारोबारको आन्तरिक लेखापरीक्षण गराएको देखिएन । आन्तरिक लेखापरीक्षकको पदपूर्ति नभएकोले आन्तरिक लेखापरीक्षण हुन नसकेको कार्यालयले

छलफलमा जानकारी दिएको छ । कानुनमा तोकिए बमोजिम सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वयन गर्न परिपत्र गरेको छ । हालसम्म यस नगरपालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका बनाई लागू गरेको छैन । वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन । अनुगमन तथा मूल्यांकलाई प्रभावकारी बनाउन सकेको छैन । जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकिएको, प्रचलित ऐन, नियम लगायतका कानुनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्धन प्रभावकारी हुन नसकेको अवस्था छ ।जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाइ यथाशीघ्र कार्यान्वयन गर्नु पर्दछ । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्ः

बजेट व्यवस्थापनतर्फ

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको,

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरेको पाइएन,

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा नगरेको,

• दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकीकृत दीर्घकालीन योजना तयार नगरेको र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन नगरेको,

• पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको देखिएन,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको छैन ।

भ्रमण खर्च व्यवस्थापनतर्फ

• भ्रमण खर्च नियमावली, २०६४ मा उल्लेख भए बमोजिम पालिकाका पदाधिकारी र कर्मचारीहरुको अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गर्ने गरेको र भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको,

• गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८ बमोजिम पालिकाका पदाधिकारी भ्रमण गर्दा आफ्नो पालिकाभन्दा बाहिर बास बस्नु पर्ने गरी भ्रमण गर्नुपरेमा पालिका प्रमुखले ३ दिनसम्मको भ्रमण आफै र सो भन्दा बढी ७ दिन सम्मको कार्यपालिकाको बैठकबाट स्वीकृत गर्नुपर्नेमा सो अनुसार गर्ने नगरेको ।

• भ्रमण अभिलेख खाता तयार नगरेको ।

खरिद व्यवस्थापनतर्फ

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको छैन,

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी कार्यान्वयन गर्नुपर्नेमा सो अनुसार गरेको छैन,

• संस्था दर्ता ऐन, २०३४ दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन भई सम्झौता गर्ने उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नभएको,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरी प्रतिवेदन गर्ने नगरेको,

• उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सो को मुल्याकंन नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख नराखेको,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता नराखेको,

शिक्षातर्फ

• स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

• कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन पूर्ण रुपमा नभएको,

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक नगरेको,

विविधतर्फ

• मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई आर्थिक वर्षको अन्तमा मात्र दिइएको,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,
• कतिपय गोश्वरा भौचर लगायतका कागजातहरु कार्यालय प्रमुखबाट प्रमाणित भएको पाईएन,
• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,
• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,
• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,
• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखि रहेको पाईयो।
• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरुप बेरुजुको अभिलेख नराखेको ,
• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँ विकास समितिको नाममा रहेको पेस्की तथा बेरुजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फस्र्यौट तथा सम्परीक्षण कार्य नगरेको,
• निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) वमोजिम सबै कर्मचारीहरुको कार्य विवरण वनाई लागू नगरेको,
• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत नगरेको,
• नगरपालिकाको पदाधिकारीहरुको आचारसंहिता, २०७५ स्वीकृत गरी लागु गरेकोमा सोको अनुगमन नगरेको,
अतः पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणालीमा सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाइ यथाशीघ्र कार्यान्वयन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **सूचना प्रविधी सञ्चालन -** पालिकाले सम्पादन गर्नुपर्ने विभिन्न कार्यहरु विद्यूतीय प्रणालीबाट सम्पादन गर्ने गरी सफ्टवेयरहरु सञ्चालनमा ल्याएको छ । पालिका अन्तर्गत प्रयोग भएका सफ्टवेयरहरुको प्रयोगकर्ताहरुको विवरण, पासवर्ड परिवर्तन, भण्डारण तथा डाटा व्याकअप सम्बन्धी अभिलेख मलेप फाराम नं ९०१, ९०२ र ९०३ को ढाँचामा राखी विद्यूतीय सुरक्षा सम्बन्धी व्यवस्था कार्यान्वयनमा ल्याउन पर्नेमा सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरेको छैन । कुन कुन सफ्टवेयर क-कसले सञ्चालन गर्ने गरेका छन् , आधिकारिक रुपमा क-कसलाई सञ्चालनको अनुमति दिइएको छ, डाटा व्याकअपको अवस्था के कस्तो छ भन्ने विषयमा कार्यालयको ध्यान जान सकेको देखिएन । यसबाट अनधिकृत व्यक्तिको प्रणालीमा पहुँच हुन सक्ने, तथ्यांकमा भएका परिवर्तको जिम्मेवारी कोसँग हुने भन्ने किटान नहुने एवं ब्याकअप नियमित रुपमा गर्ने र प्रमाणित गर्ने व्यवस्था नभएकोले तथ्यांक हराउने वा सच्याउन सकिने जस्ता जोखिम रहेको देखिन्छ । अतः विद्यूतीय तथ्यांकको सुरक्षा सम्बन्धमा भएका व्यवस्थाको पालना गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाको उप प्रमुखले मिति २०७९।०३।१० मा रू.७३ करोड ८५ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।३०

मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

११ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भए तापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेता पनी ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना गर्नेतर्फ पदाधिकारीहरुको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **अबण्डा बजेट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले वडागत रुपमा संचालन गरिने कार्यक्रम उल्लेख नगरी निम्नानुसार शीर्षकमा यो वर्ष रू.१५ करोड १० लाख ६८ हजार अबण्डा बजेट व्यवस्था गरी पटके निर्णयबाट विभिन्न योजना तथा कार्यक्रममा रकम बाँडफाँट गरेर रू.५ करोड ११ लाख ७५ हजार खर्च गरेको छ । पालिकाले शुरु बजेटको तुलनामा २० प्रतिशत रकम अबण्डा राखेको पाइयो। सभाबाट बजेट स्वीकृत भइसकेपछि प्राप्त बजेट र कार्यक्रम स्वीकृत कार्यविधिको आधारमा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्नुपर्नेमा पटक पटक कार्यपालिकाको निर्णयको आधारमा बजेट बाँडफाँट गर्नाले ऐनमा भएको व्यवस्थाको पालना भएको देखिएन । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

शीर्षक	बजेट	खर्च रकम	पटक
विभिन्न जात जाति, समुदाय तथा वर्गहरुको उत्थान सम्बन्धी विशेष कार्यक्रम संचालन	५०००००	४९७९५०	५
कन्काई नदी नियन्त्रण	४००००००	४००००००	१५
खानेपानी तथा शिक्षा	२०००००	२०००००	५

नगरमा आवश्यक अनुसारको विभिन्न पुंजीगत परामर्श सेवा खरिद तथा नविकरण खर्च समेत (IEE,DPR,EIA)	२५०००००	२४८३९४१	१७
बिभिन्न कार्यक्रम सन्चालन	१२५०००	१२५०००	
माग तथा आवश्यक्ता तथा औचित्यका आधारमा नगर भित्रका विभिन्न सडक मर्मत तथा स्तर उन्नति	९३८७०००	५९५०३५७	२६
माग, आवश्यक्ता अनुगमन तथा अचित्यताका आधारमा मेयर आवास कार्यक्रम संचालन	१५००००००	१०५६७५८८	१५
वडाका विभिन्न बाटो मर्मत	९०००००	७६३५६३	३
वडाका विभिन्न बाटो स्तरउन्नती	५०६२००	५०६२००	४
वडाको मर्मत सम्भार	६०००००	६०००००	२
विभिन्न बाटो मर्मत	७५००००	७५००००	२
विभिन्न सडक मर्मत	४८००००	४८००००	३
श्रमिक स्वाभलम्बन उधोग	६००००००	५७५१०७४	९
सडक तथा संरचना मर्मत	११०००००	११०००००	४
सडक मर्मत	३१६६००	३१६६००	५
सेवा खरिद	१५०००००	१५०००००	६
साना खोला तथा खहरे समेतका बिभिन्न नियन्त्रण	२००००००	१९७९४५१	८
प्रदेश तथा संघबाट प्राप्त साझेदारीमा सञ्चालन हुने कार्यक्रम समेत	११७१८२७३	११७१८२७२	३१
भैपरी आउने पुंजीगत	९१६०००००	-	
चालुतर्फका विविध कार्यक्रमको भुक्तानी	१८८५३३९	१८८५३३९	२५
जम्मा	**१५१०६८४१२**	**५११७५३३५**	

सैद्धान्तिक बेरुजु

१४ **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पुंजीगत शीर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रू.३५ करोड ६८ लाख ५० हजार रकमान्तर गरेको छ । उक्त रकम शुरु बजेटको तुलनामा ४८.३२ प्रतिशत हुन्छ । आर्थिक वर्ष ०७८।७९ का लागि विभिन्न कोष तथा योजनातर्फ स्वीकृत भएको रू.२३ करोड ८ लाख २१ हजार बराबरको ८४ योजनालाई घटाई नयाँ तथा भएका योजनामा ५२ योजना/कार्यक्रम थप गरी रू. १२ करोड ६० लाख २९ हजार कार्यापालिकाको पटक पटकको निर्णयले नयाँ योजना कार्यान्वयन वा भएका योजनामा थपघट भएको छ। पालिकाले राजस्व बाँडफाँटको रकम प्राप्त नभकोले रकमान्तर गर्नुपरेको व्यहोरा छलफलका क्रममा जनाएको छ । योजना छनौट गर्दा पर्याप्त

अध्ययन नगरी योजना छनौट गर्ने र कार्यान्वयनको क्रममा नयाँ योजना छनौट गर्ने बजेट थपघट गर्ने कार्यमा नियन्त्रण गरी आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **योजना, बजेट तथा खर्च विश्लेषण-** यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन्ः

प्रगति प्रतिवेदन- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने र दफा ७६(५) मा पालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम चौमासिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पेश गरेको देखिएन । चौमासिक खर्चको प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा तोकिएको समयभित्र पेश गर्नुपर्दछ ।

वार्षिक खरिद योजना/गुरुयोजना - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रू.१० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रू.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू.२८ करोड ६६ लाख ३६ हजार पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

खर्च बिश्लेषण - पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रू. ६ करोड ३३ लाख ३५ हजार, गत आर्थिक वर्षको मौज्दात रू. ८ करोड ८२ लाख ८ हजार, राजस्व बाँडफाँटबाट रू. ११ करोड ७५ लाख ३९ हजार र अनुदानबाट रू. ४० करोड १९ लाख १० हजार समेत रू. ६७ करोड ९ लाख ९२ हजार आम्दानी भएकोमा चालुतर्फ रू. ३५ करोड ४६ लाख ९२ हजार र पुँजीगततर्फ रू. २८ करोड ६६ लाख ३६ हजार समेत रू. ६४ करोड १३ लाख २८ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ९. ८७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ५५.३० प्रतिशत चालु र ४४.७० प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । पालिकाको चालु खर्चको स्थितीलाई विश्लेषण गर्दा पदाधिकारीको सेवा सुविधामा रू. १ करोड १४ लाख, कर्मचारी पारिश्रमिकमा रू. ४ करोड ४ लाख ६९ हजार, बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीको थप तलबमा रू. ३२ लाख ५ हजार समेत रू. ५ करोड ५० लाख ७४ हजार तलब भत्तामा मात्र खर्च गरेको स्थिती छ । आन्तरिक आयबाट प्राप्त रकमको ८५.३८ प्रतिशत रकम पारिश्रमकिमा खर्च गरेको स्थिती छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी आन्तरिक आयभन्दा अधिक रकम प्रशासनिक प्रयोजनमा खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

त्रैमासिक पुँजीगत खर्च - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशीर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुंजीगत खर्चतर्फ	२८६६३६	१९९७४	३२५६६	७४५६२	१५९५३४	१०२८४६
प्रतिशत	**१००**	**६.९६**	**११.३६**	**२६.०२**	**५५.६६**	**३५.८८**

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रू.२८ करोड ६६ लाख ३६ हजार पुँजिगत खर्च भएकोमा प्रथम त्रैमासिकमा रू. १ करोड ९९ लाख ७४ हजार (६.९६ प्रतिशत), दोस्रो त्रैमासिकमा रू. ३ करोड २५ लाख ६६ हजार (११.३६ प्रतिशत), तेस्रो त्रैमासिकमा रू. ७ करोड ४५ लाख ६२ हजार (२६.०२ प्रतिशत) र चौथो त्रैमासिकमा रू. १५ करोड ९५ लाख ३४ हजार (५५.६६ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू. १० करोड २८ लाख ४६ हजार (३५.८८ प्रतिशत) खर्च देखिनुले अन्तिम त्रैमासिक तथा आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

क्षेत्रगत बजेट र खर्चको स्थिति - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्र समेटिने गरी बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छः

क्र.सं.	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	३९४३८४२०	३०९९५९२२.५	४.८३
२	सामाजिक विकास	२७०५७०१६०	२३१५६०८४१.३१	३६.१
३	पूर्वाधार विकास	२०३५८१२०६	१८२४२५२८१.७७	२८.४५
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	३४०५२२००	२७६०४४६०.९८	४.३
५	अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक	२९१६२३१६१	१६८७४१७८२.१	२६.३२
	जम्मा	**८३९२६५१४७.**	**६४१३२८२८८.६६**	

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ३६.१० प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा ४.३० प्रतिशत रहेको छ । अतः पालिकाको एकीकृत, समानुपातिक र दीगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **योजना प्राथमिकीकरण-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी

प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा ७ वडाको लागि वडागत र पालिकास्तरका कुल ३७३ योजनामा रू. ४२ करोड ३४ लाख ७४ हजार खर्च गरेको छ ।

विवरण	योजना संख्या	रकम (रू.हजारमा)
१ लाख भन्दा कम	१८	९९६
१ लाख देखी २ लाख सम्म	१२८	२१३९७
२ लाख देखी ५ लाख सम्म	९७	३४५२५
५ लाख देखि १० लाख सम्म	६०	५०४४८
१० लाख भन्दा माथी	७०	२१६१०८

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१७ **गत विगतको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्व मध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरी बजेट तयार गर्ने व्यवस्था छ । पालिकाले गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रू.८,४४,१५,०७२।- भुक्तानी दिएको छ जुन सुरु बजेटको तुलनामा ११.४३ प्रतिशत हुन्छ । ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **जिन्सी व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनमा औंल्याएका व्यहोराहरुको कारवाहि गरेको नदेखिएकोले त्यसमा कारवाहि गरी जिन्सी श्रेस्ता अध्यावधिक वनाउनु पर्दछ ।

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा विभिन्न शाखागत तथा वडागत रुपमा खरिद भएका जिन्सीहरु दाखिला गरी प्रविष्टी गरेको पाइएन। अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरी जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• पालिकाले एकै किसिमको मालसमानको गत बर्ष खपत भएको परिमाण र चालु बर्षमा खरिद भएको मालसमानको तुलनात्मक विवरण विवरण तयार गरेको छैन ।

• पालिकाले प्रत्येक कार्यकक्षमा रहेका कार्यालय सञ्चालनसंग सम्बन्धित सामानको विवरण तयार गरी कार्यकक्षमा टाँस गरेको देखिएन । यस अवस्थामा जिन्सीको संरक्षण तथा सदुपयोग भएकोमा आश्वास्त हुने आधार रहेको नदेखिएकोले यसमा पालिकाको ध्यानाकर्षण हुनु पर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १०२ अनुसार कार्यालय अन्तर्गतको सरकारी घर, जग्गाको लगत महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा राख्नु पर्ने र सो ढाँचामा जग्गा धनि पूर्जा प्राप्त भए नभएको व्यहोरा खुलाइ यस्तो विवरण जिल्ला प्रशासन, कोलेनिका र मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था गरेकोमा सो अनुसार विवरण तयार गरी सम्बन्धित निकायहरुमा पठाएको नदेखिएकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण भएका र पालिका अन्तर्गतका स्वास्थ्य चौकीहरुमा रहेका कोष तथा नगरपालिका खाताहरुमा रहेको सबै मौज्दातलाई एकीकृत गरी अभिलेख अद्यावधिक नगरेकोले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरु एकीकृत गरी अद्यावधिक अभिलेख खडा गर्नुपर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९६ (२) अनुसार कार्यालयमा मूल्य नखुलेका कुनै सम्पत्ति तथा जिन्सी मालसमान भएमा कार्यालय प्रमुखले नियमावली प्रारम्भ भएको एक वर्ष भित्र मूल्य कायम गरी सम्पत्ति तथा जिन्सी समानको श्रेस्ता अध्यावधिक गर्नु पर्ने व्यवस्था रहेता पनि यस पालिकामा विगत बर्षदेखि रहेका विभिन्न सवारी साधन तथा प्राप्त भएको जग्गाहरुको मूल्य खुलाई अध्यावधिक गरेको नदेखिएकोले पालिलकामा रहेका सवै सम्पत्ति तथा जिन्सीको मूल्यांकन गरी गराई जिन्सी अभिलेख अद्यावधिक गरिनु पर्दछ ।

• जिन्सी समानको मूल्यांकन गरी काम नलाग्ने र विक्री नहुने समानहरु मिन्हा गर्ने, तथा काम नलाग्ने तर विक्री हुन सक्ने समानहरु समयमै आवस्यक कारवाहि गरी लिलाम विक्रि गर्ने व्यवस्था गरी उत्तम जिन्सी व्यवस्थापन गर्नुपर्नेमा पालिकाको जिन्सी प्रतिवेदन अनुसार लिलाम तथा मिन्हाको लागि सिफारिस भएका मालसामानको कारवाहि प्रक्रिया सुरु नभएकोले नियमको पालना गरी जिन्सी व्यवस्थापन दक्ष र प्रभावकारी बनाउनु पर्दछ ।

• वर्ष भरिमा मर्मत गरिएका सामग्री र जिन्सी प्रतिवेदनमा औल्याइएका मर्मत गर्नुपर्ने सामग्रीको अलग अलग विवरण गरी कार्यालयका सामग्री खरिद वा मर्मत गर्दा वार्षिक बजेट विनियोजन यथार्थपरक बनाउनुपर्दछ ।

• स्वास्थ्य शाखा तथा अस्पतालमा हाल सम्म Logisitic Management Information system (LMIS) अन्तर्गत जिन्सी दाखिला हुँदै आएकोमा मन्त्रालयद्वारा प्रतिपादित Electronic Logisitic Management Information system (ELMIS) अन्तर्गत जिन्सी दाखिला गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **हेभी ईक्वीपमेन्टको आय स्थिति** - पालिकाले आफ्नो नाममा रहेको स्काभेटर, ब्याकहो लोडर जस्ता हेभि मेशीनहरुको उपयोग तथा दीगो व्यवस्थापन को लागि कार्य सञ्चालन सम्बन्धी कार्यविधि तयार गरी व्यवस्थित तरिकाले आय आर्जन समेत हुने गरी सञ्चालन गर्नु पर्दछ। पालिकाले खरिद गरेको एक जे.सि.बि. सञ्चालनमा रहेको छ । पालिकाले लगबुक भरेको आधारमा ६९० घण्टा जे.सि.बि. सञ्चालन भएको विवरण पेश भएको छ । लगबुकबाट मेसिन कुन योजनामा प्रयोग भएको हो, सो को आदेश कसले दिएको हो खुल्न आएन । पालिकाले मेसिनमा प्रयोग भएको ईन्धन खर्च देखिने गरी विवरण राख्ने गरेको पाइएन। पालिकाको आर्थिक ऐन अनुसार मेसिन भाडामा प्रयोग गर्ने दर प्रति घण्टा रू.५०००।- तोकिएको भएतापनी सञ्चालित योजनाहरुमा उक्त मेशीनहरु प्रयोग गरी पालिकाले रू.६,९५,४२१।- मात्र आम्दानी गरेको पाइयो। उपभोक्ता समितिले जे.सि.बि. प्रयोग गरेको अवस्थामा सोको अभिलेख राखी रकम दाखिला गरेको पाइएन साथै पालिकाको हेभि मेशीनरी सञ्चालन खर्च वृद्धि हुँदै गरेको भएतापनी सो उपकरणबाट आम्दानी न्यून हुने गरेको पाइयो । तसर्थ पालिकाले हेभि मेसिन सञ्चालन सम्बन्धी कार्यविधि बनाई सोबाट हुने आयलाई व्यवस्थित गरी राजश्व असुली चुहावट हुन नदिने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **कानुन निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानुनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १६ वटा ऐन, २ वटा नियमावली, ७५ वटा कार्यविधि तथा १ वटा निर्देशिका लगायत ९४ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । पालिकाले नमुना कानुनका आधारमा कार्यसञ्चालन निर्देशिका लगायतका आवस्यक कानुनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । संविधान तथा प्रचलित कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको विषय कार्यान्वयनका लागि आवश्यक कानुन बनाई संघीय तथा प्रदेश सरकारसँगको आवश्यक सहकार्य, समन्वय र साझेदारीमा जोड दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ९ वटा विवादहरु ३ महिना अवधि नाघेकोले तामेलीमा राखेको र यो बर्ष दर्ता भएका २२ विवाद गरी कुल ३१ वटा विवाद मध्ये २४ वटा फस्यौंट भई म्याद गुजार्ने प्रयास गर्ने, प्रतिवादी समयमा उपस्थित हुन नखोज्ने पदाधिकारीको कार्य व्यस्तता लगायतका कारण जनाई ७ वटा विवाद फस्यौंट हुन बाँकी देखिन्छ । त्यस अतिरिक्त वडा स्थित मेलमिलाप केन्द्रमा दर्ता भएको १४२ वटा विवाद मध्ये १२६ वटा फस्यौंट भई १६ वटा विवाद फस्यौंट हुन बाँकी रहेको छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **सेवा प्रवाह** - कार्यालयको मूख्य उद्देश्य हासिल गर्न सेवाग्राहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो। पालिकाले यस वर्ष आर्थिक, समाजिक र पूर्वाधार विकासका अतिरिक्त नियमित सेवा तर्फ पञ्जिकरण दर्ता २९०२, नागरिकता सिफारिस ३१५६, घरवाटो सिफारिस १०९१, नाता प्रमाणित ११४०, अन्य सिफारिस १२०२१ लयागतका सिफारिस तथा सेवा प्रवाह गरेको विवरण पेश गरेको छ । पालिकाबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाउनेतर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **वित्तीय जोखिम मूल्याङ्कन** - पालिकाले प्रदान गर्ने सेवाको बारेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको स्थानीय तह वित्तीय जोखिम मुल्याङ्कनमा यस पालिकाले आ.व.२०७८।७९ मा ९१.५१ प्रतिशत अङ्क हासिल गरेको छ भने स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कनको आधारमा पालिकाले आ.व. २०७८।७९ मा ९० प्रतिशत अङ्क प्राप्त गरेको पाइयो । पालिकाले क्षमता स्वमूल्याङ्कनका तथा जोखिम मूल्याङ्कनको क्रममा पत्ता लागेका जोखिमहरुको अभिलेख राखि नियन्त्रणको लागि कार्य योजना तयार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **तलबी प्रतिवेदन** - निजामती सेवा ऐन २०४९ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ।पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई पालिकाका कर्मचारीहरुको रू.२,८१,२८,००१।३२ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **संगठन तथा व्यवस्थापन सर्वेक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा शाखा तथा महाशाखा रहेको संगठन संरचना कायम हुने व्यवस्था रहेको छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(४) मा कर्मचारीको दरबन्दी प्रस्ताव गर्दा सेवा सुविधाको लागि लाग्ने खर्चको श्रोत समेत विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ३५ जना पदपूर्ती (२ दरबन्दी भन्दा बढी) भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका सि.डि.ई. १, प्रशासन अधिकृत सातौं १, लेखा अधिकृत सातौं १, आन्तरिक लेखापरीक्षण अधिकृत छैटौं १, सहायक पाँचौ २, सव इन्जिनियर २ सहित विभिन्न १४ पदहरु रिक्त रहेका छन् । त्यस अतिरिक्त पालिकाले व्यवस्थापन सर्वेक्षण गरी कर्मचारी दरबन्दी थप गरी २३३ जना कर्मचारीको दरबन्दी सभाबाट स्वीकृत गरेको देखियो । यसरी थप दरबन्दी प्रस्ताव गर्दा सेवा सुविधाको लागि लाग्ने खर्चको श्रोत विश्लेषण गरेको देखिएन र उक्त थप दरबन्दी प्रदेश निजामति किताबखानामा दर्ता समेत गरेको पाइएन । पालिकाले थप दरबन्दी स्वीकृत गरी देहाय अनुसार कर्मचारी सेवा करारमा नियुक्ती गरेको पाइयो ।

क्र.स.	पद	तह/श्रेणी	संख्या	विवरण	कैफियत
१.	मेडिकल अधिकृत	अधिकृतस्तर आठौं	२	नगर कार्यपालिकाको निर्णय बमोजिम दरबन्दी स्वीकृत गरी कामकाज	नगरपालिका आन्तरिक श्रोत
२.	सूचना प्रविधि अधिकृत	अधिकृतस्तर छैटौं	१	संघीय सरकारबाट ससर्त कार्यक्रम अन्तर्गत तलव भत्ता प्राप्त हुने गरी पदपूर्ति भएका पदहरु	PLGSP कार्यक्रम अन्तर्गत
३.	रोजगार संयोजक	अधिकृतस्तर छैटौं	१	संघीय सरकारबाट ससर्त कार्यक्रम अन्तर्गत तलव भत्ता प्राप्त हुने गरी पदपूर्ति भएका पदहरु	प्र.म रोजगार कार्यक्रम अन्तर्गत
४.	इन्जिनियर	अधिकृतस्तर छैटौं	१	नगर कार्यपालिकाको निर्णय बमोजिम दरबन्दी स्वीकृत गरी कामकाज	नगरपालिका आन्तरिक श्रोत
५.	कानुन अधिकृत	अधिकृतस्तर छैटौं	१	नगर कार्यपालिकाको निर्णय बमोजिम दरबन्दी स्वीकृत गरी कामकाज	नगरपालिका आन्तरिक श्रोत
६.	कृषि विकास अधिकृत	अधिकृतस्तर छैटौं	१	नगर कार्यपालिकाको निर्णय बमोजिम दरबन्दी स्वीकृत गरी कामकाज	नगरपालिका आन्तरिक श्रोत
७.	कृषि स्नातक प्राविधिक	अधिकृतस्तर छैटौं	१	संघीय सरकारबाट ससर्त कार्यक्रम अन्तर्गत तलब भत्ता प्राप्त हुने गरी पदपूर्ति भएका पदहरु	कृषि तथा पशुपन्छी विकास मन्त्रालयको बजेटबाट ससर्ततर्फ
८.	कम्प्यूटर अपरेटर	सहायक स्तर पाँचौं	१	नगर कार्यपालिकाको निर्णय बमोजिम दरबन्दी स्वीकृत गरी कामकाज	नगरपालिका आन्तरिक श्रोत

९.	बाल कल्याण अधिकारी	सहायकस्तर पाँचौं	१	नगर कार्यपालिकाको निर्णय बमोजिम दरबन्दी स्वीकृत गरी कामकाज	नगरपालिका आन्तरिक श्रोत
१०.	उद्यम विकास सहजकर्ता	सहायकस्तर पाँचौं	२	संघीय सरकारबाट ससर्त कार्यक्रम अन्तर्गत तलब भत्ता प्राप्त हुने गरी पदपूर्ति भएका पदहरु	संघीय ससर्ततर्फ MEDPA कार्यक्रम अन्तर्गत
११.	MIS Operator	सहायकस्तर पाँचौ	२	संघीय सरकारबाट ससर्त कार्यक्रम अन्तर्गत तलब भत्ता प्राप्त हुने गरी पदपूर्ति भएका पदहरु	पंजीकरण विभागको ससर्ततर्फ ५० % अनुदान अन्तर्गत
१२.	रोजगार प्राविधिक सहायक	सहायकस्तर पाँचौ	१	संघीय सरकारबाट ससर्त कार्यक्रम अन्तर्गत तलब भत्ता प्राप्त हुने गरी पदपूर्ति भएका पदहरु	प्र.म रोजगार कार्यक्रम अन्तर्गत
१३.	रोजगार सहायक	सहायकस्तर पाँचौ	१	संघीय सरकारबाट ससर्त कार्यक्रम अन्तर्गत तलब भत्ता प्राप्त हुने गरी पदपूर्ति भएका पदहरु	प्र.म रोजगार कार्यक्रम अन्तर्गत
१४.	फिल्ड सहायक	सहायकस्तर चौथो	१	संघीय सरकारबाट ससर्त कार्यक्रम अन्तर्गत तलब भत्ता प्राप्त हुने गरी पदपूर्ति भएका पदहरु	पंजीकरण विभागको ससर्ततर्फ ५० % अनुदानमा अन्तर्गत
१५.	अ.हे.व./अ.न.मी.	सहायकस्तर चौथो	६	नगर कार्यपालिकाको निर्णय बमोजिम दरबन्दी स्वीकृत गरी कामकाज	नगरपालिका आन्तरिक श्रोत
१६.	अमिन	सहायकस्तर चौथो	३	नगर कार्यपालिकाको निर्णय बमोजिम दरबन्दी स्वीकृत गरी कामकाज	नगरपालिका आन्तरिक श्रोत
१७.	प्रशासन सहायक	सहायकस्तर पाँचौ	१	नगर कार्यपालिकाको निर्णय बमोजिम दरबन्दी स्वीकृत गरी कामकाज	नगरपालिका आन्तरिक श्रोत
१८.	सामाजिक परिचालक	सहायकस्तर चौथो	२	नगर कार्यपालिकाको निर्णय बमोजिम दरबन्दी स्वीकृत गरी कामकाज	नगरपालिका आन्तरिक श्रोत
१९.	सुरक्षा गार्ड	श्रेणी विहिन	१	नगर कार्यपालिकाको निर्णय बमोजिम दरबन्दी स्वीकृत गरी कामकाज	नगरपालिका आन्तरिक श्रोत
२०.	अपाङ्गता सहजकर्ता	सहायकस्तर चौथो	४	प्रदेश सरकारबाट तलब भत्ता प्राप्त हुने गरी पदपूर्ति भएको पद	प्रदेश सामाजिक विकास मन्त्रालयको बजेटबाट
२१.	हेभी सवारी चालक	श्रेणी विहिन	१	नगर कार्यपालिकाको निर्णय बमोजिम दरबन्दी स्वीकृत गरी कामकाज	नगरपालिका आन्तरिक श्रोत
२२.	ट्याक्टर चालक	श्रेणी विहिन	१	नगर कार्यपालिकाको निर्णय बमोजिम दरबन्दी स्वीकृत गरी कामकाज	नगरपालिका आन्तरिक श्रोत

२३.	हलुका सवारी चालक	श्रेणी विहिन	३	नगर कार्यपालिकाको निर्णय बमोजिम दरबन्दी स्वीकृत गरी कामकाज	नगरपालिका आन्तरिक श्रोत
२४.	का.स.	श्रेणी विहिन	२१	नगर कार्यपालिकाको निर्णय बमोजिम दरबन्दी स्वीकृत गरी कामकाज	नगरपालिका आन्तरिक श्रोत
२५.	सरसफाई कर्मचारी	श्रेणी विहिन	९	नगर कार्यपालिकाको निर्णय बमोजिम दरबन्दी स्वीकृत गरी कामकाज	नगरपालिका आन्तरिक श्रोत

नगरपालिकाको आन्तरिक श्रोतबाट सेवा सुविधाबाट करार कर्मचारी पारिश्रमिकमा मात्र रू.१ करोड २३ लाख ४१ हजार खर्च गरेको स्थिती छ । उक्त खर्च कुल आन्तरिक आय रू.६ करोड ३३ लाख ३५ हजार को १९.४८ प्रतिशत रहेको छ । अतः आन्तरिक श्रोतबाट खर्च सुनिश्चितता नहुने अवस्थामा समेत नगरपालिकाले करारमा कर्मचारी नियुक्ति गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने देखियो।

सैद्धान्तिक बेरुजु

२६ **करार कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । तर पालिकाले विभिन्न पदमा ३४ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रू.१,२३,४०,९९८/- खर्च लेखेको छ ।

त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) बमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमामात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेक कृषि अधिकृत १, कानुन अधिकृत १, इन्जिनियर १, बाल कल्याण अधिकारी १, कम्प्यूटर अपरेटर १, सहायक पाँचौ १, कानूनी सल्लाहकार १, सहायक चौथो २, अमिन १ र खेलकुद एम्बासेडर १ लगायत ११ जना कर्मचारी करार सेवा मार्फत पदपूर्ति गरेको छ । सो मध्ये यस वर्ष पालिकाले कृषि अधिकृत १, कानुन अधिकृत १, इन्जिनियर १, सहायक चौथो २ प्रदेश लोक सेवा मार्फत स्थायी पदपूर्तिको लागि माग गरेको छ । त्यस अतिरिक्त पालिकाले बाल कल्याण अधिकारी १, कम्प्यूटर अपरेटर १, सहायक पाँचौ १, कानूनी सल्लाहकार १, अमिन १ र खेलकुद एम्बासेडर १ लगायत ६ जना स्वीकृत दरबन्दी बाहिरका कर्मचारी करारमा नियुक्ति गरी बर्ष भरीमा निजहरुको तलब भत्ता बापत रू.२४,९३,७०६/- भुक्तानी गरेको छ । यसरी स्वीकृत दरबन्दीमा समावेश नभएका तथा करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रू.

अनियमित भएको	२४,९३,७०६

२७ **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि, २०७७ पारित गरी लागु गरेको छ । सोही कार्यविधिमा कर्मचारीहरुको कार्यालय समयको अतिरिक्त काम गरेको समय तयार गरी कर्मचारीहरुलाई अंक प्रदान गर्ने र सोको विवरण सूचना प्रविधि शाखाबाट तयार गरी प्रशासन शाखाद्वारा प्रमाणित गरी अंकभारको आधारमा बढीमा शुरु तलब स्केलको २० प्रतिशतसम्म प्रोत्साहन भत्ता वितरण गर्न सक्ने व्यवस्था रहेकोमा पालिकाले सो व्यवस्था बमोजिम कर्मचारीहरुको अतिरिक्त समय काम गरेको विद्युतिय हाजिरी विवरणका आधारमा मुल्याङ्कन नगरी सबै कर्मचारीहरुलाई मासिक

तलबको २० प्रतिशत रकम प्रोत्साहन बापत पारिश्रमिक शीर्षकबाट यस वर्ष पौष महिनासम्म रू.३२,११,७९०।- खर्च गरेको छ । पालिकाले प्रोत्साहन वितरण गर्दा विद्युतिय हाजिरी प्रमाणित गरी कार्यविवरण तयार गरेर सोही आधारमा भत्ता वितरण गर्नुपर्नेमा कार्यविधिको पालना नगरी प्रोत्साहन भत्ता बापत खर्च लेखेको रकम नियमसम्मत देखिएन।

सैद्धान्तिक बेरुजु

२८ **कर्मचारी कल्याणकोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले योगदानमा आधारित उपदान वा निवृत्तभरण , औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउनको लागि खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले २०७६ श्रावण पछि नियुक्त कर्मचारीको हकमा निजको तलबबाट ६ प्रतिशत कट्टा र सोही बराबर थप गरी योगदानमा आधारित निवृत्तिभरण कोषमा जम्मा गरे तापनि अन्य कर्मचारीको हकमा ऐन बमोजिमको रकम कट्टा गरी अवकास कोषमा जम्मा गर्ने गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२९ **धरौटी फिर्ता** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२४ (२) मा कार्यालयले रिटेन्सन मनि फिर्ता भुक्तानी गर्दा सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले कर विवरण पेश गरेको प्रमाण कागजात नलिई भौ नं. ४६ बाट महिमा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. ली.लाई रू.२,२६,४२७।- रिटेन्सन मनि फिर्ता गरेको देखियो । अतः पालिकाबाट भुक्तानी लिएको मूल्य अभिवृद्धि कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा समायोजन गरेको पत्र पेश हुनुपर्ने रू.

प्रमाण पेश नगरेको	२,२६,४२७

३० **आर्थिक सहायता**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था छैन । यस वर्ष पालिकाले विभिन्न खर्च शीर्षकमा बजेट विनियोजन गरी नगरपालिका प्रमुखको तोक आदेश तथा सम्बन्धित वडा समितिको निर्णय बमोजिम विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रू. ३३८२७६९/- राहत स्वरुप आर्थिक सहायता वितरण गरेको छ । पालिकाले नगरप्रमुखको तोकआदेश मार्फत आर्थिक सहायता वितरण गर्ने गरी कनकाई नगरपालिकाको आर्थिक सहायता कार्यविधि, २०७७ तयार गरेकोमा वडा सचिव समेतलाई पेस्की दिई वडा समितिको निर्णय बमोजिम सहायता वितरण गर्ने गरेको पाइएकोले कार्यविधि बमोजिम सहायता वितरण भएको पाइएन । त्यस अतिरिक्त पालिकाले गरिब तथा विपन्न नागरिकको स्वास्थ्य संस्थासम्मको पँहुचलाई सहज बनाउन विपन्न नागरिकहरुको निःशुल्क स्वास्थ्य बीमामा समेत यस वर्ष रू.१२,३०,७५०।- खर्च गरेको छ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **वितरणमुखी खर्च** - स्थानीय तहले योजना छनोट गर्दा रोजगारी सृजना हुने जन जीवनस्तर उठाउने आय आर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरुको छनोटमा ध्यान दिनुपर्दछ। पालिकाले संघीय सरकारबाट सिमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक आय पनि सिमित रहेको अवस्थामा सिमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रित भई योजनाहरु कार्यान्वयन गर्नुपर्नेमा प्रस्तावनाका आधारमा नगरप्रमुखको तोकआदेशले वितरणमुखि योजना र कार्यक्रमहरु सञ्चालन गर्ने गरेको देखियो । यस्तो योजना र कार्यक्रमहरुले पालिकाको अर्थतन्त्रमा उल्लेखनिय योगदान नपुर्‍याउने तथा पालिकाको

आर्थिक व्यभार बढन गई प्राप्त आयले धान्न नसक्ने हुनाले यस्तो खर्चमा सुधार हुनुपर्दछ। यस सम्बन्धी केही उदाहरण निम्नानुसार छन्:

(विस्तृत विवरण बेरूजु दफा ३१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

सैद्धान्तिक बेरुजु

३२ **ठेक्काको अभिलेख** - ठेक्काबाट भएको कामको अभिलेख कायम हुनेगरी सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेस्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः ठेक्का व्यवस्थापनलाई व्यवस्थित तथा पारदर्शी बनाउन स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाको सुत्रको विवरण अनुसार विविध खर्चमा पालिकाले कुल रू.२७,११,२९१/- खर्च गरेको छ त्यस अतिरिक्त पालिकाले सभा सञ्चालन, कार्यपालिका बैठक लगायतमा खाना खाजाबापत रू.७,५०,०००।— खर्च लेखेको छ । पालिकाले के कुन कार्यक्रमा, सहभागी संख्या नखुलाई विभिन्न होटल तथा रेस्टुराँको बिल भरपाई संलग्न गरी खाना खाजा लगायतका खर्च गर्ने गरेकोले पालिकाको विविध खर्चको यर्थाथता परिक्षण गर्न सकिएन । उक्त रकम पालिकाको कुल आन्तरिक आय .६ करोड ३३ लाख ३५ हजार को ५.४६ प्रतिशत हुन आउँछ। पालिकाले विविध खर्चमा नियन्त्रण गर्न प्रयोजन खुलाई आन्तरिक आयको परिधि भित्र रही खर्चलाई मितव्ययी बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३४ **खरिद कारवाही अभिलेख** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीको छुट्टै फाइल खडागरी नियम १४९(२) मा उल्लिखित कागजातहरु संलग्न राखु पर्ने तथा नियम १४९(३) मा उक्त अभिलेख खरिद कारवाही टुङ्गो लागेको कम्तिमा सात वर्षसम्म सुरक्षित राख्नुपर्ने उल्लेख छ । पालिकाले गरेको खरिद कार्यको अभिलेख राखेको देखिएन । खरिद तथा योजनाहरुमा हुनसक्ने दोहोरोपना नियन्त्रण गर्नका लागि नियमावलीको व्यवस्था बमोजिम कागजात संलग्न राखि अभिलेख तयार गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३५ **पेस्कीतर्फ**

३५.१ **पेस्की बाँकी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेस्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेस्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले कमला विश्वकर्मालाई दिएको पेस्की रू.२०,०००।- आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई बाँकी रहेको देखिन्छ। फर्स्यौट गर्न बाँकी म्याद नाघेको पेस्की रू.

पेस्की	२०,०००

३५.२ **म्याद ननाघेको पेस्की-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेस्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकामा यस

वर्ष एकीकृत स्वास्थ्य पूर्वाधार निर्माण कार्यक्रम अन्तर्गत पन्ध्रशैया आधारभुल अस्पताल निर्माण कार्यको निर्माण व्यवसायी कार्की बन्धु कन्स्ट्रक्सनको रू.३९,३९,०७२।- पेस्की बाँकी रहेको देखिन्छ ।उक्त पेस्की रकम आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्र्यौट तथा गत विगतका पेस्कीको समेत एकीकृत हिसाव कायम गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३५.३ **गत विगतको पेस्की -** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५३ मा तोकिएको समयमा पेस्की फस्र्यौट नगरेका कर्मचारी वा अन्य व्यक्तिको फस्र्यौट गर्न बाँकी पेस्कीको विवरण हरेक महिना समाप्त भएको ३ दिनभित्र कार्यालय प्रमूख समक्ष पेश गरी ढिलो फस्र्यौट गरिएका पेस्की फस्र्यौट गर्न तोकिए बमोजिम ताकेता गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाको सूत्र प्रणाली अनुसार गत विगतसम्मको पेस्की रकम रू.७३,८७,९३०।६७ लेखापरीक्षण अवधिसम्म फस्र्यौट नगरेको र ताकेता समेत भए गरेको देखिएन। पालिकाले नियमावलीको पालना गरी गत विगतको पेस्की रकम फस्र्यौट गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३६ **समपुरक अनुदान रकमबाट प्रोत्साहन भत्ता -** ससर्त अनुदानको रकम जुन विषय क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्त हुने हो सोही योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्नुपर्दछ । पालिकाले संघीय समपुरक योजना जनपथ मार्थ निर्माण शीर्षकबाट स्वास्थ्य शाखाका दुई जना कर्मचारी श्री खगेन्द्र दंगाल र श्री नारायण अधिकारीलाई रू.५२,४२६।- का दरले प्रोत्साहन भत्ता भुक्तानी गरेको देखिएकोले भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार बनाई संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	१,०४,८५२

३७ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

३८ **सहकारी नियमन -** कन्काई नगरपालिकाको सहकारी ऐन, २०७८ को दफा ७४ अनुसार सहकारी दर्ता गर्ने अधिकारीले आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र सहकारी संस्थाको निरीक्षण गरी सञ्चालनमा रहेको संस्थाहरुको विवरण, अनुगमन गरेको सहकारी संस्थाको संख्या, आर्थिक कारोबारको विवरण, सहकारी कानुन पालनाको अवस्था, सहकारीमा सदस्यको सहभागिता तथा सदस्यले सहकारीबाट प्राप्त गरेका सुविधा लगायतका व्यहोराहरु खुलाई वार्षिक प्रतिवेदन पालिका समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । यस पालिकाबाट उपलब्ध विवरण अनुसार पालिकाभित्र कुल १७ सहकारी संस्था दर्ता रहेकोमा पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट उक्त सहकारी संस्थाहरु मध्ये ९ वटा सहकारीहरुको अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन पेश भएकोमा सहकारी संस्थाहरुले तोकिएको समयमा वार्षिक साधारणसभा गर्ने नगरेको, सहकारी संस्थाहरुले उद्देश्य अनुरुप मुख्य कारोवार गर्ने नगरेको तथा संस्थाहरुले नगरपालिकामा चौमासिक विवरण पेश गर्ने नगरेको लगायतका समस्या देखिन आएको छ । साथै प्राप्त

विवरण अनुसार एउटा सहकारी विरुद्ध बचतकर्ताहरुको निक्षेप रकम फिर्ता सम्बन्धमा पालिकामा उजुरी भएकोमा पालिकाले रकम फिर्ताका लागि सहजिकरण गरेको व्योहोरा जनाएको छ । सहकारी सुशासनको कमजोर अवस्था भएकोमा संस्थागत सुशासनमा सुधार ल्याउन सहकारी शाखा र सहकारी संस्थाको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालनमा ल्याउनुपर्दछ । साथै सहकारीको वर्तमान अवस्थामा आएको कार्य संचालनको विचलनलाई रोक्न तथा सर्वसाधारण नागरिकको बचतको सुरक्षा र उद्धेशयप्रति प्रतिवद्ध गराउन पालिकावाट सहकारीको पर्याप्त नियमन हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३९ **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४० **बिल भरपाई पेश नगरी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च लेख्नु अघि जिम्मेवार व्यक्तिले त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले देहायबमोजिमको कार्यक्रममा संलग्न बिल भरपाई भन्दा बढी भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रू.

भौ नं.	कार्यक्रमको नाम	भुक्तानी लानेको नाम	भुक्तानी रकम	बिल भरपाई	बढी भुक्तानी
		नगरपालिका चालुतर्फ			
१७७९	पुजा आर्थिक सहयोग	कुटुरु राजवंशी	२२५००	७९३०	१४५७०
१७७८	योजना, कार्यक्रम तथा आर्थिक ऐन लेखन बैठक भत्ता	सम्झना तवारी	४०२५००	३९३०००	९५००
१४५६	विपद व्यवस्थापनको खर्च	नेपाल रेडक्रस सोसाइटी	७५०००	०	७५०००
		सुचना प्रकाशन चालुतर्फ			
८१	सुचना प्रकाशन खर्च भुक्तानी	कन्काई साप्ताहिक	२५०००	०	२५०००
		स्वास्थ्य चालु			
७०	महिला स्वास्थय स्वयम सेबिका कार्यक्रम	खगेन्द्र दगाल	५४०००	०	५४०००
		स्वास्थ्य पुँजीगत			
२४	विभिन्न सामग्री खरिद	कन्काई नगरपालिका	१९६०५५	०	१९६०५५
		ससर्त चालुतर्फ			

१४१	वार्षिक शैक्षिक स्थिती प्रतिवेदन तयारी	रोहित पौडेल	५७२००	३८४००	१८८००
४०४	मातृ तथा नव शिशु कार्यक्रम	खगेन्द्र दंगाल	३५००००	३२७९२०	२२०८०
जम्मा					**४१५००५**

✂ .... (प्रारम्भिक प्रतिवेदन उपर असुल गरी दाखिला भएको आधारमा मिति २०८१।१।२ को निर्णयबाट रू.१२,४९३।- सम्परीक्षण गरिएको ।)

असुल गर्नुपर्ने	४,१५,००५

४१ **खर्चको पुष्टयाई -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम कार्यालयले स्वीकृत बजेट खर्च गर्दा खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा नगरपालिकाले देहायको विवरण अनुसार गरेका खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न नगरी खर्च लेखेको देखियो। तसर्थ सो को प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रू.

(विस्तृत विवरण बेरूजु दफा ४१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	२,७४,७६२

४२ **कर दस्तुर एवं आन्तरिक आय**

४२.१ **आन्तरिक राजस्व अनुमान तथा असुली -** यो वर्ष नगरपालिकाले जम्मा रू. १७,६२,३७,६५५।— आन्तरिक आम्दानी गर्ने लक्ष्य राखेकोमा रू. ६,३३,३४,६४१।०१ आम्दानी गरेकोले लक्ष्यको तुलनामा रू.११,२९,०३,०१३।९९ (६४.०७ प्रतिशत) घटी आम्दानी गरेको देखियो । आम्दानी रकम हिसाव गरी सुत्रमा आम्दानी नवाधेको कारण सुत्रमा आन्तरिक आय शुन्य देखिएको छ । नगरपालिकाले आफ्नो आयको सबै स्रोतको सम्भावित परिमाण, सङ्ख्या, क्षेत्रफल यकिन गरी सभाले स्वीकृत गरेको दर अनुसार हुने आय यकिन नगरेकोले अनुमानित आय र वास्तविक असुली बीच अन्तर रहेको छ । नगरपालिकाभित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली प्रभावकारी मान्न सक्ने अवस्था देखिएन । आफ्नो क्षेत्रभित्रका करदाताहरुको लगत (म.ले.प.फा. नं. ११२) र करदाताको गोस्वारा लगत फारम (म.ले.प.फा. नं. ११३), तयार गरी करयोग्य आय भएका सबैलाई करको दायरामा ल्याउनु पर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ४२.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

सैद्धान्तिक बेरुजु

४२.२ **राजश्वको अभिलेख -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २८ ले राजश्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष राजश्व आम्दानीतर्फ राजस्वको अभिलेख व्यवस्थापनको सफ्टवेयरमा दैनिक राजश्व आम्दानी खाता (म.ले.प.फा.नं. १०२), राजस्व आम्दानीको गोस्वारा खाता (म.ले.प.फा. नं. १०५), व्यवस्थित गरे तापनि राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०६), राजस्व आम्दानीको दैनिक बैङ्क भौचर प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०७) राखेको देखिएन । पालिकाले अनिवार्य रुपमा राख्नुपर्ने खाताहरुको प्रयोग गरी आन्तरिक आयको लेखाङ्कनलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।

रसिद नियन्त्रण खाता - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमको नगदी रसिद जारी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्छ । लेखापरीक्षणको क्रममा पालिकाको पशुसेवा शाखामा नगदी रसिद प्रयोग गरेको देखिए देखियो । अन्य शाखामा नगदी रसिदको प्रयोग भए नभएको जानकारी प्राप्त हुन सकेन । पालिकाले छपाई गरेको वा मौज्दातमा रहेको रसिद र यो वर्ष प्रयोग भएको रसिदको अवस्था खुल्ने

गरी रसिद नियन्त्रण खाता राखेको पाइएन । रसिद नियन्त्रण खाताको व्यवस्थित अभिलेख नहुँदा आर्थिक वर्षभरी जारी गरीएका सवै नगदी रसिदबाट हुनुपर्ने आम्दानी प्राप्त भयो भएन एकिन हुन सकेन । कार्यालयले प्रयोग गर्ने रसिदको व्यवस्थित अभिलेख राखी सवै रसिदबाट उठेको रकम दाखिला भएको एकिन गर्नु पर्दछ ।

राजस्व दाखिला - आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व ऐन, २०७६ को दफा २७(१) मा कार्यालयले प्राप्त गरेको राजस्व सोही दिनमा भोलिपल्ट दाखिला गर्नु पर्ने उल्लेख छ। वडाबाट लामो समय पछी एकमुष्ठ रुपमा राजस्व दाखिला गर्ने गरेको देखियो। ऐनको व्यवस्था अनुसार राजस्व समयमै दाखिला गर्ने गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४२.३ **व्यवसाय कर -** पालिकाको आर्थिक ऐन, २०७९ मा नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाईने र असुल गरिने उल्लेख छ ।यो वर्ष पालिकाले व्यवसाय कर रू. १७ लाख १२ हजार र व्यवसाय दर्ता शुल्क रू. १० लाख ४९ हजार असुल गरेको छ । पालिका क्षेत्र भित्र साना तथा ठुला होटल, रेष्टुरेण्ट, रिसोर्ट, कपडा पसल, जुत्ता चप्पल, हार्डवयरहरु, किराना पसल जस्ता व्यवसाय सञ्चालनमा रहे तापनि तिनीहरूबाट व्यवसाय कर प्राप्त नगरेकोले पारित आर्थिक ऐनको पालना गरी व्यवासाय कर उठाउनु पर्दछ ।

अन्य व्यवसाय कर - नगरपालिकाको आर्थिक ऐन, २०७९ मा पालिका क्षेत्रमा स्थापना भएका घरेलु तथा साना उद्योगहरुमा पूँजी लगानीको हिसावले रू. ७०० देखि ८००० सम्म र अन्य सबै प्रकारका उद्योगहरुमा पुँजी लगानीको हिसावले रू. २००० देखि १०,००० सम्म व्यवसाय कर लगाई असुल उपर गरिने उल्लेख छ । पालिकाले आफ्नो क्षेत्रमा रहेका उद्योगहरुको अभिलेख र असुल भएको कर र बक्यौता करको विवरण पेश गरेको छैन । व्यवसाय दर्ता, व्यवसाय कर तथा अन्य व्यवसाय कर उठाउने गरी सभाले आर्थिक ऐन पारित गरेको भए तापनि नगरपालिकाले यो वर्षको व्यवसाय दर्ता, व्यवसाय कर तथा अन्य व्यवसाय करको अनुमान शून्य गरेको छ । सभाले लगाएको कर असुली तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

होटल व्यवसाय कर - नगरपालिकाको आर्थिक ऐन, २०७९ मा पालिका क्षेत्रमा स्थापना भएका होटलहरुबाट पुँजी लगानीको हिसावले रू. १००० देखि २०,००० सम्म कर असुल गरिने उल्लेख छ । पालिकाले आफ्नो क्षेत्रमा रहेका होटलहरुको अभिलेख, असुल भएको कर र बक्यौता करको विवरण पेश गरेको छैन । होटल व्यवसायबाट कर उठाउने गरी सभाले आर्थिक ऐन पारित गरेको भए तापनि नगरपालिकाले यो वर्ष व्यवसाय दर्ता, व्यवसाय कर तथा अन्य व्यवसाय करको अनुमान शून्य गरेको छ । यो वर्ष व्यवसाय दर्ता शीर्षकमा रू. १० लाख ४९ हजार र व्यवसाय कर रू. १७ लाख १२ हजार असुल भएको आर्थिक विवरणबाट देखिएको छ । पालिकाले स्वतस्फूर्त कर तिर्ने व्यक्तिबाट प्राप्त भएको कर संकलन गरे पनि सबै कर दाताबाट कर संकलन गर्न प्रयास गरेको देखिएन । सभाले लगाएको कर असुलीतर्फ पालिकाको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४२.४ **सामुदायिक वनबाट आय -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ । पालिकाको क्षेत्रभित्र रहेका २ सामुदायिक वन उपभोक्ता समूहबाट यो वर्ष राजस्व प्राप्त भएको नदेखिएकोले अभिलेख राखी वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी असुल गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४२.५ **बक्यौता विवरण -** नगरपालिकाले आर्थिक ऐन अनुसार प्राप्त हुनु पर्ने करदाताको अभिलेख तयार गरी प्राप्त हुनुपर्ने करको हिसाव, बक्यौता करको अभिलेखसमेत तयार गर्नु पर्नेमा गरेको छैन ।करको अभिलेख तथा कर असुलीमा देखिने उदासिनताले कर नतिर्ने व्यक्ति वा संस्था करको दायरा बाहिरै रहने र कर तिर्ने व्यक्ति निरन्तर करको मारमा पर्ने अवस्था सृजना भै कर प्रति नकारात्मक भावना विकसित हुने जोखिम रहन्छ । अतः सभाले निर्धारण गरेबमोजिमको कर असुली गर्न पालिका प्रशासन कृयाशील हुनु पर्दछ।

सैद्धान्तिक बेरुजु

४३ **नदीजन्य पदार्थ उत्खनन् र विक्री -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) वमोजिम नगरपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा ढुँगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्रि गर्नसक्ने व्यबस्था छ । नगरपालिकाले यस बमोजिम आ.व. २०७९।८० को लागि उत्खनन पूर्व प्रारम्भिक वातावरणीय मूल्याँकन तथा परिक्षण, आई ई ई गरी प्रतिवेदन लिएका देहायका नदी तथा खोलाहरुमा वर्षमा ९ महिना (असार, साउन र भदौमा उत्खनन नगरिने शर्तमा) विक्री गर्नसक्ने परिमाण र विक्री परिमाणको अवस्था निम्नानुसार रहेको देखिन्छः

सि.नं.	खोला/ नदी	उत्खनन गर्न सकिने परिमाण घ.मि.		
		ढुँगा, गिट्टी, ग्राभेल	बालुवा	जम्मा
	बिरिङ नदी			
१.	प्रजापति बिरिङ टाङटिङ दोभान	३०००	७०००	१००००
२.	बिरिङपुल उत्तर	८१००	१८९००	२७०००
३.	बिरिङपुल दक्षिण	४०००	१६०००	२००००
४.	मन्सापुर खाडी वस्ति	२५००	१००००	१२५००
५.	सुकुम्वासी टोल	११२५	१०१२५	११२५०
६.	घैलाडुब्बा क्षेत्र बाटोमाथि	२१००	४९००	७०००
७.	घैलाडुब्बा क्षेत्र बाटोतल	१३५०	३१५०	४५००
	ठेक्का सूचना निकालेको परिमाण	**२२१७५**	**७००७५**	**९२२५०**
	कन्काई क्षेत्र			
८.	राजमार्ग पुल ११२५ मिटर उत्तर र झोलुङ्गेपुल ६५० दक्षिण क्षेत्रको शिवसताक्षी र कनकाईको सँयुक्त परिमाण	३२४००	४८६००	८१०००
	ठेक्का सूचना निकालेको परिमाण	**१७८४.२**	**६०५३.०५**	**७८३७.०७**

पालिकाले विरिङ नदिक्षेत्रको ९२२५० घनमिटर र कन्काई क्षेत्रको ७८३७ घनमिटर नदीजन्य पदार्थको विक्री गरेको देखियो। कन्काई क्षेत्रको बिक्रीयोग्य नदिजन्य पदार्थ ८१००० रहेकोमा ७८३७ (८.४४ प्रतिशत) मात्र विक्री गर्न सकेको देखियो । नदिजन्य पदार्थको गैर कानूनी तरिकालेले हुने उपयोग तथा चोरी निकासी जस्ता कृयाकलाप नियन्त्रण गरी क्षमता अनुसारको परिमाणमा विक्री गरी राजस्व बृद्धि गर्न प्रयास गर्नु पर्दछ ।

सि.नं.	खोला/नदी	ठेक्का विवरण			
		परिमाण	लागत अनुमान	कबोल रकम	मु अ कर वाहेक असुली १० प्रतिशत छुट पछिको
१	बिरिङ नदी	९२२५०	१६३५५९५३	१९१९१९९१	१५२८५६८०
२	कन्काई क्षेत्र	७८३७.०७	१६७११२५	१६७६५००	१५२८१३७
	जम्मा		**१८०२७०७८**	**२०८६८४९१**	**१६८१३८१७**

सैद्धान्तिक बेरुजु

४४ **घैलाडुब्बा बजार क्षेत्रको हाटबजार कर-** पालिकाको सुरुङ्गा र बजार क्षेत्रको हाटबजारबाट कर सँकलन गर्न नगरपालिकाले रू. २०,००,०००।- सँकलन हुने अनुमान गरी २०७९।३।१३ मा प्रकाशन गरेकोमा ३ बटा दरभाउपत्र पर्न आएको देखियो। बढि कबोल गर्ने नितु कन्सट्रक्सनले मुअकर समेत रू.२३,०५,२००।- कबोल गरेको देखिन्छ । मुअकर बाहेकको रकममा रू.२०,४०,०००।- मा एकमुष्ठ बुझाएकोले १० प्रतिशतले हुने रू.२,०४,०००।- छुट गरी रू.१८,३६,०००।- पालिकामा र मुअकर रू.२,६५,२००।- ठेकेदारले २०७९।६।९ मा राजस्व खातामा जम्मा गरी भौचर पेस गरेको छ।
दूर्गापुर बजार क्षेत्रमा रू.२,००,०००।- को लागत अनुमान तयार गरी सूचना गरेकोमा बोलपत्र नपरेको कारण कर असुली भएको देखिएन । आम्दानीको सहि अनुमान र बजार व्यवस्थित गरी कर असुल हुने वातावरण निर्माण गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४५ **सडक सुधार शुल्क** - पालिकाले बिरिङ नदि क्षेत्रमा सडक सुधार शुल्क रू.४१,६९,७००।- र कन्काई क्षेत्रमा रू.३,७८,०००।- लागत अनुमान तयार गरी ईविड मार्फत दरभाउपत्र आव्हान गरेकोमा पहिलो पटक बिरिङ नदी क्षेत्रको लागि सबैभन्दा बढी रू.४२,११,१११।- मू.अ.कर समेत कबोल अङ्क रहेको गैंडे निर्माण सेवाको बोलपत्र स्वीकृत भएको देखिन्छ ।

सि.नं.	खोला/नदी	ठेकेदार	लागत अनुमान	कबोल रकम	मुअकर वाहेक असुली १० प्रतिशत छूट पछिको
१	बिरिङ नदी	गैंडे निर्माण सेवा	४१६९७००	४२११११११	३३५३८००
२	कन्काई क्षेत्र	सिद्धार्थ सृष्टी निर्माण सेवा	३७८०००	९००००	७९६४६
		जम्मा	**४५४७७००**	**४३०११११**	**३४३३४४६**

कन्काई क्षेत्रमा रू.३,७८,०००।- को लागत अनुमान तयार गरी २ पटक सम्म सूचना प्रकाशन गर्दा पनि कुनै दरभाउपत्र पर्न नआएकोले तेस्रो पटक हार्डकपी विडबाट निर्माण व्यवसायीहरुसँगै दरमाग गरेकोमा सिद्धार्थ सृष्टी निर्माण सेवासेवाले एकमुष्ठ रू.९०,०००।- कबोल गरेको गरेकोले सोही रकममा सम्झौता गरी राजस्व प्राप्त गरेको छ ।

सैद्धान्तिक बेरुजु

४६ **विज्ञापन कर** - पालिकाको सूचना अनुसार तेस्रो पटक साईनहव प्रा.लि. को रू.५,७६,३००।- मू.अ.कर समेतको एक मात्र दरभाउपत्र दाखिला भएकोले निजको बोलपत्र स्वीकृत गरी आसयको पत्र पठाएकोमा सम्झौताको लागि उपस्थित नभएको कारण पालिकाले बोलकबोलबाट विज्ञापन कर असुल गरेको छ । उक्त बोलपत्रदाताले राजस्व रू. ५,०५,०००।- पालिकामा र सो को मुअकर रू.७२,९३५।- आन्तरिक राजस्व कार्यालय बिराटनगरमा दाखिला गरे तापनि सोको प्रमाण सहित सम्झौताको लागि

उपस्थित नभएकोले निजले जम्मा गरेको विज्ञापन कर रकम सम्वन्धमा पालिकाले टुङ्गो लगाएको देखिएन । सम्झौता गर्न उपस्थित नभएको बोलपत्रदातालाई बोलपत्रको शर्त तथा सार्वजनिक खरिद कानुन बमोजिम कारवाही गरी उक्त कर रकमको सम्वन्धमा टुङ्गो लगाउनु पर्दछ रू.

प्रमाण पेश नगरेको	५,०५,०००

४७ **मूल्य अभिबृद्धि कर दाखिला** - पालिकाले बिज्ञापन शुल्क वापत रू. ५,००,०००।- संकलन हुने अनुमान गरी २०७९।३।१३ मा सूचना प्रकाशन गरेकोमा दरभाउपत्र दाखिला हुन नआएकोले पुन २०७९।४।३ मा दोस्रो सूचना प्रकाशन गरेको देखिन्छ। दोस्रोपटक पनि दरभाउपत्र नपरेकोले पुन सूचना गर्दा तेस्रोपटक साईनहव प्रा.लि. को रू. ५,७६,३००।- मू.अ.कर समेतको एकमात्र दरभाउपत्र दाखिला भएकोले निजको बोलपत्र स्वीकृत गरी आसयको पत्र पठाएकोमा सम्झौताको लागि उपस्थित नभएको कारण खुल्ला डाँक बढावढबाट मूल्य अभिबृद्धि करसमेत रू.५,०५,०००।- कबोल गर्ने ऋतिक मिडिया प्रा.लि. सँग सम्झौता गरेको देखिन्छ। निजले सम्झौताको समयमा पहिलो किस्ता रू.२,५२,५००।- र दोस्रो किस्ता २०८०।३।३१ मा रू. २,५२,५००।- बुझाएकोमा पालिकाले उक्त मूल्य अभिबृद्धि कर दाखिला गरेको देखिएन । उक्त कर दाखिला गरी सोको प्रमाण पेश हुनु पर्ने रू.

असुल गर्नुपर्ने	५८,०९७

४८ **विभाज्यकोषको रकम बाँडफाट नगरेको**

क) नदिजन्य पदार्थ संकलन तथा विक्री - प्रदेश आर्थिक ऐन, २०७९ को दफा ६ मा प्राकृतिक स्रोत संकलन तथा विक्री शुल्कको संकलित रकम स्थानीय बिभाज्यकोषमा जम्मा गरी ४० प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चितकोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले नदिजन्य पदार्थ संकलन तथा विक्री गरी यो वर्ष देहायअनुसार रू.१,६८,१३,८१७।— संकलन गरेकोमा उल्लिखित ऐन बमोजिम संकलित रकमको ४० प्रतिशतले हुने रू.६७,२५,५२७।- प्रदेश सञ्चितकोषमा दाखिला गरेको देखिएन । अतः संकलित रकमको ४० प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गरी सो को प्रमाण पेश गर्नु पर्ने रू.

ख) विज्ञापन कर - बिभाज्यकोषबाट प्रदेश आर्थिक ऐन २०७९ को दफा ९ मा स्थानीय तहको केन्द्र लगायत मुख्य मुख्य बजार तथा व्यापारिक केद्रहरुमा नगरपालिकाले विज्ञापन कर असुल सँकलन गर्ने र संकलित रकम स्थानीय बिभाज्यकोषमा जम्मा गरी ४० प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चितकोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार पालिकाले सँकलन गरेको रू.५,०५,०००।- विभाज्यकोषमा दाखिला गरी प्रदेश कानुन अनुसार ४० प्रतिशतले हुने रू.२,०२,०००।- प्रदेश सञ्चितकोष दाखिला गर्नु पर्ने रू.

ग) मनोरञ्जन कर - प्रदेश आर्थिक ऐन, २०७९ दफा ५(६) अनुसार मनोरञ्जन करबाट संकलित रकमको ४० प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष मनोरन्जन कर बापतको रकम रू. १६,१०,७९६।- असुल गरेकोमा सोको ४० प्रतिशतले हुने रकम रू. ६,४४,३१८।४० प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेमा सो रकम दाखिला गरेको पाइएन । अतः संकलित रकमको ४० प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गरी सो को प्रमाण पेश गर्नु पर्ने रू.

प्रमाण पेश नगरेको	७५,७१,८४५

४९ **अस्पताल भवन निर्माण (ठेक्का नं. KANAKAI।NCB।WORKS।५।०७७।७८)-** नगरपालिकाले रू. ७,५६,४६,९४०।१४ लागत अनुमान रहेको १५ शैयाको अस्पताल निर्माण कार्य कार्यदिश भएको मिति (२०७८।९।३०) ले २४ महिना (२०८०।९।३०) भित्र सम्पन्न गर्ने गरी निर्माण व्यवसायी कार्की बन्धु कन्सट्रक्सनसँग २०७८।६।२१ मा रू.५,६५,१९,५३८।८९ को खरिद सम्झौता गरेको छ । उक्त कार्यमा यो वर्ष तेस्रो रनिङ बिलसम्म रू.१,७३,९२,५३३।४४ भुक्तानी भएको छ । उक्त खरिद सम्झौता सम्वन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्-

४९.१ **बढी रकमको भुक्तानी आदेश-** निर्माण व्यवसायी कार्की बन्धु कन्सट्रक्सनको तेस्रो रनिङविल रू.८७,६२,७८६।५२ पेस भएकोमा पालिकाले रू.१४,५५,७९७।- को एउटा भुक्तानी आदेश र रू. ७८,२४,०००।- को एउटा भुक्तानी आदेश गरी २ वटाबाट रू.९२,७९,७९७।- भुक्तानी आदेशबाट निर्माण व्यवसायीको खातामा निकासा दिएको देखियो । ठेक्का बिलभन्दा बढी भुक्तानी दिएको रू.५,१७,०१०।- निर्माण व्यवसायीबाट असुल गर्नु पर्दछ रू.

असुल गर्नुपर्ने	५,१७,०१०

४९.२ **बढी भुक्तानी-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायी कार्की बन्धु कन्सट्रक्सनको तेस्रो रनिङविल रू. ८७,६२,७८६।५२ रहेकोमा पालिकाले रू.१०,००,०००।- पेस्की कट्टा गरी भुक्तानी दिँदा रू.७७,६२,७८६।५२ को भुक्तानी आदेश रू.७८,२४,०००।- बजेट खर्च लेखी भुक्तानी दिएकोले ठेक्काबिलभन्दा बढी भुक्तानी दिएको रू.६१,२१३।४८ असुल गर्नु पर्दछ रू.

असुल गर्नुपर्ने	६१,२१३

४९.३ **बढी तौल गणना -** भवन निर्माणमा प्रयोग भएको फलामे छडको गुणस्तर परीक्षण प्रतिवेदनमा तीनवटा टेष्ट को औषतमा गणना गर्दा २५ एम एम, २० एम एम र १६ एम एमको छडको तौल मिटर क्रमसः ३.८०, २.४५ र १.५५ केजी रहेको देखिन्छ। पालिकाले २५ एम एमको छडको प्रतिमिटर ३.८६ के.जी., २० एम एमको २.४७ के.जी. र १६ एम एमको १.५८ के.जी.को दरले गणना गरेको देखियो । पालिकाले गणना गरेको भन्दा गुणस्तर परीक्षणबाट देखिएको तौलको आधारमा भवनको फूटिङ तथा कोलममा प्रयोग भएका छडको तौल देहायअनुसार ७४१.४२२ के.जी. बढी गणना भई ठेक्का दर प्रति के.जी. १०८ ले रू. ८०,०७३।५७ र सोमा भुक्तानी भएको मूल्य अभिवृद्धि कर रू.१०,४०९।५६ समेत रू.९०,४८३।१३ बढी भुक्तानी दिएको देखियो । फलामे छडको गुणस्तर स्वीकार्य तहमा भए नभएको यकिन गरी बढी भुक्तानी दिएको रकम असुल गर्नु पर्दछ रू.

(विस्तृत विवरण बेरूजु दफा ४९.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	९०,४८३

४९.४ **प्रोग्राम अपडेट**

.... ***(प्रारम्भिक प्रतिवेदन उपर असुल तथा प्रमाण पेश भएको आधारमा मिति २०८१।१।३ को निर्णयबाट रू. २५,५०,०००।- सम्परीक्षण गरिएको ।)***

४९.५ **लागत अनुमान -** लागत अनुमान तयार गर्दा भवन विभागले जारी गरेको भवनको लागि दर विश्लेषणको नर्म्स अनुसार गर्नु पर्दछ। अस्पताल स्तरोन्नतिको लागि तयार गरेको लागत अनुमानमा झापा पाउने ३ मुख्य ईटा भट्टाको ईटाको औषत लम्बाई २३७.२२ चौडाई ११३.४४ र उचाई ७०.५६ एमएम रहेको र सोमा १० एम एमको मोर्टार लगाउँदा प्रति घ मी ४०७ ईटा लाग्ने देखिन्छ । उक्त परिमाणमा १० प्रतिशत वेस्टेज अनुमान गर्दा पनि एक घनमिटर गारोमा बढीमा ४५० ईटा लाग्ने देखिन्छ । पालिकाले प्रति घनमिटर ५३० ईटाको अनुमान गरी लागत अनुमान तयार गरेकोले नर्मसमा उल्लेख भएको भन्दा बढी परिमाण राखेको कारण प्रति घन मि रू.१,३१०।०१ ले जम्मा ईटाको परिमाण ६९.५३६ घनमिटरको कार्यमामात्र रू.९१,०९३।- लागत वृद्धि भएको देखियो। लागत अनुमान बनाउँदा अनावस्यक लिड नियन्त्रण गरी नर्मसको पालना गरी भरपर्दो तरिकाले तयार गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५० **जनपथ मार्ग सडक निर्माण (ठेक्का नं. KANAKAI।NCB।WORKS।४।०७९।८०)** - संघीय समपुरक अनुदानबाट नगरपालिकाले रू.१,०८,६३,५६०।८६ को लागत अनुमान रहेको जनपथ मार्ग कालोपत्रे सडक निर्माण कार्य २०८०।२।३० सम्म सम्पन्न गर्ने गरी निर्माण व्यवसायी एस जे फोर्टी बिल्डर्ससँग २०७९।९।२६ मा रू.६६,५०,७७८।६८ को खरिद सम्झौता गरेको छ । उक्त कालोपत्रे सडक निर्माण कार्यमा यो वर्ष अन्तिम बिलसमेत रू. ८२,७४,२७०।६१ भुक्तानी भएको छ । उक्त खरिद सम्झौता सम्वन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

५०.१ **भेरिएशन नगरी बढी भुक्तानी -** सार्वजनिक निकायले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौताको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सृजना भई सम्झौता भन्दा घटी बढी काम गराउनु पर्दा तोकिएको अधिकारीबाट प्राविधिक पुष्ट्याइ र कारण सहित प्रामाणीत गराई भेरिएसन आदेश जारी गराउनुपर्ने उल्लेख छ । सँघीय सरकारको समपुरक अनुदानतर्फको ठेक्का बाट अनुदान रकम बचत भएकोले फरक क्षेत्रको काम थप गरी खर्च गरेको जवाफ प्राप्त भए तापनि नापी किताबमा चेनेज ०+००० देखि ०+१४० सम्मको चेनेजमा दोहोरो नापी गरेको देखिन्छ । खरिद सम्झौता रू.६६,५०,७७८।६८ भएको निर्माण कार्यमा खरिद नियमावली अनुसार प्राविधिक पुष्ट्याई वेगर खरिद सम्झौताको क्षेत्रभन्दा फरक स्थानमा (क्षेत्र परिवर्तन हुनेगरी) कार्य गराएको देहायअनुसारको रू.१५,००,९५९।७९ समेत रू.१६,२३,४९१।९३ को थप कार्य गराई रू.१३,२८,२८३।- भुक्तानी दिएकोले नियमित नदेखिएको रू.

(विस्तृत विवरण बेरूजु दफा ५०.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

अनियमित भएको	१६,२३,४९२

५०.२ **बढी परिमाण गणना -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले ७ मिटरको चौडाईमा कालोपत्रे गर्न जनपथ मार्गमा ७.५ मिटरमा वेस हालेको देखिन्छ । सोही चेनेजहरुमा सब वेस देखि कालोपत्रेको लेभलसम्म ०.३९ मिटरको मोटाईमा सोल्डर प्रोटेक्सन कार्य गराई भुक्तानी दिएको देखिन्छ । ७ मिटरको चौडाईमा वेस र प्राईमकोटको नापी गरी भुक्तानी दिनु पर्नेमा ७.५ मिटर नापी गरेकोले वेस र सोल्डर समेत दोहोरो पर्नेगरी नापी गरेको अवस्था देखियो । अस्फाल्टको चौडाईभन्दा वढी चौडाई नापी गरेको वेस र प्रिमिक्सको देहाय अनुसार बढी भुक्तानी दिएको रू. ५८,२५१।२१ असुल गर्नु पर्ने रू.

(विस्तृत विवरण बेरूजु दफा ५०.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	५८,२५१

५०.३ **एजबिल्ट ड्रईङ -** पालिका र निर्माण व्यवसायीबीच सम्पन्न सम्झौतामा कार्यसम्पन्न भएको मितिले १५ दिन भित्र एजबिल्ट नक्सा दिनु पर्ने र सो समयमा दिन नसकेमा सो भन्दा पछी प्रत्येक दिनको रू.५,०००।- को दरले हिसाब गरी निर्माण व्यवसायीको विलबाट कट्टा गरी रोक्का राखिने उल्लेख छ। निर्माण कार्य २०८०।३।१५ मा सम्पन्न गरी अन्तिम बिलसमेत भुक्तानी भएकोमा निर्माण व्यवसायीले लेखापरीक्षण अवधि पुस मसान्तसम्म पनि एजबिल्ट नक्सा पेस गरेको पाइएन । तसर्थ एजबिल्ट नक्सा पेश हुनुपर्ने अन्यथा सो बापतको रू. ५,०००।- असुल गर्नु पर्दछ रू.

प्रमाण पेश नगरेको	५,०००

५०.४ **संघीय समपुरक अनुदान फिर्ता-** पालिलकालाई यो वर्ष ५० र ५० को अनुपातमा खर्च हुनेगरी जनपथ मार्ग कालोपत्रे सडक निर्माण योजनाको लागि संघीय समपुरक अनुदान रू.८०,००,०००।- विनियोजन भएकोमा रू. ८२,७४,२७०।- निकासा खर्च भएको छ । कार्यालयले उक्त योजनामा देहाय अनुसार रू. ८२,७४,२७०।- खर्च गरेकोले सोको ५० प्रतिशतको हिसावले

संघीय समपुरकतर्फ रू. ४१,३७,१३५।- मात्र खर्च लेखी रू. ३८,६२,८६५।- अनुदान फिर्ता गर्नु पर्नेमा सो फिर्ता गर्न बाँकी देखियो । उक्त रकम संघीय सञ्चितकोष फिर्ता गर्नु पर्दछ रू.

प्रमाण पेश नगरेको	३८,६२,८६५

५१ **रिङरोड कालोपत्रे सडक निर्माण (ठेक्का नं. KANAKAI।NCB।WORKS।६।०७९।८०)** - प्रदेश समपुरक अनुदानबाट नगरपालिकाले रू. ७१,७४,७३४।५६ को लागत अनुमान रहेको जनपथ मार्ग कालोपत्रे सडक निर्माण कार्य २०८०।२।३० सम्म सम्पन्न गर्ने गरी निर्माण व्यवसायी जयलक्ष्मी निर्माण सेवासँग २०७९।११।१२ मा रू. ५३,६०,२७८।०८ को खरिद सम्झौता गरेको छ । उक्त कालोपत्रे सडक निर्माण कार्यमा यो वर्ष अन्तिम बिलसमेत रू. ६६,६०,९४६।६० भुक्तानी भएको छ । उक्त खरिद सम्झौता सम्वन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्-

५१.१ **ठेक्का बिल पेश नभएको -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले रिङरोड कालोपत्रे सडकको दोस्रो तथा अन्तिम बिलको रू.५४,६२,६२५।- निर्माण व्यवसायी जयलक्ष्मी निर्माण सेवालाई भुक्तानी दिएकोमा ठेक्का बिल तयार गरेको देखिएन । ठेक्का विल पेश हुनु पर्दछ रू.

प्रमाण पेश नगरेको	५४,६२,६२५

५१.२ **एजबिल्ट ड्रईङ-** पालिका र निर्माण व्यवसायी बीच सम्पन्न सम्झौतामा कार्यसम्पन्न भएको मितिले १५ दिन भित्र एजबिल्ट नक्सा दिनु पर्ने र सो समयमा दिन नसकेमा सो भन्दा पछी प्रत्येक दिनको रू.५,०००।- को दरले हिसवा गरी निर्माण व्यवसायीको विलबाट कट्टा गरी रोक्का राखिने उल्लेख छ। निर्माण कार्य २०८०।३।१५ मा सम्पन्न गरी अन्तिम बिलसमेत भुक्तानी भएकोमा निर्माण व्यवसायीले लेखापरीक्षण अवधि पुस मसान्तसम्म पनि एजबिल्ट नक्सा पेस गरेको पाइएन । तसर्थ एजबिल्ट नक्सा पेश हुनुपर्ने अन्यथा सो बापतको रू.५,०००।- असुल गर्नु पर्दछ रू.

प्रमाण पेश नगरेको	५,०००

५१.३ **प्रदेश समपुरक अनुदान फिर्ता-** पालिलकालाई यो वर्ष ७० र ३० को अनुपातमा खर्च हुनेगरी रिङरोड कालोपत्रे सडक निर्माण योजनाको लागि प्रदेश समपुरक अनुदान रू.५०,००,०००।- विनियोजन भएकोमा रू. ६६,६०,९४६।६० निकासा खर्च भएको छ । कार्यालयले उक्त योजनामा रू. ६६,६०,९४६।६० खर्च गरेकोले सोको ७० प्रतिशतको हिसावले प्रदेश समपुरकतर्फ रू.४६,६२,६६२।- मात्र खर्च लेखी रू.३,३७,३३८।- अनुदान फिर्ता गर्नु पर्नेमा सो फिर्ता गर्न बाँकी देखियो । उक्त रकम प्रदेश सञ्चितकोष फिर्ता गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	३,३७,३३८

५२ **जनपथ सडक पूर्व पाथिभरा जाने सडक निर्माण (ठेक्का नं. KANAKAI।SQ।WORKS।२।०७९।८०)-** नगरपालिकाले मातृ विमली टोल शान्ति मार्ग कालोपत्रे सडक निर्माण कार्य २०८०।३।२० सम्म सम्पन्न गर्ने गरी निर्माण व्यवसायी महिन कन्सकट्रक्सनसँग २०८०।२।११ मा रू.१२०११८८।६८ को खरिद सम्झौता गरेको छ । उक्त कालोपत्रे सडक निर्माणमा रू ११,४७,१७१।७१ भुक्तानी भएको छ । उक्त खरिद सम्झौता सम्वन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

५२.१ **ल्याव परिक्षण खर्च -** कार्यालय र निर्माण व्यवसायीबीच भएको सम्झौताको जनरल कण्डिशन अफ कन्ट्राक्टको गुणस्तर नियन्त्रण खण्डमा प्रोजेक्ट मेनेजरले निर्माण व्यवसायीलाई निर्माण कार्यको स्पेशिफिकेशनमा उल्लेख नभएको कुनै कुराको गुणस्तर परीक्षण गर्न निर्देशन गरेमा र उक्त परीक्षण कार्यमा निर्माण व्यवसायीले गरेको कार्यको गुणस्तरमा कुनै कमजोरी नदेखिएको अवस्थामा

गुणस्तर परीक्षण खर्च वापतको रकमको भुक्तानी निर्माण व्यवसायीलाई दिनुपर्ने उल्लेख छ । निर्माण व्यवसायीलाई स्पेशिफिकेशनमा उल्लेख भएको भन्दा फरक परीक्षणको आदेश गरेको तथा निर्माण व्यवसायीले त्यस्तो प्रकारको परीक्षण गरेको प्रमाण वेगर नियमित परीक्षणको प्रतिवेदन सम्लग्न गरी गुणस्तर परीक्षण वापत दावी गरेको रू.२३,१६५।- ल्याब स्थापना तथा सामग्री खरिदको लागि व्यवस्था गरेको प्रोभिजनलसमबाट भुक्तानी दिएको देखियो । सम्झौताको शर्त विपरित भुक्तानी दिएको रकम असुल गर्नु पर्ने रू.

असुल गर्नुपर्ने	२३,१६५

५२.२ **बेसमा बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले चेनेज ०+१६० देखि ०+२९५जम्मा १३५.५ मिटर लम्बाई, ४.५० मीटर चौडाईमा प्राईम, ट्याक कोट र प्रिमिक्स कंक्रीटको कार्य गरेको देखिन्छ । उक्त सडकमा ०.१५ मीटर उचाईको वेस हाल्दा जम्मा ९१.४६ घनमिटर वेस मेटेरियल लाग्नेमा सडकको ५.३० मिटर चौडाईमा ०.१५ मिटर उचाईको वेस नापी गरेकोले १०७.७२ घनमिटर बेस मेटेरियलको लागि भुक्तानी दिएको छ । प्राईम कोट तथा प्रिमिक्सको क्षेत्रभन्दा १६.२६ घनमिटर वढी परिमाण नापि गरी प्रति घनमिटर रू२,९००।- को दरले रू.४७,१५४।- र सोमा भुक्तानी दिएको मुअकर रू.६,१३०।०२ समेत बढी भुक्तानी दिएको रू.५३,२८४।०२ असुल गर्नु पर्दछ रू..

असुल गर्नुपर्ने	५३,२८४

५२.३ **प्रिमिक्समा बढी भुक्तानी -** सडक विभागको Standard Specification for Road and Bridge Works को clause no. 1310 मा प्रिमिक्सको मोटाई 20mm हुने उल्लेख छ । पालिकाले १३५.५ मिटर लामो सडकमा ४.५ मिटर चौडाई रहेको मातृ विमली टोल शान्ति मार्ग कालोपत्रे सडक निर्माण कार्यमा प्रिमिक्स कार्पेटिङ गर्दा 35mm मोटाई राखी २१.३४ घनमिटरको भुक्तानी दिएको देखिन्छ । नर्म्स अनुसार निर्माण गर्दा जम्मा १२.९१ घनमिटर मात्र प्रयोग गर्नु पर्नेमा नर्मस भन्दा उल्लेख भएभन्दा बढी मोटाई नापजाँच गरी ८.४३ घनमिटरको प्रतिघनमिटर रू.१६,८००।- को दरले हुने रू.१,४१,६२४।- र मूल्य अभिबृद्धि कर रू.१८,४११।१२ समेत भुक्तानी दिएको रू.१,६०,०३५।- नियमित नदेखिएको रू.

अनियमित भएको	१,६०,०३५

५२.४ **भेरिएशन नगरी बढी परिमाण भुक्तानी -** सार्वजनिक निकायले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौताको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सृजना भई सम्झौता भन्दा घटी बढी काम गराउनु पर्दा तोकिएको अधिकारीबाट प्राविधिक पुष्ट्याइ र कारण सहित प्रामाणीत गराई भेरिएसन आदेश जारी गराउनुपर्ने उल्लेख छ । कोच राजबंशी सँग्रहालय भवन निर्माण (ठेक्का नं. KANAKAI।NCB।WORKS।३।०७९।८०) गर्न बालाजी कन्सट्रक्सन एण्ड ईन्जिनियरिङ प्रा.लि. सँग रू. ५८,६१,१२१।४४ मा सम्झौता गरेकोमा रू. ५८,६०,६५५।- को कार्य सम्पन्न गरेको देखिन्छ । उक्त कार्यको बिल अफ क्वान्टिटिमा टीएमटि छडको परिमाण २४१४९.२९ केजी रहेकोमा ठेक्का विलमा २५,४००.७२ केजीको भुक्तानी दिएको देखिएकोले १२५१.४३ केजीको रू.१०८।- को दरले रू.१,३५,१५४।४४ र मूल्य अभिबृद्धि कर रू.१७,५७०।- समेत रू.१,५२,७२५।- बढी भुक्तानी दिएकोमा प्राविधिक पुष्ट्याँई सहित भेरिएशन स्वीकृत गरेको नदेखिएकोले अनियमित देखिएको रू.

अनियमित भएको	१,५२,७२५

५३ **गौरवको आयोजना (ठेक्का नं. KANAKAI।NCB।WORKS।००।०७९।८०)-** नगरपालिकाले स्वर्गद्वारी मार्गलाई वडा नं. ५ को गौरवको आयोजनाको रूपमा सञ्चालन गरी यो वर्ष निर्माण व्यवसायीको बिल अनुसार रू.२२,३२,०१४।८४ खर्च लेखेको

छ। कालोपत्रे सडक निर्माण कार्य २०७९।३।१० सम्म सम्पन्न गर्नेगरी सिद्धार्थ सृष्टी कन्सट्रक्सन कम्पनी प्रा. लि. सँग २०७९।१।५ मा रू.२४,३०,३३३।- को खरिद सम्झौता गरेको छ । उक्त खरिद सम्झौता सम्वन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्-

५३.१ **पूर्व निर्धारित क्षतिपूर्ति-** निर्माण व्यवसायीसँग भएको सम्झौताको जिसीसी ५५.१ तथा खरिद नियमावलीमा सम्झौता अवधिमा कार्य सम्पन्न नगरेमा निर्माण व्यवसायीलाई प्रतिदिन ०.०५ प्रतिशतले पूर्व निर्धारित क्षतीपूर्ति लाग्ने व्यवस्था छ । उक्त कार्यको २०७९ कार्तिक ८ सम्म कार्य सम्पन्न नगरेमा सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतले हुने क्षतिपुर्ति असुल गर्ने व्यहोरा उल्लेख गरी म्याद थप गरेकोमा कार्यस्वीकार प्रतिवेदन अनुसार २०७९।८।६ मा मात्र कार्य सम्पन्न गरेको देखियो । प्रदान गरेको म्याद भन्दा ३० दिन ढीलो गरी कार्य सम्पन्न गरेकोले निर्णयानुसार कार्यसम्पन्न रू.२१,५०,७३७।- (मूअकर वाहेक) को दैनिक ०.०५ प्रतिशतले हुने रू.१,०७५।३६ ले ३० दिनको हुने रू.३२,२६१।- असुल गर्नु पर्दछ रू.

असुल गर्नुपर्ने	३२,२६१

५३.२ **बेसमा वढी परिमाण भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले चेनेज ०+००० देखि ०+२२६ सम्म जम्मा १११९.४२ वर्गमिटरमा अस्फाल्ट तथा ट्याक कोटको कार्य गरेको देखिन्छ । उक्त सडकमा ०.१२५ मिटर उचाईको वेस हालेकोले जम्मा वेसको परिमाण १३९.९२ घनमिटर मात्र हुने देखिन्छ । पालिकाले १५७.४४ घनमिटर वेस कोर्सको परिमाण गणना गरेकोले अस्फाल्ट गरेको क्षेत्र भन्दा वढी चौडाईमा वेसकोर्सको नापि गरेको देखियो। अस्फाल्टको छेउदेखिनै सोल्डर फिलिङसमेतको मेटरियलको भुक्तानी दिने गरेको देखिएकोले वेसको परिमाण दोहोरो नापी हुने तथा स्पेसिफिकेशन अनुसार अस्फाल्ट वाहिरको वेस मेटेरियल नापी गरी भुक्तानी दिन मिल्नेसमेत नदेखिएकोले वढी परिमाण १७.५२ घनमिटरको ठेक्का दर रू.२,४००।- ले हुने रू.४२,०४८।- र सोमा भुक्तानी भएको मूल्य अभिबृद्धि कर रू.५,४६६।२४ समेत हुने रू.४७,५१४।२४ असुल गर्नु पर्ने देखियो रू.

असुल गर्नुपर्ने	४७,५१४

५३.३ **योजनाको एकीकृत अभिलेख -** पालिकाले गौरवको योजनाको रूपमा सञ्चालन गरेको स्वर्गद्वारी मार्ग स्तरोन्नतीको लागि प्रत्येक वर्षको बजेटबाट केही रकम विनियोजन गरी सो अनुसारको लागत अनुमान तयार गर्ने तथा सोही अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गरेको देखियो । उक्त योजनाको लागि आवस्यक बजेट अनुमान, सम्पन्न गर्ने अवधि, प्रत्येक वर्षको लक्ष्य तथा बजेट र चेनेजवाईज खर्चको विवरण तथा हालसम्म भएको कुल खर्च देखिने गरी अभिलेख राखेको छैन । अभिलेखको अभावमा एउटै कार्य दोहोरो पर्ने सम्पन्न कार्य र बाँकी कार्य यकिन हुन सक्ने अवस्था छैन । व्यवस्थित अभिलेख राखी खर्च ओभरल्याप नहुने व्यवस्था मिलाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५४ **मनसापुर टोल जनपथमार्ग निर्माण(ठेक्का नं.KANAKAI।SQ।WORKS।१।०७९।८०)**-नगरपालिकाले रू.१२,०३,९३६।१२ को लागत अनुमान रहेको मनसापुर टोल जनपथ मार्ग कालोपत्रे सडक निर्माण कार्य २०८०।३।२० सम्म सम्पन्न गर्ने गरी निर्माण व्यवसायी महिन कन्सकट्रक्सनसँग २०८०।२।११ मा रू.११,९९,१३५।३७ को खरिद सम्झौता गरेको छ । उक्त कालोपत्रे सडक निर्माणमा रू.११,६५,७४६।- भुक्तानी भएको छ । उक्त खरिद सम्झौता सम्वन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

५४.१ **प्रोभिजनलसम खर्च -** कार्यालय र निर्माण व्यवसायीबीच भएको सम्झौताको जनरल कण्डिशन अफ कन्ट्राक्टको गुणस्तर नियन्त्रण खण्डमा प्रोजेक्ट मेनेजरले निर्माण व्यवसायीलाई निर्माण कार्यको स्पेशिफिकेशनमा उल्लेख नभएको कुनै कुराको गुणस्तर परीक्षण गर्न निर्देशन गरेमा र उक्त परीक्षण कार्यमा निर्माण व्यवसायीले गरेको कार्यको गुणस्तरमा कुनै कमजोरी नदेखिएको अवस्थामा गुणस्तर परीक्षण खर्च वापतको रकमको भुक्तानी निर्माण व्यवसायीलाई दिनुपर्ने उल्लेख छ । निर्माण व्यवसायीलाई स्पेशिफिकेशनमा उल्लेख भएको भन्दा फरक परीक्षणको आदेश गरेको तथा निर्माण व्यवसायीले त्यस्तो प्रकारको परीक्षण गरेको प्रमाण वेगर नियमित परीक्षणको प्रतिवेदन सम्लग्न गरी गुणस्तर परीक्षण वापत दावी गरेको रू.२३,१६५.- ल्याव स्थापना तथा सामग्री खरिदको लागि व्यवस्था गरेको प्रोभिजनलसमबाट भुक्तानी दिएको देखियो । सम्झौताको शर्त विपरित भुक्तानी दिएको रकम असुल गर्नु पर्ने रू.

असुल गर्नुपर्ने	२३,१६५

५४.२ **बेसमा बढी भुक्तानी-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले जम्मा १२१.५ मिटर लम्बाई, ४.५० मीटर चौडाईमा प्राईम, अस्फाल्ट तथा ट्याक कोटको कार्य गरेको देखिन्छ । उक्त सडकमा ०.१५ मीटर उचाईको वेस हाल्दा जम्मा ८२.०१ घनमिटर वेस मेटेरियल लाग्नेमा सडकमा ५.३० मिटर चौडाईमा ०.१५ मिटर उचाईको वेस नापी गरेकोले ९६.५९ घनमिटर बेस मेटेरियलको लागि भुक्तानी दिएको छ ।प्राईम कोट तथा अस्फाल्टको क्षेत्रभन्दा १४.५८ घनमिटर वढी परिमाण नापि गरी प्रति घनमिटर रू.३,०००।- को दरले रू.४३,७४७।- र सोमा भुक्तानी दिएको मुअकर रू.५,६८७।११ समेत बढी भुक्तानी दिएको रू.४९,४३४।- असुल गर्नु पर्दछ रू.

असुल गर्नुपर्ने	४९,४३४

५५ **पञ्चायतमार्ग कालोपत्रे सडक निर्माण (ठिक्का नं. KANAKAI।NCB।WORKS।५।०७९।८०)-** प्रदेश समपुरक अनुदानबाट ५० लाख र नगरपालिकाको रू.२३,९३,६३६।३० लगानी गर्ने गरी रू.७३,९३,६३६।३० को लागत अनुमान रहेको पञ्चायतमार्ग कालोपत्रे सडक निर्माण कार्य २०८०।२।३० सम्म सम्पन्न गर्ने गरी निर्माण व्यवसायी ग्लोवल कन्स्ट्रक्सनसँग २०७९।११।२ मा रू.५४,६१,५५७।- को खरिद सम्झौता गरेको छ । उक्त कालोपत्रे सडक निर्माण कार्यमा यो वर्ष अन्तिम बिलसमेत रू.६८,०८,००६।- भुक्तानी भएको छ । उक्त खरिद सम्झौता सम्वन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्-

५५.१ **सम्झौता भन्दा बढी खर्च -** पञ्चायतमार्ग कालोपत्रे सडक निर्माण कार्यको लागि ग्लोवल कन्स्ट्रक्सनसँग रू.५४,६१,५५७।- को खरिद सम्झौता भएको थियो । उक्त कालोपत्रे सडक निर्माण कार्यमा यो वर्ष अन्तिम बिलसमेत रू.६८,०८,००६।- भुक्तानी भएको छ । पिसीसी लगायतका सडक निर्माण कार्यका विभिन्न आईटममा परिमाण बढाई विल अफ क्वान्टिटिमा भएको परिमाण भन्दा वढि परिमाणको कार्य गराई सम्झौता भन्दा रू.१३,४६,४४९।- बढी भुक्तानी दिएकोमा नियमानुसार प्राविधिक पुष्टयाईं सहित भेरिएशन समेत नगरेकोले अनियमित देखिएको रू.

अनियमित भएको	१३,४६,४४९

५५.२ **फरक खातामा रकम जम्मा गरेको -** नगरपालिकाले अन्तिम बिलको भुक्तानी रू.१३,६१,११९।-मध्ये नगरपालिका पुँजीगततर्फको कृषिमोटर खरिद कार्यक्रमबाट खर्च लेखेको रू १० लाख आ.व. २०८०।८१ मा भुक्तानी दिने गरी बाँकी राखेकोमा उक्त रकम निर्माण व्यवसायी ग्लोबल कन्सट्रक्सन प्रा. लि.लाई भुक्तानी दिनु पर्नेमा एलेक्स कन्सट्रक्सनलाई भुक्तानी दिएको देखियो । उक्त कारोवारबाट रू ९०७९६५ रिभर्स गरी ग्लोबल कन्सट्रक्सनको नाममा खर्च लेखेको छ । अग्रिम आयकर रू.१३,२७४।-,

मूल्य अभिबृद्धि कर रू.३४,४१३।- र धरौटी रू.४४,३४८।- गरी जम्मा रू.९२,०३५।- समेत रिभर्स गरी सम्बन्धित निकाय तथा व्यक्तिको खातामा पठाउनु पर्नेमा पठाएको देखिएन । सम्बन्धितको नाममा जम्मा गरेको प्रमाण पेश गर्नु पर्ने रू.

प्रमाण पेश नगरेको	९२,०३५

५६ **सडक वत्ति जडान (ठेक्का नं. KANAKAI।NCB।G।२।०७८।७९)** - पालिकाले सडक वत्ती जडान गर्न २५ जनवरी २०२२ मा हिमाल रेफ्रिजरेशन एण्ड ईलेक्ट्रिकल प्रा. लि. सानेपासँग रू.७३,८०,००६।०४ को सम्झौता गरेको देखिन्छ । बिद्युत प्राधिकरणले विद्युत तार व्यवस्था गरिदिने र उक्त तारबाट वत्तिको सञ्चालन गर्ने तरिका परिकल्पना गरी ठेक्का लगाएकोमा पालिकाको ठेक्का शर्त अनुसार प्राधिकरणले विद्युत जडान गर्ने अनुमति नदिएको कारण जडान तरिका परिवर्तन गरी विद्युत पोलमा भएकै तारबाट सप्लाई लिने गरी लाईट सेन्सर प्रयोग गरी सडक वत्ति जडान गर्ने गरी रू.७,७८,७६१।- मूल्यको ठेक्काका आईटम हटाई मू.अ.कर समेत रू.६५,००,००६।-को संशोधित ठेक्का रकम कायम गरेको देखियो । सोही अनुसार रू.६५,००,००६।- सडक बत्ति जडान गरी निर्माण व्यवसायीलाई गोश्वारा भौचर नं. ८०१।२०८०।३।२४ बाट रू.२५,७८,०००।- भुक्तानी दिएको छ । उक्त ठेक्का सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्-

५६.१ **गुणस्तर परीक्षण -** सडक बत्ती जडान कार्यमा प्रयोग भएका बत्ति तथा सोसँग सम्वन्धित आईटमहरुको नविकरणीय उर्जा परीक्षण केन्द्र (RETS) बाट पटक पटक परिक्षण गराउँदा स्पेशीफिकेशन अनुसार नभएको प्रतिवेदन दिएपछि पालिकाले बाह्य वजारको भोलानाथ पोखरेल नाम भएको व्यक्तिबाट परिक्षण गराएको देखिन्छ । निजले उक्त आपूर्तकले सप्लाई गरेका सामान रेट्सको प्रतिवेदनसँग नजिक (Close) रहेकोले स्वीकार गर्न सकिने राय सहितको प्रतिवेदन दिएको आधारमा अग्रिम कर, मूल्यअभिबृद्धि करको ३० प्रतिशत, रिटेन्सन मनी र १७६ दिनको पूर्वनिर्धारित क्षतिपूर्ति रू.५,७२,०००।- र पेस्की रू.६,५३,०९८।- कट्टा गरी निर्माण व्यवसायीलाई खुद रू.४७,७६,६७६।७२ भुक्तानी दिने गरी रू.६५,००,००६।- को ठेक्का विल तयार गरेको छ । सो मध्ये गोश्वारा भौचर नं. नं. ८०१।२०८०।३।२४ बाट रू.२५,७८,०००।- भुक्तानी दिएको र बाँकी रकम भुक्तानी सम्वन्धि भौचर पेश हुन नआएकोले यकिन गर्न सक्ने अवस्था छैन । लेखापरीक्षणको क्रममा जडान भएका २००० सडक बत्तिको अवस्था सम्वन्धमा जानकारी माग गरेकोमा नगरपालिकाले ५०० वत्ती बिग्रिएकोले १० दिन भित्र मर्मत गरी जानकारी दिन च.न. ९२५ मिति २०८०।९।८ मा हिमाल रेफ्रिजेरेशन एण्ड ईलेक्ट्रिकल ईन्डस्ट्रिज प्रा.लि. लाई पत्राचारसम्म गरेको देखियो । नविकरणीय उर्जा सम्वन्धी क्षेत्रको आधिकारिक परीक्षण केन्द्रले स्पेशिफिकेशन अनुसारको गुणस्तर नभएको प्रतिवेदन दिएको अवस्थामा कम गुणस्तरका स्पेशिफिकेशन नपुगेका बत्तिहरुको भुक्तानी दिएको र जडान भएको समय देखिनै बत्तिमा समस्या आईरहेकोले कमजोर गुणस्तरको वत्ती स्वीकार गरी भुक्तानी दिएको नियमित देखिएन रू.

अनियमित भएको	२५,७८,०००

५६.२ **बोलपत्र मूल्याङ्कन -** पालिकाले माग गरेको सूचना अनुसार दाखिला हुन आएका सबै बोलपत्रहरु बोलपत्रको शर्त अनुसार मुल्याङ्कन गर्नु पर्दछ । पालिकाले बोलपत्र मूल्याङ्कन गरी ड्राईभ ईलेक्ट्रोनिक प्रा. लि.को रू.८२,४९,०००।- को बोलपत्र स्वीकृतिको आसयको सूचना प्रकाशन गरेपछि अर्को बोलपत्रदाता हिमाल रेफ्रिजरेशन एण्ड ईलेक्ट्रिकल ईनडस्ट्रिज प्रा.लि. ले मुल्याङ्कन त्रुटीपूर्ण रहेकोले पुन मुल्याङ्कन गराउन पालिका र अन्य नियमनकारी निकायमा समेत निवेदन दिएको र पुन मुल्याँकन गर्दा बोलपत्र सारभुत प्रभावग्राही देखिएकोले पहिलो आशयको सूचना वदर गरी हिमाल रेफ्रिजरेशन एण्ड ईलेक्ट्रिकल ईनडस्ट्रिज प्रा.लि.को रू.८३,८०,००६।०४ को बोलपत्र स्वीकृतिको आसयको सूचना प्रकाशन गरेको देखियो । आपूर्तकले अपलोड गरेका केही कागजातहरु डाउनलोड गर्दा छुट भएको कारण मुल्याङ्कन प्रभावित भएको कार्यालयको जवाफ रहेको छ । बोलपत्र मुल्याङ्कन प्रकृयामा सावधानी अपनाई सम्भाव्य जोखिम नियन्त्रण गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५७ **कार्यसम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा सार्वजनिक निकायका प्रमुखले निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने उल्लेख छ । कार्यालयले देहाय अनुसार सामग्री खरिद गरी रू.१९,७८,४९२।- भुक्तानी खर्च लेखेकोमा उक्त प्रयोग भएको देखिने प्राविधिक नापजाँच तथा कार्य सम्पन्न प्रतिवेदन संलग्न छैन । खरिद गरेको सामान वितरण भरपाईको आधारमा खर्च जनाएकोले प्रयोग भएको सम्बन्धमा प्राविधिक पुष्ट्याई समेत कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ रू.

(विस्तृत विवरण बेरूजु दफा ५७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	१९,७८,४९२

५८ परामर्स तथा डीपीआर खर्च

५८.१ बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ। यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ।

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । श्रेस्ता परीक्षण गर्दा देखिएका अन्य व्यहोराहरु निम्नानुसार छन् :

(विस्तृत विवरण बेरूजु दफा ५८.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

सैद्धान्तिक बेरुजु

५८.२ **विपद् तथा जलवायु उत्थानशील योजना र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा कुनै पनि खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६९ मा परामर्श सेवा खरिद गर्दा कार्यक्षेत्रगत शर्त तयार गरी सो बमोजिम प्रस्ताव माग गर्नुपर्ने व्यवस्था छ । पालिकाले विपद् तथा जलवायु उत्थानशील योजना र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणको लागि हाम्रो कन्सल्टेन्सी सेवालाई भौचर नं ७४९-२०८०।०३।२२ बाट रू.८,२५,०००।- भुक्तानी गरेको छ । खरिद आदेश, कार्यक्षेत्रगत शर्त, लागत अनुमान, खरिद प्रक्रियाको कागजातहरु, प्रतिवेदन लेखापरीक्षणको क्रममा माग गरिएकोमा परामर्शदाताको बिलमात्र पेश भएकोले खरिद प्रक्रिया,मूल्याङ्कन प्रक्रिया लगायतका विषयमा थप परीक्षण गर्न सकिएन । बजेट बिनियोजन नभएको कार्यक्रमको लागि शीर्षक फरक पारी खर्च लेखेको, खरिद आदेश, कार्यक्षेत्रगत शर्त, लागत अनुमान, खरिद प्रक्रियाको कागजातहरु पेश नभएकोले खरिदको आवश्यकता पुष्ट्याँई गर्ने प्रमाण कागजात पेश गरी नियमित गर्नुपर्ने रू.

अनियमित भएको	८,२५,०००

५८.३ **जामुनखाडी सिमसार -धनुषकोटी पर्यटकीय क्षेत्र - कोटीहोम बिच रहेको बाटोमा सौन्दरीकरण डिपिआर र कोटीहोम क्षेत्रमा धार्मिक तथा पर्यटकीय पार्क निर्माण -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा कुनै पनि खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६९ मा परामर्श सेवा खरिद गर्दा कार्यक्षेत्रगत शर्त तयार गरी सो बमोजिम प्रस्ताव माग गर्नुपर्ने व्यवस्था छ । पालिकाले सौन्दरीकरण तथा पार्क निर्माण कार्यको डिपिआरको लागि वि.एम. एस नेपाल प्रा.लि.लाई राजमार्ग दक्षिण पश्चिम वडा नं ६ र ७ मा विरिङ नदि नियन्त्रण शीर्षक भौचर नं. ७८४-२०८०।०३।२४ बाट रू.७,९५,५२०।- भुक्तानी गरेकोमा कार्यक्षेत्रगत शर्त, लागत अनुमान, खरिद आदेश तथा टिप्पणी, सम्झौता, मूल्यांकन कार्यालय प्रमुखबाट स्वीकृत भएको देखिएन । बजेट विनियोजन नभएको कार्यक्रमको लागि शीर्षक फरक पारि खर्च लेखेको,

लागत अनुमान, खरिद आदेश, कार्यक्षेत्रगत शर्त तथा खरिद निर्णय, आर्थिक प्रस्तावको मूल्यांकन तथा टिप्पणी स्वीकृत नभई भुक्तानी दिएको रकम नियमसम्मत नदेखिएको रू.

अनियमित भएको	७,९५,५२०

५८.४ **विभिन्न ऐन निर्माण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा ऐन बनाउन सक्ने बनाएको कानुन राजपत्रमा प्रकाशन गर्नुपर्ने, प्रदेश सरकार र नेपाल सरकारमा पठाउनुपर्ने तथा त्यस्तो कानुन प्रकाशन नभएसम्म त्यस्तो कानुन लागु नहुने उल्लेख छ । पालिकाले लघु, घरेलु तथा साना उद्योग ऐन, स्थानीय भूमि ऐन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन निर्माणको लागि सोधशिला रिसर्च हब प्रा.लि.लाई रू.१,६०,०००।- भुक्तानी गरेकोमा लागत अनुमान, खरिद आदेश तथा टिप्पणी, मूल्यांकन, कार्यक्षेत्रगत शर्त कार्यालय प्रमुखबाट स्वीकृत भएको देखिएन । साथै पेश गरेका ऐनहरु नगर सभाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको देखिदैन । बजेट विनियोजन नभएको कार्यक्रमको लागि शीर्षक फरक पारी विवरण अद्यावधिक, नक्साङकन तथा धनिपुर्जा वितरण समेतको शीर्षकबाट खर्च लेखेको, लागत अनुमान, खरिद आदेश, कार्यक्षेत्रगत शर्त, मूल्यांकन तथा टिप्पणी कार्यालय प्रमुखबाट स्वीकृत नभएको, लेखापरीक्षण अवधिसम्म परामर्शदाताले निर्माण गरेका ऐनहरु स्वीकृति तथा छलफलको प्रक्रियामा समेत रहेको नदेखिएकोले खर्च औचित्यपूर्ण नदेखिएको रू.

अनियमित भएको	१,६०,०००

५९ **सफ्टवेयर खरिद (स्थानीय तह अनुदान व्यवस्थापन प्रणाली निर्माण तथा घर नक्सा व्यवस्थापन प्रणाली स्तरोन्नती)** - पालिकाको कार्यसम्पादन प्रणालीलाई कम्प्यूटराइज्ड गरी एकीकृत एवं एकद्धार प्रणाली मार्फत कार्यसम्पादन गर्नको लागि अनुदान व्यवस्थापन तथा घर नक्सा व्यवस्थापन प्रणाली सफ्टवेयर निर्माण गर्न यस वर्ष रू.४,९४,९४० ।- को लागत अनुमान तयार गरी फिनिक्स सोल्युसन प्रा.लि.मार्फत कार्य गराई रू.४,९१,५५०।- खर्च लेखेको छ । यस सम्बन्धी खर्च परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छः

क) कार्यक्षेत्रगत शर्तमा Digital Signature Integration कार्य समेत गर्ने उल्लेख छ । परामर्शदाताले सफ्टवेयर निर्माण कार्य पुरा भएको भनी अन्तिम किस्ता भुक्तानी भएकोमा Digital Signature Integration कार्य भएको देखिएन ।

ख) सार्वजनिक खरिद नियमावलीको नियम ११७ मा सार्वजनिक निकायले खरिद गरेको सेवा स्वीकार गर्दा सोको सेवा स्वीकृत भएको मिति, सेवाको विवरण उल्लेख गरी कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यसरी नियमावलीमा भएको व्यवस्था बमोजिम निर्माण गरेको सफ्टवेयर कार्यक्षेत्रगत शर्त तथा सम्झौता अनुसार निर्माण भएको भनी कार्य स्वीकार प्रतिवेदन तयार गरेको देखिएन ।

ग) लागत अनुमान तयार गर्दा सफ्टवेयर निर्माणको लागि आवश्यको विज्ञको समयावधि सम्बन्धमा कुनै पनि आधार लिएको देखिएन ।

घ) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ (२) मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्तलाई समेत आधार लिनुपर्ने उल्लेख छ । पालिकाले कार्यक्षेत्रगत शर्तमा उल्लेखित आवश्यक विज्ञको संख्या भन्दा लागत अनुमानमा देहायबमोजिम बढी संख्या उल्लेख गरी लागत अनुमान तयार गरी भुक्तानी गरेको देखिन्छ । कार्यक्षेत्रगत शर्तमा उल्लेखित विज्ञ संख्या भन्दा बढी संख्याको लागत अनुमान तयार गरी भुक्तानी दिएकोले पालिकालाई बढी व्ययभार परेको रकम असुल गर्नुपर्ने रू.

ङ) परामर्शदातासँग गरेको सम्झौतामा Annual Maintenance Cost(AMC) र वार्षिक सेवा शुल्क वापत तिर्नुपर्ने रकम उल्लेख गरेको देखिँदैन । यसरी सुरु सम्झौतामा AMC र वार्षिक सेवा शुल्क उल्लेख नगर्दा वर्षेनी यस प्रकारका शुल्कहरुको मूल्य वृद्धि

हुँदै गइरहेको देखिन्छ । अतः AMC र वार्षिक सेवा शुल्क सम्बन्धमा समेत पालिकाले पुनः सम्झौता गर्नुपर्ने देखिन्छ ।
च) स्थानीय तह अनुदान व्यवस्थापन प्रणाली निर्माण भई प्रयोगमा आएको भनिएकोमा लेखापरीक्षणको क्रममा सो प्रणालीमा समावेश भएका विषयहरु सम्बन्धमा जानकारी प्राप्त नभएकोले थप विश्लेषण गर्न सकिएन ।

छ) नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले खरिद गरेको उक्त सफ्टवेयरको सेक्युरिटी अडिट टेस्ट तथा सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन साथै प्रणाली र डाटावेसको ब्याकअप सम्बन्धी व्यवस्था भएको देखिएन । अतः पालिकाले स्फटवेयरको ब्याकअपको व्यवस्था गरी यस्ता सफ्टवेयर स्वीकृति लिई मात्र प्रयोग गर्नुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ५९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	६५,६५२

६० **मध्यमकालीन खर्च संरचना तयारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना बनाई लागू गर्नुपर्ने उल्लेख छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ र सार्वजनिक खरिद नियमावलीको नियम १२ अनुसार सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य भएमा मात्र बाहिरी परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । परामर्श सेवा खरिद गर्दा लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले आवश्यकताको आधारमा परामर्श सेवा खरिद गर्नुपर्दछ । पालिकाले मध्यमकालिन खर्च संरचना तयार गर्न देहाय अनुसार रू.१३,४९,६७२।- खर्च गरेको पाइयो । पालिकाले उक्त कार्यका लागि कार्यालयको जनशक्ति प्रयोग नगर्नाको कारण खुलाएको पाइएन साथै खरिद कार्यको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिम लागत अनुमान तयार गरेको पाइयो । अतः पालिकाले उक्त योजनाहरुको निर्माण कार्य सम्पन्न गरी कार्य स्वीकार गर्नुपर्ने र बौद्विक सम्पत्तीको रुपमा आम्दानी जनाइ जिन्सी दाखिला गर्नुपर्दछ । साथै स्थानीय तहको समग्र विकासका लागि वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा मध्यमकालीन खर्च संरचना तथा आवधिक योजनाका दीर्घकालीन विषयलाई समेत समावेश गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६१ **पर्यटन प्रवर्द्धन प्रतिवेदन** - पालिकाले पर्यटन प्रवर्द्धन र उपजमा साझेदारी अवधारणा तथा प्रकृया अध्ययन गरी प्रतिवेदन तयार गर्ने गरी अनुगमन तथा मूल्याङ्कन समाज नेपाल सँग रू.४,९६,०७०।— को सम्झौता गरेको र उक्त प्रतिवेदन तयार गरी रू.४,९६,०७०।— खर्च लेखेको छ । यस सम्बन्धी खर्च परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छः

क) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६९ मा सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्दा परामर्शदाताले सम्पादन गर्नुपर्ने कार्यको विवरण तथा कार्यक्षेत्रगत शर्त सहितको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले पर्यटन प्रवर्द्धन प्रतिवेदन तयार गर्न परामर्श सेवाको कार्यक्षेत्रगत शर्त (TOR) अनुसार लागत अनुमान तयार गर्नुपर्नेमा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकमको लागत तयार गरी ३ सेवा प्रदायकसँग सोझै दररेट माग गरी खरिद गरेको पाइयो । पालिकाले कार्यक्षेत्रगत शर्त तयार गरेरमात्र परामर्श सेवा खरिद गर्नुपर्दछ ।

ख) परामर्शदातासँग भएको सम्झौतामा पर्यटन विकास साझेदारीको आवधारणागत विधि प्रकृयाको स्पष्टता ल्याई के कस्ता विधि र प्रकृया अपनाउन सकिन्छ स्पष्टसँग उल्लेख गर्ने र पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारीलाई प्रभावकारी ढँगबाट कसरी कार्यान्वयन गर्न सकिन्छ भनी अध्ययन गरी कम्तिमा ८० पृष्ठको प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले प्राप्त

गरेको अध्ययन प्रतिवेदन माग गरी परीक्षण गर्दा सम्झौतामा उल्लेख भएबमोजिमको पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारीलाई प्रभावकारी ढंगबाट कसरी कार्यान्वयन गर्न सकिन्छ सोको विश्लेषण गरेको पाइएन । उक्त प्रतिवेदनको प्रष्ठ २९ देखि ८६ सम्म नगरपालिकामा गत विगतमा पर्यटन सम्बन्धी पारित भएको कार्यविधिमात्र उल्लेख गरिएको छ । पालिकाले आवश्यक्ताको आधारमा कार्यक्षेत्रगत शर्त तयार गरी कार्यान्वयन हुने योजनाको मात्र अध्ययन प्रतिवेदन तयार गर्नु पर्दछ । प्राप्त प्रतिवेदन पालिकाले अपेक्षा गरे अनुरुप भए नभएको पालिकाले अध्ययन गरेको पाइएन । साथै उक्त प्रतिवेदन प्राप्त भएपश्चात प्रतिवेदनबाट पर्यटन क्षेत्रमा हुनुपर्ने सुधारको आंकलन र सो सम्बन्धी नीति तयार गरेको नदेखिएकोले उक्त खर्चको उपलब्धिता पुष्टि नभएकोले खर्च औचित्यपूर्ण नदेखिएको रू.

अनियमित भएको	४,९६,०७०

६२ **स्मार्ट सडक बत्ति आयोजना** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा सार्वजनिक निकायले बिल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँचमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौचर नं. ६१८-२०८०।०३।०६ मा स्मार्ट सडक बत्ति आयोजनाको लागि नेपाल विद्युत प्राधिकरणको NSLP Project को धरौटी खातामा रू.४,१४,५२९।२० जम्मा गरेकोमा उक्त कार्यको कार्य सम्पन्न पेश गरेको देखिएन । विद्युत प्राधिकरणले तयार गरेको लागत अनुमानको आधारमा धरौटी खातामा रकम जम्मा गरेकोले कार्य सम्पन्न तयार गरी वास्तविक खर्च भएको प्रमाण पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	४,१४,५२९

६३ **सि सि क्यामेरा खरिद**

.... (प्रारम्भिक प्रतिवेदन उपर बेरुजु आवश्यक प्रमाण पेश भएको आधारमा मिति २०८१।१।१७ को निर्णयबाट रू.९,९२,१२८।- सम्परीक्षण गरिएको ।)

६४ **सोझै खरिद** - सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रू.१० लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने र रू.१० लाखभन्दा माथि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटक वा पटक पटक गरी रू.१० लाख भन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष नियमावलीले तोकेको सीमाभन्दा बढीको खरिद कार्य एउटै आपूर्तिकर्ताबाट गरेको नियमसम्मत नभएको रू.

गो भौ नं	बजेट उपशीर्षक	भुक्तानी पाउनेको नाम	प्रयोजन	भुक्तानी रकम
१४	चालु	पाथिभरा होम मार्केट	सामग्री खरिद	५०२९८६
५५७	पुँजीगत	पाथिभरा होम मार्केट	कम्प्यूटर खरिद	१५००००
१५५८	चालु	पाथिभरा होम मार्केट	सामग्री खरिद	४४३५२
१७४९	चालु	पाथिभरा होम मार्केट	ल्यापटप तथा क्यामरा खरिद	३८३५२८
			जम्मा	१०८०८६६
३२	पुँजीगत	सानभि विल्डर्स प्रा.लि.	फर्निचर खरिद	४२५४५८
१०	स्वास्थ्य पुँजीगत	सानभि विल्डर्स प्रा.लि	फर्निचर खरिद	११८९५५

५५८	पुंजीगत	सानभि बिल्डर्स प्रा.लि	फर्निचर खरिद	५६८९५५
			जम्मा	१११३३६८
१९०	पुंजीगत	पाउ पाथिभरा ट्रेड एण्ड सप्लायर्स	फर्निचर खरिद	७९१०००
२४	स्वास्थ्य पुंजीगत	पाउ पाथिभरा ट्रेड एण्ड सप्लायर्स	सामग्री खरिद	१९६०५५
७८४	पुंजीगत	पाउ पाथिभरा ट्रेड एण्ड सप्लायर्स	फर्निचर खरिद	१८९४६८
			जम्मा	११७६५२३
			कुल जम्मा	**३३७०७७०**

अनियमित भएको	३३,७०,७७०

६५ **दरभाउपत्र बेगर खरिद** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ (४) मा सार्वजनिक निकायले एक लाख रुपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्न मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता तथा निर्माण व्यवसायीबाट लिखित रुपमा दरभाउपत्र माग गरी खरिद गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायबमोजिमको खरिद कार्य गर्दा लिखित रुपमा दरभाउपत्र माग नगरी सोझै खरिद देखियो । नियमावलीको व्यवस्था पालना खरिद गरेको रकम नियमसम्मत नदेखिएको रू.

भौचर नं र मिति	आपूर्तिकर्ता/निर्माण व्यवसायी	विवरण	भुक्तानी रकम
११५-२०७९।०८।१६	पल क्रियसन एण्ड एडभरटाइजिङ्ग प्रा.लि.	पालिकाको बोर्ड बनाएको	२३८३४०
१२१-२०८०।०८।२१	गैंडे निर्माण सेवा	वडा नं २ बाटो मर्मत	१८४७१६
		जम्मा	**४२३०५६**

अनियमित भएको	४,२३,०५६

६६ **ढुवानी तथा खाना खाजा खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ । पालिकाले भौचर नं ५-२०८०।०५।१६ बाट रू.१,३७,६५०।- खर्च लेखि इश्वर कुमार अधिकारीलाई भुक्तानी दिएको श्रेस्ता परीक्षण गर्दा हिमाल रेफ्रिजिरेशन इलेक्ट्रोनिक्स प्रा.लि.ले वडा नं १ देखि ९ सम्म स्मार्ट लाईट जडान गर्न सामान ओसार पसार गरेको ढुवानी र लाईट जडान गर्ने व्यक्तिहरुलाई खाना खाजा वापतको रकम खर्च लेखेको देखिन्छ । स्मार्ट लाइट जडान कार्यको लागि ठेक्का मार्फत हिमाल रेफ्रिजिरेशन इलेक्ट्रोनिक्स प्रा.लि.सँग सम्झौता गरी कार्य गरेको अवस्थामा उक्त निर्माण व्यवसायीले गर्नुपर्ने कार्यको ढुवानी तथा कामदारको खाना खाजा वापत पालिकाले पुनः खर्च लेख्न मिल्ने देखिँदैन । अतः खाना खाजा खर्च रकम दोहोरो भुक्तानी भएकोले असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	१,३७,६५०

६७ **मसलन्द तथा कार्यालय सामग्री खरिद-** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी मार्गदर्शन, २०७७ को मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी

एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष मसलन्द तथा कार्यालय सामाग्री खर्च शिषर्कमा रू. ४५,००,०००/- खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६८ **इन्धन खर्चको मापदण्ड -** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष विभिन्न शीर्षकमा बजेट विनियोजन गरी रू.३३,८७,१६५।- इन्धन खर्च गरेको छ । पालिकाले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन। पालिकासँग इन्धन खर्चको विवरण माग गरिएकोमा सो उपलब्ध हुन नआएकोले इन्धन खर्चको उपयोगको परीक्षण गर्न सकिएन। इन्धन खर्चलाई मितव्ययी बनाउन पदाधिकारी तथा कर्मचारीको नमुना कार्यसञ्चालन निर्देशिकालाई आधारमानी इन्धनको कोटा निर्धारण गरी इन्धन खर्च नियन्त्रण गर्नेतर्फ पालिकाको ध्यान जानुपर्ने देखिएको छ ।

सैद्धान्तिक बेरुजु

६९ **खर्च वर्गीकरण तथा कर्मचारीलाई सोधभर्ना -** एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोहीबमोजिम खर्च गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम ८ मा सेवा प्रदायक तथा आपूर्तिकर्तालाई पच्चिस हजार रुपैयाँ भन्दा बढी रकम भुक्तानी गर्दा एकाउण्टपेयी चेक मार्फत गर्नुपर्ने उल्लेख छ । पालिकाले वडा कार्यालयमा कार्यालय सञ्चालन, मर्मत संभार, विविध, मसलन्द, इन्धन लगायतका खर्चको एउटै अन्य कार्यालय संचालन खर्च शीर्षकमा रू.४४,५४,०००।- बजेट विनियोजन गरी यस वर्ष रू.४४,२३,६७६।- खर्च गरेकोमा एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अनुसार भए गरेको पाइएन । साथै नमुना छनौट गरी उक्त खर्चहरुको श्रेस्ता परीक्षण गर्दा सेवा प्रदायक तथा सम्बन्धित आपूर्तकलाई सोझै भुक्तानी नगरेको, दाखिला प्रतिवेदनमा जिन्सी खाता पाना नम्बर उल्लेख नगरेको तथा व्यवस्थित जिन्सी खाता नभएको, इन्धन खर्चको लगबुक विवरण नभएको तथा चिया खाजामा स्पष्ट मापदण्ड बनाइ मितव्ययी तवरले खर्च गरेको नदेखिएको साथै वडा कार्यालयको खर्चमा एकरुपता नदेखिने तथा नगरपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ । अनुगमन तथा नियन्त्रण गर्नुपर्ने व्यक्तिले स्वयं भुक्तानी लिनाले एकतर्फ खरिद कार्यमा प्रतिस्पर्धा सिमित हुन पुगेको छ भने अर्को तर्फ ति व्यक्तिहरुले नै भुक्तानी लिनुपर्ने स्पष्ट कारण देखिदैन । तसर्थ पालिकाले ऐन तथा नियमावलीको व्यवस्था बमोजिम एकाउण्टपेयी चेक मार्फत सेवा प्रदायक तथा आपूर्तिकर्ताको नाममा भुक्तानी गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

७० **भ्रमण खर्चतर्फ**

७०.१ गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८ बमोजिम पालिकाका पदाधिकारी भ्रमण गर्दा आफ्नो पालिकाभन्दा बाहिर बास बस्नु पर्ने गरी भ्रमण गर्नुपरेमा पालिका प्रमुखले ३ दिनसम्मको भ्रमण आफै र सो भन्दा बढी ७ दिन सम्मको कार्यपालिकाको बैठकबाट स्वीकृत गर्नुपर्ने र कर्मचारीको हकमा भ्रमण नियमावली, २०६४ मा व्यवस्था भए बमोजिम भ्रमण आदेशमा भ्रमणको उद्देश्य कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नुपर्ने छ र भ्रमणबाट फर्किएको ३ दिनभित्र भ्रमणबाट प्राप्त उपलब्धिको ब्यहोरा सहितको भ्रमण प्रतिबेदन समेत पेश गर्नुपर्ने छ । यस पालिकाले वार्षिक अनुगमन

तथा भ्रमणमा रू.४०,४०,९५७।- खर्च लेखेको छ । यस पालिकाका पदाधिकारी र कर्मचारीहरुको वार्षिक अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा कतिपय भ्रमण आदेश स्वीकृत नभएको, भ्रमण अभिलेख खाता प्रयोग नगरेको, भ्रमण आदेशमा भ्रमणको उद्देश्य कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गरेको र फर्किदा प्रतिवेदन पेश गरेको देखिएन। भ्रमण अभिलेख खाता तथा हाजिरी प्रमाण लेखापरीक्षणको क्रममा पेश हुन नआएकोले यस सम्बन्धि थप विश्लेषण गर्न सकिएन। नगरपालिकाका प्रमुखले आफ्नो भ्रमण आदेश स्वयम स्वीकृत गर्ने गरेकोमा कार्यपालिकाबाट अनुमोदन भएको पाइएन । नगरपालिका उपप्रमुखले तथा प्रमुख प्रशासकिय अधिकृतले समेत आआफ्नो भ्रमण आदेश स्वयम स्वीकृत गर्ने गरेको पाइयो । पालिकाले भ्रमण खर्च गर्दा उल्लेखित नियम तथा कार्यविधिहरुको पालना गर्दै भ्रमण खर्चलाई नियन्त्रण गर्नुपर्ने देखिन्छ । यस सम्बन्धी देखिएका अन्य व्यहोराहरु निम्नानुसार छन्:

सैद्धान्तिक बेरुजु

७०.२ **असम्बन्धित व्यक्तिको भ्रमण खर्च भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाले कार्यालय सँग असम्बन्धित देहायका व्यक्तिहरुलाई भ्रमण खर्च भुक्तानी गरेकोमा भ्रमणको स्पष्ट कारण र प्रयोजन खुलाएको पाइएन। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा भ्रमण आदेश स्वीकृत गरिएकोमा निवेदकहरुले भ्रमण खर्च यस पालिकाले व्यहोर्नुपर्ने भनी प्रमाण संलग्न गरेको देखिएन । अन्य सरकारी कार्यालयको खर्च मन्त्रालयका स्वीकृती बेगर पालिकाबाट खर्च गरिएको रकम दोहोरो भए नभएको एकिन गर्नुपर्ने र भ्रमण खर्च भुक्तानी दिनुपर्ने आधार प्रमाण पेश हुनुपर्दछ अन्यथा उक्त खर्च भुक्तानी दिने व्यक्तिलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रू.

भौ नं	भ्रमण गर्ने कर्मचारी	भ्रमण खर्च
१५७२	अनिता अधिकारी	११५००
१५७२	राजु श्रेष्ठ	१२५००
१८१	हरी प्रसाद गुरागाई	२४०००
१८१	राजु श्रेष्ठ	१००००
१८१	अनिता अधिकारी	८०००
१८१	अक्कलमान महर्जन	८०००
	जम्मा	**७४०००**

प्रमाण पेश नगरेको	७४,०००

७०.३ **खर्चमा मितव्ययिता -** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ मा सरकारी कामको सिलसिलामा भ्रमण वा काजमा खटिएका पदाधिकारी वा कर्मचारीले तोकिएको दरमा दैनिक भ्रमण खर्च पाउने उल्लेख छ । उक्त नियमावलीमा कर्मचारी वा पदाधिकारीहरुलाई उक्त अवधीको होटलबास खर्च भुक्तानी गर्ने प्रावधन भएको देखिँदैन । कार्यालयले भौ नं. १५५४ र १५४६ बाट सम्झना तिवारीलाई रू.७०,०००।— पेस्की फस्योंट गरी रू.६६,६८९।— थप सहित कुल रू.१,३६,६८९।— भ्रमण खर्च भुक्तानी गरेको पाइयो । बजेट व्यवस्थापन तथा तर्जुमा टोली अन्तर्गत विभिन्न ७ जना पदाधिकारी तथा कर्मचारीहरुको ९ दिन सम्मको भ्रमण आदेश स्वीकृत गरी रू.८०,८५०।— भ्रमण खर्च भुक्तानी भएको बाहेक होटलबास खर्चको बिल समावेश

गरी रू. ५५,८३९/- थप भुक्तानी गरेको पाइयो । दैनिक भ्रमण भत्ता भुक्तानी भएको अवस्थामा होटलबास खर्च भुक्तानी गर्नुपर्ने आधार प्रमाण पेश गरी पुष्ट्याई गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	५५,८३९

७१ **शीर्षक फरक पारी खर्च**

..........(प्रारम्भिक प्रतिवेदन उपर बेरुजु नियमित गरी प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२७ को निर्णयबाट रू. २,७६,१८,५०८।- सम्परीक्षण गरिएको ।)

७२ **बजेट भन्दा बढी खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्वीकृत बजेटको सीमा भित्र रहि खर्च गर्नुपर्ने व्यव्था छ । पालिकाले कनकाई नगरपालिकाको जग्गा अद्यावधिक फिल्ड नापी, टेप नापी टोटल स्टेसन, स्याटलाईट इमेज विधिबाट नापी समेतका कार्य गर्ने तथा सहजकर्ता पारिश्रमिक समेत शीर्षकमा रू.१० लाख बजेट विनियोजन भएकोमा रू.१८,३७,८९७।- खर्च गरेको देखिन्छ । विनियोजित बजेटभन्दा बढी रकम खर्च गरेको नियमसम्मत नदेखिएको रू.

अनियमित भएको	८,३७,८९७

७३ **सफ्टवेयर नविकरण खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले कुनै बिल बिजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले एकीकृत कर सफ्टवेयरको लागि सफ्टेक इन्फोसिस प्रा.लि. सँग खरिद गरेको र वार्षिक मर्मत शुल्क वापत रू.३९,०००।- भुक्तानी दिँदै आएकोमा यस आर्थिक वर्षमा म.ले.प. फर्मेट थप गरेको मूल्य अभिवृद्धि कर वाहेक रू.२१,०००।— र मूल्य वृद्धी वापत रू.१६,०००।- थप गरी भौचर नं १०५-२०७९।०७।२८ बाट रू.८५,८८०।- भुक्तानी दिएको देखिन्छ। सुरु सम्झौतामा मूल्य वृद्धि वापत रकम भुक्तानी दिने सम्बन्धमा कुनै व्यहोरा उल्लेख नगरेकोले मूल्य वृद्धि वापत थप गरी भुक्तानी दिन मिल्ने देखिँदैन । यसरी थप गरी भुक्तानी दिएको रकम मूल्य अभिवृद्धि कर सहित रू.१८,०८०।- असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	१८,०८०

७४ **पालिकाको जेसिबि भाडा वापतको रकम** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ । देहायबमोजिम बाटो मर्मत सम्भार कार्यमा उपभोक्ता समितिले पालिकाको जेसिबी प्रयोग गरेको उल्लेख छ । पालिकाले जेसिबी भाडा रकम कट्टा गरी भुक्तानी दिनुपर्नेमा भाडा रकम कट्टा गरी राजस्व खातामा रकम जम्मा गरेको देखिएन । जेसिबी भाडा वापतको रकम असुल गर्नुपर्ने रू.

उपभोक्ता समितिको नाम	भुक्तानी भएको रकम	जेसिबि प्रयोग रकम
बाटो मर्मत सम्भार उपभोक्ता समिति	७७५०००	६२०८६
एकान्त टोल विकास संस्था	१२७८९३९	१४२२४२
जम्मा		**२०४३२८**

असुल गर्नुपर्ने	२,०४,३२८

७५ **बढी दर** (३८५-२०८०-३-२४)- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाले

भौ नं. ३८५-०८०।३।२४ बाट स्टेश्नरी मार्ट प्रा.लि. बाट छाता ५० थानको रू.५५०।- का दरले रू.२७,५००।— भुक्तानी गरेकोमा उक्त फर्मले छाताको मूल्यको रू.५००।- का दरले उपलब्ध गराउने गरी दररेट पेश गरेको छ । पेश गरेको दररेट भन्दा बढी दरले खरिद गर्दा रू.२,५००।— बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	२,५००

७६ **जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास कार्यक्रम** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६९ मा सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्दा परामर्शदाताले सम्पादन गर्नुपर्ने कार्यको विवरण तथा कार्यक्षेत्रगत शर्त सहितको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले पूर्वाञ्चल स्कील एण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. लि. लाई जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास कार्यक्रम सञ्चालन गरेको रू.६,४४,६६५।— खर्च लेखेको छ । पालिकाले जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास कार्यक्रम सञ्चालन गर्न परामर्श सेवाको कार्यक्षेत्रगत शर्त (TOR) अनुसार लागत अनुमान तयार गर्नुपर्नेमा सो नगरी ३ सेवा प्रदायकसँग सोझै दररेट माग गरी खरिद गरेको पाइयो । लागत अनुमान तयार नगरी सोझै सेवा प्रदायक सँग सम्झौता गरेकोले खर्चको वास्तविकता एकिन हुन सकेन । कार्य क्षेत्रगत शर्त समेत तयार नगरेकोले कार्यक्रम सञ्चालन प्रकृया सम्बन्धी स्पष्ट हुन सकिएन । उक्त संस्थाले पेश गरेको प्रतिवेदन अनुसार कार्यालयको सभाहलमा ९।२५ गते ४४ जना सहभागी, ९।२६ गते ४२ जना सहभागी र १०।३ गते ३५ जना सहभागीलाई ८ बजे देखि ५ बजे सम्म कार्यक्रम सञ्चालन भएको हाजिरी विवरण पेश हुन आएको छ । ३ दिन सञ्चालित उक्त कार्यक्रमको खर्च उपलब्धिता तथा खर्च शीर्षक वर्गिकरण सहितको पुष्टयाई प्रमाण पेश हुनुपर्ने रू.

प्रमाण पेश नगरेको	६,४४,६६५

७७ **न्यायिक समितिको कार्यक्रम**

७७.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ । पालिकाले भौचर नं ६५९-२०८०।०३।१४ बाट २०८०।०६।०७-१४ सम्म भएको न्यायिक समिति कार्यक्रमको कोपिला अधिकारीको रू.३,३९,५००।- पेस्की फस्यौंट गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

क) **कर कट्टी**

..........(प्रारम्भिक प्रतिवेदन उपर कर रकम असुल गरी प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२३ को निर्णयबाट रू.२५,९२०।- सम्परीक्षण गरिएको ।)

ख) **प्रशिक्षक होटलबास खर्च -** प्रशिक्षक श्री चेतराज विष्ट र श्री संगीता थापालाई होटलवास खर्च वापत प्रतिव्यक्ति रू.१६,०००।- भुक्तानी दिएकोमा होटलबास खर्चको विल भरपाई संलग्न नभएको र नियमानुसार करकट्टा गरेको देखिँदैन । नियमानुसार लाग्ने कर रकम रू. ४,८००।- असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	४,८००

७७.२ ग) **मेडिटेशन कक्षा -** प्रशिक्षक श्री संगिता थापालाई मेडिटेशन कक्षाको प्रशिक्षक भत्ता वापत रू.३,४००।- को दरले ३२ वटा कक्षाको रू.१,०८,८००।- भुक्तानी दिएको देखिन्छ । मेडिटेशन तालिमको प्रस्तावपत्र, कहिले र कहाँ सञ्चालन भएको, सहभागी संख्या, हाजिर तथा प्रशिक्षकसँग गरेको सम्झौता पत्र श्रेस्तामा संलग्न नभएकोले मेडिटेशन तालिम ३२ सेसन सञ्चालन भएको प्रमाण पेश गर्नुपर्ने रू.

घ) **दोहोरो भत्ता -** प्रशिक्षक श्री संगिता थापालाई मेडिटेशन तालिमको प्रशिक्षक भत्ता वापत रू.१,०८,८००।- भुक्तानी गरेकोमा पुनः Resource person fee after tds भनी रू.१०,०००।- थप गरी भुक्तानी दिएको देखिन्छ । प्रशिक्षक भत्ता दिइसकेको अवस्थामा पुनः Resource person fee after tds भुक्तानी दिनुपर्ने आधार पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

ङ) **बढी पेस्की फस्योंट -** श्री कोपिला अधिकारीको रू.३,३९,५००।- को पेस्की फस्योंट गरेकोमा प्रशिक्षक भत्ता रू.१,७२,८००।-, होटलबास खर्च रू.३२,०००।-, Resource person fee रू.१०,०००।- सहभागी यातायात खर्च रू.७५,५००।- र अन्य खर्च रू.१९,१८२।- गरी जम्मा रू.३,०९,४८२।- को बिल भरपाई संलग्न भएकोमा बिल भरपाई भन्दा बढि रकमको पेस्की फस्योंट गरेको देखिएकोले बढी फस्योंट भएको आधार पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	१,४८,०१८

७८ **अनुशिक्षण कार्यक्रम** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च लेख्नु अघि जिम्मेवार व्यक्तिले त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले भौ नं. ७०७ बाट टोल विकास संस्थालाई अनुशिक्षण कार्यक्रम अन्तर्गत विवेक भण्डारीलाई रू.३,१४,७५०।— खर्च लेखेको छ । ९ वटा वडाका विभिन्न टोल विकास संस्थाहरु समेटी उक्त कार्यक्रम सञ्चालन गरेको खर्चको श्रेस्ता परीक्षण गर्दा देहायका पालिकाले राजपत्र अनंकित कर्मचारीहरुको स्वीकृत गरेको प्रशिक्षकको पारिश्रमिक तथा प्रतिवेदन खर्च भन्दा बढी दरले खर्च लेखेको पाइयो। स्वीकृत नर्म्स भन्दा बढी दरले खर्च लेखेको रकम कार्यक्रम सञ्चालकलाई जिम्मेवार बनाई सम्बन्धित बाट असुल गर्नुपर्ने रू.

खर्च विवरण	भुक्तानी पाउने व्यक्तिको नाम	संख्या	भुक्तानी भएको दर	भुक्तानी हुनुपर्ने दर	बढी भुक्तानी
प्रशिक्षण भत्ता	लक्ष्मी अधिकारी	५	२०००	१५००	२५००
प्रशिक्षण भत्ता	प्रकाश अधिकारी	२	२०००	१५००	१०००
प्रशिक्षण भत्ता	दुर्गा खड्का	२	२०००	१५००	१०००
प्रशिक्षण भत्ता	आशिष घिमिरे	६	२०००	१५००	३०००
प्रतिवेदन	विवेक भण्डारी	१	४०००	१०००	३०००
				जम्मा	**१०५००**

असुल गर्नुपर्ने	१०,५००

७९ **महिला दिवस कार्यक्रम खर्च -** पालिकाले लक्षित वर्गको खर्च शीर्षक अन्तर्गत भौ नं. ३९ बाट महिला दिवस कार्यक्रम सञ्चालन गरी रू. ३,३१,०४५।— खर्च गरेको छ । उक्त कार्यक्रममा भएको खर्चको परीक्षण गर्दा आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले उल्लेखित कार्यक्रममा टेन्ट तथा विभिन्न सामग्री भाडामा प्रयोग गरेको रू.६५,०००।— खर्च लेखेकोमा नियमानुसार बहाल कर रू.६,५००।-कट्टा गरेको नदेखिएकोले उक्त रकम असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	६,५००

८० **दोहोरो तलब भत्ता भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च लेख्नु अघि जिम्मेवार व्यक्तिले त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले स्वास्थ्य करार अन्तर्गत देहायका कर्मचारीहरुको तलब भत्ता भुक्तानी गर्दा निजहरुको तलब सुविधा करारनामा बमोजिम थप भएको रकम भाद्र देखी बैशाख ९ महिना सम्मको रू.२,०००।– का दरले छुट भएको भनी जेठ महिनामा भुक्तानी गरेकोमा असारमा समेत पुनः भुक्तानी गरेको पाइयो । छुट तलब बापतको दोहोरो भुक्तानी भएको रकम सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्ने रू.

सि.नं.	कर्मचारीको नाम	जेठ महिनामा छुट भुक्तानी रकम	असार महिनामा छुट भुक्तानी रकम	बढी भुक्तानी
१	कोपिला अधिकारी	२०००* ९ = १८०००	२०००* ९ = १८०००	१८०००
२	समिक्षा खतिवडा	२०००* ९ = १८०००	२०००* ९ = १८०००	१८०००
३	कुसुमलता राजवंशी	२०००* ९ = १८०००	२०००* ९ = १८०००	१८०००
४	चिजन बस्नेत	२०००* ९ = १८०००	२०००* ९ = १८०००	१८०००
			जम्मा	**७२०००**

असुल गर्नुपर्ने	७२,०००

८१ **बढी तलब** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च लेख्नु अघि जिम्मेवार व्यक्तिले त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायका कर्मचारीहरुलाई तलब भत्ता भुक्तानी गर्दा नियमानुसार पाउने भन्दा बढी तलब भत्ता खर्च लेखेकोले उक्त रकम सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्ने रू.

सि.नं.	कर्मचारीको नाम	भुक्तानी भएको	भुक्तानी हुनुपर्ने	बढी भुक्तानी	कैफियत
			नगरपालिका चालुतर्फ		
१	लोकराज बराल	८१२०६	३४७३०	४६४७६	निज कर्मचारी निलम्बित भएको र निजको तलब स्केलको ५० प्रतिशतमात्र भुक्तानी गर्नुपर्नेमा कार्तिक र मंसिर महिनामा पुरै रकम भुक्तानी भएको ।
२	रोजिला कार्की	४९१००	३९१००	१००००	रोजिला कार्किलाई जेठ र आषाढ २ महिनाको तलब रू.१९,५५०।– का दरले लेख्नुपर्नेमा रू.२४,५५०।– का दरले भुक्तानी भएको ।
३	पार्वती अघोरी	३१०००	३००००	१०००	निजलाई जेठ र आषाढ २ महिनाको तलब रू.१५,०००।– का दरले लेख्नुपर्नेमा रू.१५,५००।– का दरले भुक्तानी भएको ।
४	सन्जना मुर्मु	३७०००	३४५००	२५००	निजलाई जेठ र आषाढ २ महिना र बैशाख ९ दिनको तलब रू.१५,०००।– का दरले लेख्नुपर्नेमा रू.१६,०००।– का दरले भुक्तानी भएको ।

संघीय चालुतर्फ					
५	पबित्रा पौडेल	७५९२१	०	७५९२१	निजलाई असोज र चाडपर्व खर्चको तलब दोहोरो खर्च लेखेको
६	विद्या पोखेल	७८८४१	०	७८८४१	निजलाई असोज र चाडपर्व खर्चको तलब दोहोरो खर्च लेखेको
			जम्मा	२१४७३८	

असुल गर्नुपर्ने	२,१४,७३८

८२ **संघको कर्मचारीलाई थप तलब सुविधा -** कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७ मा सरकारी सेवाका कर्मचारी समायोजन गर्ने र समायोजन हुँदा कायम हुने ग्रेडसम्बन्धी व्यवस्था रहेको र प्रदेश वा स्थानीय तहको सेवाको शैक्षिक योग्यता मिल्ने जुनसुकै सेवा, समुहको पदमा सेवा सञ्चालन गर्ने निकायको सिफारिसमा निर्देशन तथा समन्वय समितिको निर्णयबमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले समायोजन गर्न सक्ने उल्लेख छ । पालिकाले व्यवस्थापन सर्वेक्षण गर्दा दशौं तहको रहने गरी प्रमुख प्रशासकिय अधिकृतको दरबन्दी सभाबाट स्वीकृत गरेकोमा उक्त दरबन्दी प्रदेश निजामति किताबखानामा दर्ता गरेको पाइएन । पालिकाले राजपत्राकिंत द्वितिय श्रेणीका प्रमुख प्रशासकिय अधिकृतलाई कार्यपालिका निर्णय गराई दसौं तह सरको सुविधा दिने निर्णयको आधारमा यस वर्ष निजको तलब भत्तामा रू.१,४०,९४९।- थप खर्च लेखेको छ । सरकारी सेवाका कर्मचारीलाई समायोजन गर्ने र तलब सुविधासम्बन्धी व्यवस्था कर्मचारी समायोजन ऐन, २०७४ बमोजिम हुने स्पष्ट व्यवस्था रहेकोमा स्थानीयतहमा कर्मचारी समायोजन नभइ कामकाजमा आएको अवस्थामा स्वीकृत समेत नभएको दरबन्दी सरहको सुविधा दिएको सन्दर्भमा यस पालिकाबाट समायोजन ऐनको मर्मविपरित संघका प्रमुख प्रशासकिय अधिकृतलाई थप तलब सुविधा प्रदान गरेको रकम असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	१,४०,९४९

८३ **करार कर्मचारी सञ्चयकोष-** नेपालको संविधान २०७२ को धारा २२७ मा पालिकाको कर्मचारी र कार्यालय सम्बन्धि अन्य व्यवस्था प्रदेश कानुन बमोजिम हुनेछ भन्ने उल्लेख छ । प्रदेश नं. १ मा स्थानीय तहमा कर्मचारीको व्यवस्थापन सम्बन्धि प्रदेश कानुन स्वीकृत भई लागु भएको पाइएन । नेपाल सरकार, मन्त्री परिषद्को २०७४।१।२१ को निर्णयानुसार कार्यालयको स्वीकृत दरबन्दी भित्र करारमा रहेका कर्मचारीहरुलाई प्रदान गर्ने सुविधा सम्बन्धी व्यवस्थामा करारमा कार्यरत कर्मचारीहरुलाई सञ्चयकोष वा जोडकोष कट्टी गरी थप गर्ने व्यवस्था रहेको देखिँदैन । यस पालिकाले कर्मचारी जोडकोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७८ निर्माण गरी लागु गरेको छ । उक्त कार्यविधिको सि.नं. ४ मा कनकाई नगरपालिकामा २ वर्ष भन्दा बढी अवधि करारमा कार्यरत कर्मचारीहरुको लागि सम्बन्धित कर्मचारीको मासिक तलबबाट १० प्रतिशत कट्टा गरी सोही बराबरको रकम नगरपालिकाबाट थप गरी कर्मचारी जोडकोष मा रकम जम्मा गरिने र उक्त रकम बैंक वा सञ्चयकोषमा जम्मा गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले सोही कार्यविधिको आधारमा अस्थाई तथा करार कर्मचारीको मासिक तलवबाट आधारभुत तलवमानको १० प्रतिशत वरावरको रकम मासिक कट्टी गरी सोहि वरावरको रकम कार्यालयकोतर्फ बाट थप गरी सञ्चयकोषमा जम्मा गरिने व्यवस्था गरेको पाइयो । यो वर्ष पालिकाले अस्थायी र करार तर्फ का विभिन्न कर्मचारीको लागि सेवा अवधि २ वर्ष पुगे पश्चात सञ्चयकोष थप १० प्रतिशत बापत रू.११,०४,९२६।४० खर्च गरेको छ । यसरी संघीय तथा प्रदेश ऐन कानुनमा व्यवस्था नभएको तथा स्थानीय सरकार सञ्चालन ऐनमा प्रष्ट कार्यविधि बनाउने कानूनी आधार नभएकोले सेवा सुविधा रकम थप व्ययभार पर्ने गरी कार्यविधि बनाएर खर्च गरेको असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	११,०४,९२६

८४ **पदाधिकारी तथा कर्मचारी औषधी उपचार खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा गाँउ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ मा जनप्रतिनिधिहरुलाई औषधी उपचार सम्बन्धी व्यवस्था कानूनी व्यवस्था भएको देखिँदैन । पालिकाले प्रदेश ऐनमा भएको सेवा सुविधा विपरित स्वास्थ्य उपचार कल्याणकोष सञ्चालन ऐन, २०७५ पारित गरी यस वर्ष देहायका पदाधिकारी तथा कर्मचारीहरुलाई कार्यपालिका निर्णयको आधारमा औषधी उपचार खर्च रू.४५,००,०००।— भुक्तानी गरेको पाइयो । पालिकाले मेडिकल रिपोर्टको छानविन कोष समितिमार्फत गरी कार्यपालिका बैठकमा पेश गर्नुपर्ने र अवस्था हेरेर अधिकतम रू.१,५०,०००।— सम्म भुक्तानी दिन मिल्ने व्यवस्था उक्त ऐनले गरेकोमा पालिकाले सो समेत नगरी सोझै अधिकतम सिमाको रकम सहयोग गर्ने गरी निर्णय गरेको छ । कर्मचारीको हकमा सञ्चयकोष स्वास्थ्य उपचारकोषबाट रकम दावि भुक्तानी गर्नसक्ने प्रावधान समेत रहेकोमा सो माग नगरी कार्यपालिकाले निर्णय गरेर खर्च लेखेको पाइयो । त्यसैगरी निर्वाचित जनप्रतिनिधिहरुलाई प्रदेश ऐनमा व्यवस्था नभएको कानुन बनाई स्वास्थ्य उपचार खर्च भुक्तानी गरेकोले उक्त खर्च भुक्तानी गर्न मिल्ने आधार नदेखिएकाले सो रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रू.

भौ नं.	पदाधिकारी/ कर्मचारीको नाम	भुक्तानी रकम
१५२८	वडा सदस्य इन्दिरा देवी अधिकारी	१५००००
१५२८	कापा सदस्य नरादेवी मगर	१५००००
१५२८	वडा सचिव जिसु मुर्मु सतार	१५००००
	जम्मा	**४५००००**

असुल गर्नुपर्ने	४,५०,०००

८५ **पारिश्रमिक कर-** आय कर ऐन, २०५८ को दफा ८ बमोजिम रोजगारीबाट भएको आय गणना गरी दफा ८७ अनुसार कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका कर्मचारीहरुको वार्षिक आय गणना गरी तोकिएको दरमा कर कट्टी गरी दाखिला गर्नुपर्नेमा सो नगरेकोले सम्बन्धित कर्मचारीबाट असुल गरी राजश्व दाखिला हुनुपर्ने रू.

सि.नं.	कर्मचारीको नाम	जम्मा आय	खुद आय	कर योग्य आय	बार्षिक कर रकम	कट्टी कर	अपुग कर रकम
१	मोहन प्रसाद न्यौपाने	११०१४८३।५२	८०३७९२।३२	२०३७९२।३२	३६७५८	१६३७२	२०३८६
२	पिताम्बर गौतम	११०१४८३।५२	८०१४८३।५२	२०१४८३।५२	३६२९७	१५८९२	२०४०५
३	हरि प्रसाद मिश्र	९७३९४९।३२	६७३९४९।३२	७३९४९।३२	१३३९५	६३६२	७०३३
४	कुशल हुमागाई	८५६३३६।१६	६५७४२१।७६	५७४२१।७६	११७४२	६५७४	५१६८
५	कुल बहादुर गुरुङ्ग	८३५६६०।९६	६४०२४०।९६	४०२४०।९६	१००२४	६४०२	३६२२
६	तेज बहादुर पौडेल	८३५६६०।९६	६४०२४०।९६	४०२४०।९६	१००२४	६४०२	३६२२
						जम्मा	**६०२३६**

असुल गर्नुपर्ने	६०,२३६

८६ **कन्काई-विर्ता-अर्जुन नविकरणीय उर्जा तथा फोहर मैला व्यवस्थापन -** स्थानीय सरकार संचालन ऐन २०६४ को दफा २४ (६) मा नगरपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन मूल्याङ्कन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले कनकाई विर्ता अर्जुन नविकरणीय उर्जा तथा फोहोरमैला व्यवस्थापन कम्पनी लिमिटेडको दिगो सञ्चालन व्यवस्थापनका लागि तयार गरेको फोहोरमैला व्यवस्थापन संयुक्त लगानी परियोजना प्रस्ताव, २०७९ बमोजिम उक्त संस्थामा रू.१,५०,००,०००।— (१५ प्रतिशत) सेयर लगानी गर्न यस वर्ष देहायबमोजिमको विभिन्न शीर्षकबाट कार्यपालिका निर्णय गरी रू.१,२०,००,०००।- उक्त कम्पनीलाई शेयर लगानी रकम भुक्तानी गरेको छ । यस सम्बन्धी देखिएका व्यहोराहरु देहायअनुसार छः

भौ नं.	खर्च शीर्षक	भुक्तानी रकम
७१-०७९।६।३१	नगरको फोहोर दिगो व्यवस्थापनका लागी कनकाई बिर्ता अर्जुन प्रालिको शेयर खरिद	२००००००
९०-०७९।७।१७	नगरको फोहोर दिगो व्यवस्थापनका लागी कनकाई बिर्ता अर्जुन प्रालिको शेयर खरिद	१००००००
२५३-०७९।११।२	नगरको फोहोर दिगो व्यवस्थापनका लागी कनकाई बिर्ता अर्जुन प्रालिको शेयर खरिद	२००००००
३८८-०७९।१२।२७	श्रमिक स्वलम्बन उद्योग	१५०००००
३८९-०७९।१२।२७	विद्युतिकरण स्मार्ट लाइट खरिद	५०००००
५२९-०८०।२।१६	श्रमिक स्वलम्बन उद्योग	५०००००
५७४-०८०।२।२६	प्रदेश तथा संघबाट प्राप्त साझेदारीमा सञ्चालन हुने कार्यक्रम समेत	१५०००००
६२४-०८०।३।१०	माग, आवश्यक्ता अनुगमन तथा औचित्यताका आधारमा मेयर आवास कार्यक्रम संचालन	१५०००००
६२५-०८०।३।१०	माग, आवश्यक्ता अनुगमन तथा औचित्यताका आधारमा मेयर आवास कार्यक्रम संचालन	५०००००
८-०८०।३।२४	विविध खर्च	१००००००
	जम्मा	१२००००००

• यस पालिकामार्फत लगानी भएको रू.१,२०,००,०००।— को शेयर रकमको प्रमाण पत्र लेखापरीक्षणमा प्राप्त भएन । पालिकाले संस्थापक वा साधारण कुन शेयरमा लगानी गरेको हो सो समेत खुल्ने अभिलेख राखेको छैन ।

• उक्त लगानीलाई नगरपालिकाको आर्थिक विवरणमा समेत समावेश गरेको देखिएन ।

• फोहोरमैलाको दिगो व्यवस्थापनका लागि लगानी साझेदारी गर्ने सम्बन्धी गरिएको समझदारी पत्र बमोजिम उक्त कम्पनीले २०७९ पौष महिना भित्र परियोजना सञ्चालन व्यवस्थापन गर्ने गरी सम्झौता भएकोमा लेखापरीक्षण अवधि २०८० माघसम्म सोको कार्य सञ्चालन सुचारु भएको पाइएन । जैविक फोहोरमैलाबाट बायो ग्यास तथा कम्पोष्ट मलको परीक्षण उत्पादन भएको व्यहोरा पालिकाले जनाएको भएतापनी अजैविक फोहोर व्यवस्थापन गरी सो बाट प्लाष्टिक पेभमेण्ट ब्लक उत्पादन सम्बन्धी कार्य सुचारु भएको छैन । उक्त कम्पनीले बायो ग्यास तथा कम्पोष्ट मलको नियमित उत्पादन गरी उत्पादित वस्तुको बजारीकरणकालागि कार्ययोजना समेत तयार गरेको छैन ।

• फोहोरमैलाको दिगो व्यवस्थापनका लागि लगानी साझेदारी गर्ने सम्बन्धी गरिएको समझदारी पत्रमा प्रत्येक १५ दिनमा कम्पनीले गरेको कार्य प्रगति विवरण नगरपालिकालाई पठाउनुपर्ने उल्लेख गरेकोमा सोको पालना भएको छैन ।

• फोहोरमैलाको दिगो व्यवस्थापनका लागि लगानी साझेदारी गर्ने सम्बन्धी गरिएको समझदारी पत्रमा कम्पनीले कर चुक्ता प्रमाण पत्र सहितका आवश्यक कागजात समय सिमा भित्र सम्पन्न गर्नुपर्नेमा लेखापरीक्षण अवधिसम्म उक्त कम्पनीले कर चुक्ता नबुझाई नन्- फाइलर रहेको देखिन्छ ।

अतः निजी कम्पनीको शेयर खरिद गर्ने सम्बन्धमा स्पष्ट कानूनी आधार तथा प्रतिफलको सुनिश्चितता बेगर पालिकाले गरेको लगानी नियमसम्मत देखिएन ।

सैद्धान्तिक बेरुजु

८७ **अनुपातिक कट्टी-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को १(ख) मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । साथै नियम ६९ मा परामर्श सेवा खरिद गर्दा कार्यक्षेत्रगत शर्त तयार गरी सो बमोजिम प्रस्ताव माग गर्नुपर्ने व्यवस्था छ । पालिकाले लोक सेवा कक्षा सञ्चालनका लागि कार्यक्षेत्रगत शर्त तयार नगरी प्रस्तावदाताले पेश गरेको प्रस्ताव तथा बजेटको आधारमा साईबर स्पेश कम्प्यूटर इन्स्टीच्यूटसँग सम्झौता गरी कार्य गरेको छ । उक्त संस्थाले ५० दिन १०० सेसन प्रतिदिन २ सेसन १०० जना सहभागीको लागि रू.४,८८,०००।- प्रस्ताव पेश गरेकोमा पालिकाले सम्झौता गर्दा ६० देखि १०० जना सहभागी संख्याको लागि सोही रकममा सम्झौता गरेको देखिन्छ । तालिममा सहभागीको हाजिरी विवरण अनुसार ५० जना सहभागीलाई मात्र सहभागी भएको देखिन्छ। तालिमको आवश्यकताको आधारमा सहभागी संख्या यकिन गरेर सम्झौता गर्नुपर्नेमा सो गरेको देखिएन। प्रस्ताव तथा सम्झौता भन्दा ५० जना कम सहभागी भएको अवस्थामा सोही अनुपातमा रू.२,४४,०००।- कट्टा गरी भुक्तानी गर्नुपर्नेमा सबै रकम भुक्तानी दिएकोले बढी भुक्तानी गरेको रकम सम्झौता तथा भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	२,४४,०००

८८ **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा सार्वजनिक निकायले बिल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले बौद्धिक मार्ग क मा प्लम वाल तथा कालोपत्रे निर्माणको लागि रू.६५,१४,३२३।६१ लागत अनुमानमा उपभोक्ता समितिले रू.२३,५१,१६८।७० लागत साझेदारी गर्ने गरी सम्झौता गरेको छ। उपभोक्ता समितिलाई भौचर नं ८०० बाट रू.२२,३१,६४२।- भुक्तानी दिएकोमा उक्त कार्यको नापी किताबमा आर.बि.एम. स्तरीय ग्राभेल ढुवानी गरी पुर्ने काममा पूर्व भित्री ड्रेन भाग (३२०*०.५*०.३५) ५६ घनमिटर र पश्चिम भित्री ड्रेन भाग(३२५*०.५*०.३५) ५६.८८ घनमिटरको बढी नापजाँच गरी रू.७००।-का दरले रू.७९,०१६।- बढी भुक्तानी गरेको देखिन्छ । बढी नापी गरी भुक्तानी गरेको रकम उपभोक्ताको लागत साझेदारी कट्टा गरी असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	५०,४९७

८९ **पैनी सिंचाई कुलो निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार अन्तिम विल भुक्तानी गर्दा वास्तविक कार्यसम्पादनको आधारमा नापी किताब तयार गर्नुपर्ने र सोही अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले धरधरे पैनि सिँचाई कुलो निर्माण उपभोक्ता समितिलाई रू.१०,५२,८०१।६६ लागत अनुमान भएको पैनि निर्माण कार्यमा प्रदेश सरकारको तर्फबाट रू.१० लाख र उपभोक्ता समितिको रू.५२,८०१।- लागत साझेदारीमा रू.१०,१५,३४२।३७ को कार्यसम्पन्न गरेकोमा भौचर नं १७-२०८०।०३।१८ बाट रू.९,६४,४१९।- भुक्तानी दिएको देखिन्छ। उक्त कार्यको नापी किताबमा पैनि निर्माणको लागि दुई साइड तर्फ १५००*१*०.६=१८०० घ.मि.को बाँसको झ्याङ्ग हटाउने कार्यको नापी गरी प्रति घन मि.३९७.५० का दरले भुक्तानी दिएको छ । स्थलगत निरीक्षण गर्दा उक्त स्थानमा नापीमा उल्लेख भएको परिमाण नदेखिएकोले यस सम्बन्धमा पालिकाले पुनः यकिन गरी बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने देखिन्छ रू.

असुल गर्नुपर्ने	७,१५,५००

९० **कन्टिन्जेन्सी कट्टा नगरी भुक्तानी -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई निर्माण कार्यको भुक्तानी दिँदा कन्टिन्जेन्सी रकम कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले देहायको योजनाको रकम भुक्तानी गर्दा कन्टिन्जेन्सी रकम कट्टा नगरी बढी भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी रकम असुल गर्नुपर्ने रू.

भौचर नं	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	कट्टा गर्नुपर्ने रकम	कट्टा गरेको रकम	बढी भुक्तानी
५	भूकुटी मार्ग स्तर उन्नती उपभोक्ता समिति	सडक स्तरोन्ती	१२६६३४६	३६८१४	०	३६८१४

असुल गर्नुपर्ने	३६,८१४

९१ **इन्टरलकिङ ब्लकको गुणस्तर परीक्षण-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) मा सार्वजनिक निकायले आपूर्ती गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ। पालिकाले देहायबमोजिम इन्टरलकिङ ब्लकको कार्य गर्दा गुणस्तर परीक्षण नगरी भुक्तानी गरेकोले गुणस्तर सम्बन्धमा आश्वस्त हुन सकिएन । उक्त कार्यको गुणस्तर परीक्षण गरी सोको प्रमाण पेश हुनुपर्ने रू.

गो भौ नं र मिति	योजनाको नाम	भुक्तानी लिने	रकम
१७८-२०७९।०९।२९	रमाइलो वस्तीमा ब्लक लगाउने	रमाइलो वस्तीमा ब्लक विछ्याउने उपभोक्ता समिति	५३६४००

प्रमाण पेश नगरेको	५,३६,४००

९२ **इन्टरलकिङ ब्लकको गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) मा सार्वजनिक निकायले आपूर्ती गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ। 60mm देखि 80mm इन्टरलकिङ ब्लकको Strength 40N/mm2 हुनुपर्नेमा कम देखिएकोले निम्नानुसार कार्य गुणस्तरिय देखिएन यस सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।

भौचर नं र मिति	योजनाको नाम	कामको विवरण		रकम
१५०-२०८०।०९।११	जागृती मार्ग १, २ र ३ निर्माण	60mm block	32.6 N/mm2	८०००००
४५१-२०८०।०१।२१	गिता भेटवालको घर पुर्व पुरुषोत्तम चुडालको घरसम्म जाने बाटो पेवर्स	60 mm block	37.772 N/mm2	२७८५००
४५४-२०८०।०१।२२	ग्रामथान मार्ग उपभोक्ता समिति	60mm block	37.14N/mm2	२७३७७२
१५०-२०७९।०९।११	जागृती मार्ग १,२,३ निर्माण	60mm block	32.6N/mm2	८०००००

सैद्धान्तिक बेरुजु

९३ **ट्याक कोटमा बढी भुक्तानी -** सडक विभागवाट स्वीकृत सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE मा कालोपत्रे सम्बन्धी काम गराउँदा ट्याक कोट प्रति वर्ग मिटर औसत ०.४ देखि ०.६ लिटरका दरले औषतमा ०.५ लि. खपत हुने उल्लेख छ। पालिकाले देहायका उपभोक्ता समितिलाई सडक कालोपत्रे कार्यमा ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा बढी हुने गरी प्रति वर्ग मिटर १ लिटरका

दरले भुक्तानी दिएको देखियो । नर्म्स भन्दा बढी परिमाण राखि सोही बमोजिम भुक्तानी दिएको रकम उपभोक्ताको लागत साझेदारी कट्टा गरी असुल गर्नुपर्ने रू.

(विस्तृत विवरण बेरूजु दफा ९३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	१,६९,७६७

९४ **ईट्टाको काममा बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा सार्वजनिक निकायले बिल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँचमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले नर्वदेश्वर सामुदायिक भवन निर्माण कार्यको लागि सम्झौता गरी कार्य गरेकोमा उक्त कार्यको नापी किताबमा ईट्टाको काममा १६ वटा भेन्टिलेसनको भाग घटाउनुपर्नेमा जोडेर नापजाँच गरी सोही बमोजिम भुक्तानी गरेको देखिन्छ। घटाउनुपर्ने भाग जोडेर बढी भुक्तानी दिएको देखिएकोले उपभोक्ताको लागत साझेदारी रकम कट्टा गरी बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रू.

कामको विवरण	हुनुपर्ने परिमाण	भएको परिमाण	फरक परिमाण	दर	रकम	बढी भुक्तानी
१:४ ईट्टाको काम	४३.२७	४४.१४	०.८७	१४०००	१२१८०	११४७८

असुल गर्नुपर्ने	११,४७८

९५ **गत वर्षको भुक्तानी**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को दफा ३९ मा चालू वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी प्रमाणित गराई राख्नुपर्ने उल्लेख छ । साथै जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले भौचर नं २५-२०८०।०६।०२ बाट वडा कार्यालय भवन निर्माण उपभोक्ता समितिलाई उपभोक्ता समितिको निवेदनको आधारमा अघिल्लो वर्षको भुक्तानी बाँकी रू.५६,०००।- भुक्तानी दिएकोमा भुक्तानी बाँकी प्रमाणीत गरेको देखिएन साथै खर्च प्रमाणित गर्ने बिल भरपाई समेत संलग्न नगरी भुक्तानी दिएको देखिन्छ । भुक्तानी बाँकी प्रमाणित नभएको र बिल भरपाई समेत संलग्न नगरी भुक्तानी दिएकोले भुक्तानी बाँकीको प्रमाण पेश गर्नुपर्ने अन्यथा भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	५६,०००

९६ **प्रिमिक्स कार्पेट परिमाण बढी भुक्तानी** - सडक विभागको Standard Specifications for Road and Bridge Works को clause no.1310 मा प्रिमिक्सको मोटाई 20mm हुने उल्लेख छ। पालिकाले देहायबमोजिमको कालोपत्रे गर्दा 35mm देखि 40mm सम्म मोटाई राखी भुक्तानी दिएको देखिन्छ। नर्म्समा उल्लेख भएभन्दा बढी मोटाई नापजाँच गरी भुक्तानी दिएको रकम नियमसम्मत नदेखिएको रू.

(विस्तृत विवरण बेरूजु दफा ९६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

अनियमित भएको	४,८४,५६३

९७ **कर कट्टी** - आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ मा भुक्तानीमा कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिम भुक्तानी गर्दा नियमानुसार कट्टा गर्नुपर्ने रकमभन्दा घटी कर कट्टा गरेको देखिन्छ । घटी कर कट्टा गरेको रकम असुल गर्नुपर्ने रू.

भौचर नं र मिति	उपभोक्ता समितिको नाम	भुक्तानी रकम	कट्टा गर्नुपर्ने कर रकम	कट्टा गरेको रकम	घटी रकम
५००-२०८०।०२।०५	रविन्द्र पराजुलीको घर देखि गम्भिरमानको घर सम्म ड्रेन निरमाण उ.स.	२६२१२५०	५००२५.७४	१०१३६	३९८८९.७४

असुल गर्नुपर्ने	३९,८९०

९८ **उपभोक्ता समिति मार्फत जटिल कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण, सडक कालोपत्रे लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरुमार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

(विस्तृत विवरण बेरूजु दफा ९८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

सैद्धान्तिक बेरुजु

९९ **उपभोक्ता समितिमार्फत कार्यक्रम सञ्चालन-** सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४४ अनुसार उपभोक्ता समितिबाट काम गराउदाँ मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य रोजगारी सिर्जना गर्ने भएमा उपभोक्ता समितिबाट काम गराउन मिल्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार जनसहभागितामूलक एवम श्रममूलक काम उपभोक्ता समितिमार्फत गर्न सकिने उल्लेख छ । तर उपभोक्ता समितिवाट पालिकाले कुनै मालसामान खरिद, तालिम सञ्चालन, परामर्श वा अन्य सेवा प्राप्त गर्न मिल्ने देखिदैन । पालिकाले देहायबमोजिमको खरिद कार्य तथा कार्यक्रम सञ्चालन उपभोक्ता समिति मार्फत गराई रू.१७,४६,७००।- भुक्तानी दिएको छ । उपभोक्ता समितिमार्फत कार्यक्रम तथा तालिम सञ्चालनमा खर्चको नर्म्स, कार्य क्षेत्रगत शर्त, लागत अनुमान तयार नगरी समितिले पेश गरेकै लागत अनुमानको आधारमा तालिम सञ्चालन गरेको र सहभागीहरुको छनौटको मापदण्ड समेत स्पष्ट नदेखिएकोले कार्यक्रमले अपेक्षा अनुरुप प्रतिफल प्राप्त हुने विश्वस्त आधार देखिएन । उपभोक्ता समिति मार्फत खरिद गर्ने कार्यमा नियन्त्रण गरी प्रतिस्पर्धात्मक विधि अवलम्बन गर्नुपर्दछ । साथै उपभोक्ता समितिमार्फत गरेको खरिद नियमसम्मत नदेखिएको रू.

(विस्तृत विवरण बेरूजु दफा ९९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

अनियमित भएको	१७,४६,७००

१०० **महिला मार्ग रिङ्गरोड उत्तर गाई फारम जाने बाटो उ स -** पालिकाले भौचर नं.७८ र १०२ बाट रू.४२,७०,६५४।- महिला मार्ग रिङ्गरोड उत्तर गाई फारम जाने बाटो उपभोक्ता समितिलाई भुक्तानी दिएको श्रेस्ता परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

१००.१ **उपभोक्ता समितिलाई सिमाभन्दा बढीको कार्य**

..........(प्रारम्भिक प्रतिवेदन उपर बेरुजु नियमित गरी प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२४ को निर्णयबाट रू.४२,७०,६५४।- सम्परीक्षण गरिएको ।)

१००.२ **बढी भुक्तानी-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा सार्वजनिक निकायले बिल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँचमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । प्लम वाल र ५ ठाउँमा (प्रति एक ठाउँमा ३.५ वटा) ह्युम पाइपको कार्य गरेकोमा प्लम वालको कार्यमा ह्युम पाइपको परिमाण नघटाई नापजाँच गरी भुक्तानी दिएको देखिएकोले निम्नानुसार बढी परिमाणको भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रू.
विटुमिनको गुणस्तर परीक्षण गरेको प्रमाण श्रेस्तामा संलग्न देखिएन ।

(विस्तृत विवरण बेरूजु दफा १००.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	१९,२२५

१०१ **ग्राबेल संकलन-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा सो खर्चसँग सम्बन्धित बिल,भरपाई प्राप्त भए नभएको, भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले सडक तथा संरचना मर्मत उपभोक्ता समितिलाई भौचर नं ६३१-२०८०।०३।३१ बाट रू.५,५४,०२९।- भुक्तानी दिएको श्रेस्ता परीक्षण गर्दा ११०४ घन मिटर ग्राबेल संकलन गरी स्टकमा राखेको देखिन्छ । उक्त ग्राबेल प्रयोगको प्राविधिक प्रतिवेदन पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	५,५४,०२९

१०२ **सत्संग मन्दिर निर्माण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ । पालिकाले सत्संग मन्दिर निर्माण कार्यको लागि सत्संग मन्दिर निर्माण उपभोक्ता समितिसँग सम्झौता गरी रू.१,६४,५४३।- को कार्यसम्पन्न भएकोमा भौचर नं १३-२०७९।५।२३ बाट रू.१,४५,८७६।- कार्यालयको कर्मचारी भोजराज आचार्यलाई भुक्तानी दिएको देखिन्छ। कार्य सम्पन्न गरी उपभोक्ता समितिले पेश गरेको बिल भरपाईमा १०mm को छड रू.८८(भ्याट बाहेक) का दरले ४३२ के.जी. खरिद गरेको देखिन्छ । नापी किताबमा १०mm को छड निर्माण कार्यमा प्रयोग भएको नदेखिएकोले खरिद गरेको छड प्रयोगको प्राविधिक पुष्टयाँई पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	४२,९५८

१०३ **उपभोक्ताको काम निर्माण व्यवसायी मार्फत-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्देश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा तोकिएबमोजिमको कार्यविधि पुरागरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम आँफैले सम्पन्न गर्नुपर्ने, कुनै निर्माण व्यवसायी वा सब-कन्ट्र्याक्टरबाट गर्न नपाइने व्यवस्था रहेको छ । पालिकाले उपभोक्ता समितको श्रम सहभागितामा निम्न निर्माण कार्य गर्न उपभोक्ता समिति गठन गरी कार्य सम्पन्न भएको निर्माण विलको आधारमा भुक्तानी दिएकोमा श्रेस्ता परीक्षण गर्दा उपभोक्ता समितिले भुक्तानी पाएको भन्दा बढी रकम निर्माण व्यवसायीलाई भुक्तानी गरेको देखिएकोले उक्त कार्य उपभोक्ता समितिले गरेको भन्ने पुष्टि हुदैन । उपभोक्ता समितिले निर्माण कम्पनीमार्फत कार्य गराएको विजक संलग्न राखि भुक्तानी दिएको नियमित नदेखिएको रू.

(विस्तृत विवरण बेरूजु दफा १०३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

अनियमित भएको	१३,८०,६७२

१०४ **ह्युम्पाइप खरिद** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाले ह्युमपाइप खरिदमा

ह्युमपाइपको मूल्यमा २० प्रतिशत छुट प्राप्त गरी खरीद गर्ने गरी दररेट निर्धारण गरेको पाइयो । पालिकाले देहायका भौचरबाट ह्युमपाइप खरिद गर्दा पालिकाले निर्धारण गरे बमोजिम २० प्रतिशत छुट नलिई खरिद गरेको पाइयो । पालिकाले निर्धारण गरेको दररेट बमोजिम छुट लिनुपर्ने रकम रू.६६,२२५।- को मूल्य अभिवृद्धि कर सहित रू.७४,८३४।- खरिद गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रू.

भौ नं.	आपूर्तक	ह्युमपाइपको साइज	ह्युमपाइपको दर	परिमाण	छुट हुनुपर्ने रकम
१४-०८०।३।२४	पानस सिमेन्ट कंकृट इन्डस्ट्रिज प्रा.लि.	NP ३/३००	६८२५	१९	२५९३५
		NP ३/९००	१८७७०	४	१५०१६
२१-०८०।३।४	पानस सिमेन्ट कंकृट इन्डस्ट्रिज प्रा.लि.	NP ३/३००	६८२५	१०	१३६५०
		NP ३/४५०	८७२५	२	३४९०
		NP ३/६००	१०९५०	२	४३८०
		NP ३/९००	१८७७०	१	३७५४
				जम्मा	**६६२२५**

असुल गर्नुपर्ने	७४,८३४

१०५ **हस्तान्तरण गर्न नसकिने योजना उपभोक्ता समितिबाट कार्य -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ (१२) मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरेपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष उपभोक्ता समिति मार्फत सञ्चालन गरेका आयोजनाको निर्माण सम्पन्न पछि उपभोक्ता समितिलाई नै हस्तान्तरण गरेको पाइएन । साथै पालिकाले देहायबमोजिम उपभोक्ता समितिलाई हस्तान्तरण गर्न नमिल्ने, रेखदेख तथा मर्मत सम्भार गर्ने जिम्मेवारी प्रदान गर्न नसकिने आयोजना समेत उपभोक्ता समितिबाट गराएको देखियो । हस्तान्तरण गर्न नमिल्ने प्रकृतिको निर्माण कार्य निर्माण व्यवसायी मार्फत गराउनु पर्दछ ।

भौचर नं	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
१७१	वडा कार्यालय भित्र शौचालय निर्माण उ.स.	वडा कार्यालयमा शौचालय निर्माण	४८९५९२
१२६ र १२८	प्रहरी चौकी व्यवस्थापन तथा निर्माण समिति	प्रहरी चौकी निर्माण	५०००००
३७७ र ४०९	ई.प्र.का सुरुङ्गा आवास तथा घेरावार निर्माण उ.स.	आवास निर्माण	११५८०००
		जम्मा	**२१४७५९२**

सैद्धान्तिक बेरुजु

१०६ **खानेपानी पाइप खरिद-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा सो खर्चसँग सम्बन्धित बिल,भरपाई प्राप्त भए नभएको, भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले भौचर नं ६४०-२०८०।०३।१२ बाट टेक्रा खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई पाइप

लाइन खन्ने र पुर्ने कार्यको लागि रू.१,५०,०००।- भुक्तानी दिएको देखिन्छ । श्रेस्ता परीक्षण गर्दा उक्त कार्यको लागि खानेपानी पाइप खरिद गरेको देखिएन । उक्त खानेपानी पाइप प्रासिको प्रमाण पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	१,५०,०००

१०७ **फर्माको काममा बढी भुक्तानी-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले प्लम निर्माण कार्यको सुर्योदय मार्ग प्लम निर्माण उपभोक्ता समितिलाई भौचर नं ६१३-२०८०।०३।०६ बाट रू.९,००,७४५।- भुक्तानी दिएकोमा प्लम निर्माण कार्यमा लेभल मिलाउन थप गरिएको कार्यको नापजाँच गरेको देखिन्छ। प्लम निर्माणको कार्यसम्पन्न गरिसकेपछि १०cm थप गरेको देखाई नापजाँच गरेको देखिन्छ । लागत अनुमान भन्दा घटी परिमाण कार्य भएको अवस्थामा बजेट बराबरको रकम कार्यसम्पन्न गरेको देखाउने उद्देश्यले निर्माण कार्य सम्पन्न भईसकेपछि न्यूनतम उचाईमा थप गरिएको परिमाण प्राविधिक रुपमा उपयुक्त समेत नहुने हुँदा विश्वसनिय देखिएन । अतः देहायबमोजिम थप गरिएको कार्यको भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रू.

विवरण	लम्बाई	चौडाई	उचाई	परिमाण	दर	बढी भुक्तानी
प्लम क्रंक्रिट गर्ने कार्य	१२४.४७	०.२५	०.१	३.११	६५००	२०२१५
	२४.२	०.२५	०.१८	१.०९	६५००	७०७८
फर्माको काम (२ संख्या)	१२४.४७		०.१	२४.८९	४६०.३७	११४५९
	२४.२		०.१८	८.७१	४६०.३७	४०१०
जम्मा						४२७६२
उपभोक्ता समितिको २० प्रतिशत लागत सहभागिता कट्टा पछि असुल गर्नुपर्ने रकम						**३४२१०**

असुल गर्नुपर्ने	३४,२१०

१०८ **कालिमुगा कालिनाग मन्दिर निर्माण कार्य-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा सार्वजनिक निकायले प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ ।पालिकाले कालिमुगा कालिनाग मन्दिर निर्माण कार्यको लागि कालिगुगा कालिनाग मन्दिर पुर्वाधार निर्माण उपभोक्ता समितिलाई भौचर नं २३-२०८०।०२।२२ बाट रू.९ लाख र ५५२-२०८०।०२।२२ बाट रू.३ लाख गरी जम्मा रू.१२ लाख भुक्तानी दिएको छ। नापी किताब परीक्षण गर्दा ५५८६.४२ के.जी. डण्डी प्रयोग भएकोमा स्लाबमा मेनवार १० मिमिको १६८ वटा १२.३*०.६२ को १२८१.२ केजी र स्लाबमा, डिष्टिव्युसनवार ८ मिमि ८२ वटा २४.९५*०.३९, ७९७.९ के.जी. डण्डी राखिसकेपछी पुन स्लाबमा मेनवार १०मिमिको ५६ वटा१२.३*०.६२ को ४२७.०६ के.जी. र स्लाबमा, डिष्टिव्युसनवार ८ मिमि २९ वटा २५.१*०.३९ को २८३.८८ के.जी. दोहोरो लाइन डण्डी नापेको छ । बार बेण्डिङ सेड्युल समेत नभएको र श्रेस्तामा संलग्न फोटोमा एक लेयरको जाली बनाएको देखिन्छ । डण्डीको परिमाणमा Opening को भाग घटाएको देखिंदैन। जसले गर्दा वास्तविक डण्डीको परिमाण नापी किताबमा चडाएको नदेखिएकोले डण्डीको परिमाण यकिन गर्न सकिएन रू.

प्रमाण पेश नगरेको	७,३९,९७७

१०९ **भेरिएशन** - सार्वजनिक निकायले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौताको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सृजना भई सम्झौता भन्दा घटी बढी काम गराउनु पर्दा तोकिएको अधिकारीबाट प्राविधिक पुष्टयाइ र कारण सहित प्रामाणीत गराई भेरिएसन आदेश जारी गराउनुपर्ने उल्लेख छ । पालिकाले कन्काई नमुना मा.वि. मा शैक्षिक गुणस्तर सुधार कार्यक्रम अन्तर्गत देहायअनुसार विभिन्न निर्माण कार्यको लागत अनुमान भन्दा बढीको कार्य गराएकोमा सोको प्राविधिक पुष्टयाई सहितको भेरिएशन आदेश जारी गरेको पाइएन। भेरिएशन आदेश जारी नगरी स्वीकृत लागत अनुमान भन्दा रू.१,८०,६९८।- थप कार्य गराएको नियमसम्मत नभएको रू.

कार्य विवरण	स्वीकृत लागत अनुमान	कार्य सम्पन्न रकम	बढी खर्च लेखेको रकम
वरण्डा निर्माण	९७०७१	१२६७२७	२९६५६
साइकल स्टेन्ड निर्माण	२०२४३७३	२१५४३७४	१३०००१
बाटो निर्माण	२०९९४०	२२३०३५	१३०९५

शौचालय मर्मत	६०३६७	६८३१३	७९४६
		जम्मा	१८०६९८

अनियमित भएको	१,८०,६९८

११० **योजना छनौट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले योजना बनाउँदा सामुदायिक भवन, सडक, पैनी, कल्भर्ट निर्माण, औषधी खरिद लगायतमा सालवसाली बजेट विनियोजन गरी खर्च गरे तापनि आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयको सूची तयार गरी सोमध्येबाट प्राथमिकीकरण गरी योजना छनौट गरेको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१११ **इँटाको काममा बढी दर-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(२) अनुसार लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्सको अनुसार तयार गर्नुपर्ने उल्लेख छ । DUDBC को Norms no. ५(१), ५(२) अनुसार इँटाको साईज २२४*१०८*५७ मि.मि. लाई आधार मानी घन मिटरमा ५६० वटा इँटा प्रयोग हुने नर्म्स रहेकोमा इँटाको साईज अनुसार इँटाको संख्या थप घट गर्नुपर्ने उल्लेख छ । पालिका क्षेत्रमा प्रयोग हुने ३ वटा कम्पनीको इँटा नापी गर्दा औषत साइज २३७.२२*११३.४४*७०.५६ देखिएकोले प्रति घन मिटर ४५० सम्म इँटा प्रयोग हुने देखिन्छ । पालिकाले प्रति घन मिटर ५०० इँटा प्रयोग गरी दर बिश्लेषण गरेकोले इँटाको कार्यको लागि बढी दर कायम भएको छ। इँटाको साइजको आधारमा संख्या थप घट गरी दर विश्लेषण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

११२ **कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय योजना कार्यक्रमका रकम खर्च गर्दा कानुन, मापदण्ड, कार्यबविधि बनाइ सोही अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । खर्च गरिएको रकमको सदुपयोग भए नभएको यकिन गर्ने अनुदान उपलब्ध गर्ने निकायले समय समयमा अनुगमन नियमन र प्रतिवेदन जस्ता कार्य गर्नुपर्दछ । तसर्थ अनुगमन कार्यलाइ प्रभावकारी बनाइ संघीय, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरो नहुने गरी अनुदानग्रहीको जीवनस्तरमा सुधार आए नआएको यकिन गरी रकमको पुर्ण सदुपयोग गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११३ **पुँजीगत बजेटबाट चालु प्रकृतिको खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा पुँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पुँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले पुँजीगत शीर्षकबाट नमुना छनौट गरी परीक्षण गर्दा

देहाय अनुसारका पुँजी निर्माणमा सहयोग नरहने चालु प्रकृतिको कार्यमा भुक्तानी दिएको देखिन्छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ११३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

सैद्धान्तिक बेरुजु

११४ **बैठक भत्तातर्फ**

११४.१ कार्य सञ्चालन निर्देशिका, २०७७ मा कानुन बमोजिम गठन भएको समिति वा सञ्चालक समितिको बैठकको लागि कार्यालय समय बाहेकको समयमा सम्पन्न भएको बैठकको मात्र बैठक भत्ता उपलब्ध गराउनुपर्ने र एउटै निकाय र अन्तर्गतको पदाधिकारी वा कर्मचारीमात्र बैठक बसेको भए त्यस्तो बैठकको लागि भत्ता उपलब्ध गराउने छैन भनी उल्लेख छ । त्यसैगरी समितिको बैठकमा विषयविज्ञ बाहेकका आमन्त्रित सदस्यको रुपमा सहभागी हुनेले बैठक भत्ता पाउने छैन भनी उल्लेख छ ।

- पालिकाले हरेक क्रियाकलाप, कार्यक्रम, दिवस, खरिद कार्य तथा निर्णय गर्न बैठक भत्ता भुक्तानी गर्ने गरेको पाइयो ।
- कार्यालयमा कार्यरत कर्मचारीहरुको नियमित काम समेतको समिति बनाई बैठक भत्ता वितरण गरेको पाइयो ।
- १ वटा खरिद तथा मुल्याङ्कन गर्न पटक पटक गरी ५ देखी ६ वटा समेतको बैठकको भुक्तानी गर्ने गरेको पाइयो ।
- एउटै माइन्युट पटक पटक पेश गरी खर्च दावी तथा भुक्तानी गरेको पाइयो ।
- बैठक सँग असम्बन्धित वयक्तिलाई समेत भुक्तानी विवरणमा समावेश गरी बैठक भत्ता खर्च लेखेको पाइयो ।
- बैठकको लागि विनियोजित बजेट बाहेक अन्य विभिन्न शीर्षकबाट समेत बैठक खर्च गरेको पाइयो ।
- विभिन्न समिति, शाखा, कार्यक्रम तथा निर्णयको लागि बैठक बसेको हुँदा बैठक सम्बन्धी एकीकृत अभिलेख तयार गर्नु पर्ने देखिन्छ।

पालिकाले यस वर्ष कार्यपालिका तथा नगर सभाका बैठक बाहेक कर्मचारी र पदाधिकारी बैठकको लागि रू.२५,००,०००।— विनियोजन गरेकोमा तोकिएको शीर्षक बाहेक विभिन्न अन्य शीर्षकबाट समेत गरी देहायअनुसार कुल रू.५३,८१,४०७।- खर्च गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

सैद्धान्तिक बेरुजु

११४.२ **बढी बैठक भत्ता-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च लेख्नु अघि जिम्मेवार व्यक्तिले त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकले देहायअनुसारका कर्मचारीहरुलाई विभिन्न मितिमा बसेको बैठक बापत खर्च लेख्दा पाउने भन्दा बढी खर्च लेखेको रकम असुल गर्नुपर्ने रू.

..........(प्रारम्भिक प्रतिवेदन उपर रकम असुल गरी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२ को निर्णयबाट रू.२४,०००।— र मिति २०८१।१।२३ को निर्णयबाट रू.१३,०००।- सम्परीक्षण गरिएको ।)

(विस्तृत विवरण बेरूजु दफा ११४.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	५०,०००

११४.३ **बैठक माइन्युट संलग्न नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम कार्यालयले स्वीकृत बजेट खर्च गर्दा खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्दछ । पालिकाले देहायका बैठक भत्ता भुक्तानी गर्दा बैठकको श्रेस्ता पेश नभएकोले उक्त राजस्व परामर्श समितिको १३ जना पदाधिकारी तथा कर्मचारीलाई ११ वटा बैठकको रू.१,०२,०००।— बैठक भत्ता खर्च भुक्तानी गरेकोमा पालिकाले भुक्तानी श्रेस्ता साथ हाजीरी

तथा उपस्थित माइन्युट पेश नभएकोले सोको प्रमाण पेश हुनुपर्ने अन्यथा भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रू.

सि. नं.	खर्च विवरण	भुक्तानी रकम
१	राजस्व परामर्श समितिको १३ जना पदाधिकारी तथा कर्मचारीलाई ११ वटा बैठकको बैठक भत्ता	१०२०००
२	ल्याब असिस्टेन्ट तथा रेडियोग्राफर पदको पदपूर्ति समितिको बैठक भत्ता भुक्तानी	३७०००
	जम्मा	**१३९०००**

प्रमाण पेश नगरेको	१,३९,०००

११५ **बिद्युत महशुल** - प्रदेश नं. १ सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्वन्धि निर्देशिका २०७५ को बुँदा नं २१ मा बिजुलि पानी टेलिफोन महशुल मिटर रिडिङ पछि तोकिएको समयमानै भुक्तानी गरी छुट सुविधा लिने तथा जरिवाना नतिर्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। नमुना छनौट गरी परीक्षण गर्दा नगरपालिकाले यस वर्ष निम्नानुसार बिधुत महशुल भुक्तानी गर्दा जरिवाना रू.६,६९२/- भुक्तानी गरेको छ। बजेट सुनिश्चित भएको अवस्थामा समेत ढिलाई गरी महशुल भुक्तानी गर्नाको कारण खुलाई जरीवाना बापतको रकम भुक्तानी गरेको नियमसम्मत नदेखिएको रू.

भौ नं.	विलको विवरण	जरीवाना रकम
	नगरपालिका चालुतर्फ	
१७५६	शिवालय टोल विकास संस्थाको बैशाख-असारको विद्युत महशुल	१५९६
१७२३	वडा नं. ३ को जेठ-असारको विद्युत महशुल	७६९
१५९८	कन्काई नगरपालिकाको बैशाख-असारको विद्युत महशुल	४३२७
	जम्मा	**६६९२**

अनियमित भएको	६,६९२

११६ **अन्य निकायको खर्च-** पालिकाले आफ्नो छेत्रमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरुको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्विकृती प्राप्त गरे पछी मात्र खर्च व्यहोर्नु पर्दछ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्नानुसारका संघ/संस्था र कार्यालयहरुलाई निम्नानुसारको खर्चको भुक्तानी दिएको छ ।अन्य सरकारी कार्यालयहरुको खर्च तालुक निकायका मन्त्रालयका स्वीकृती बेगर पालिकाबाट खर्च गरिएको रकम दोहोरो भए नभएको एकिन गर्न सकिएन । यसरी छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका देहायका कार्यालय तथा सघंसंस्थाहरुलाइ विभिन्न कामको लागि भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

भौ नं.	कार्यलय/ संस्थाको नाम	वापत	भुक्तानी रकम
१७३७	इलाका प्रहरी कार्यालय, सुरुङ्गा	सवारी मर्मत	१०३५०
१५६६	इलाका प्रहरी कार्यालय, घैलाडुब्बा	सवारी मर्मत	५००००

१२९५	मालपोत कार्यालय, भद्रपुर	विभिन्न विद्युतिकरणको सामग्री खरिद	१४४९२३
३७७ र ४०९	इलाका प्रहरी कार्यालय	आवास निर्माण	११५८०००
४६	इलाका प्रहरी कार्यालय	तेल खर्च	२००००
५५३	नेपाल रेडक्रस सोसाइटी	कार्यालय सञ्चालन	६०००००
१५५	सूरुङ्गा जेसिस	कार्यक्रम खर्च	१५००००
३०	पूर्व प्रहरी संगठन	भवन मर्मत	१०००००
		जम्मा	२२३३२७३

सैद्धान्तिक बेरुजु

११७ **लागत सहभागिता** - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११८ **कक्षा ८ परीक्षा सञ्चालन खर्च**

..........(प्रारम्भिक प्रतिवेदन उपर रकम असुल गरी दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२ को निर्णयबाट रू.४७,५५६।- सम्परीक्षण गरिएको ।)

११९ **कक्षा ५ परीक्षा सञ्चालन खर्च**

..........(प्रारम्भिक प्रतिवेदन उपर रकम असुल गरी दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२ को निर्णयबाट रू.१३,०४८।- सम्परीक्षण गरिएको ।)

१२० **फरक दर** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले कन्काई नमुना मा.वि. मा शैक्षिक गुणस्तर सुधार कार्यक्रम अन्तर्गत निकासा दिएको रकमबाट विद्यालयले अमानतबाट निर्माण सम्बन्धी कार्य गराएकोमा देहायका कार्यमा जिल्ला दररेट भन्दा बढी दरमा खर्च लेखेको पाइयो । बढी दरमा लागत अनुमान तयार गरी सोही बमोजिम भुक्तानी दिंदा विद्यालयलाई रू.२८,८६७।— बढी भुक्तानी भएको रकम सम्बन्धित विद्यालयबाट असुल गरी संघीय सञ्चितकोष दाखिला गर्नुपर्ने रू.

कार्य विवरण	कार्यको प्रकृती	जिल्ला दररेट अनुसारको लागत	भुक्तानी भएको दर	परिमाण	बढी भुक्तानी
बाटो निर्माण	इन्टरलकिङ्ग कन्क्रिट कार्य	११२९.८०	१२९२.६८	१०२.९१	१६६५९

साइकल स्टेन्ड निर्माण	जस्ता खरिद तथा जडान	९३४.५४	९७३.१७	३१६.०३	१२२०८
				जम्मा	**२८८६७**

असुल गर्नुपर्ने	२८,८६७

१२१ **मनोविज्ञान सम्बन्धी परामर्श -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६९ मा सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्दा परामर्शदाताले सम्पादन गर्नुपर्ने कार्यको विवरण तथा कार्यक्षेत्रगत शर्त सहितको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ नं. १८- ०७९।१२।१९ बाट मनोविज्ञान सम्बन्धी परामर्शको लागि भ्याट सहित रू.४,००,०००।— मा प्रति महिना २ वटा कार्यक्रम सञ्चालन गर्ने गरी भगवती आ.वि. सँग सोझै सम्झौता गरेको छ । सम्झौताको भुक्तानी शर्त अनुसार प्रगति विवरणको आधारमा प्रथम किस्तामा ४० प्रतिशत, दोस्रो किस्तामा ४५ प्रतिशत र अन्तिम किस्तामा १५ प्रतिशत भुक्तानी गर्ने व्यवस्था रहेकोमा पालिकाले विद्यालयलाई यस वर्ष रू.२,००,०००।— अनुदान निकास गरेको पाइयो । पालिकाले लेखापरीक्षण अवधिसम्म उक्त कार्यको प्रगति विवरण पेश गरेको पाइएन । यस सम्बन्धी पालिकाले अनुगमन गरी सम्झौता बमोजिम कार्य भए नभएको अनुगमन गर्नुपर्ने र तोकिएको कार्यक्रम सञ्चालन नभएको अवस्थामा भुक्तानी भएको खर्च विद्यालयबाट नियमानुसार जरीवाना सहित असुल गर्नु पर्ने रू.

प्रमाण पेश नगरेको	२,००,०००

१२२ **विद्यालय फर्निचर खरिद अनुदान -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ । पालिकाले कक्षा २ मा अध्ययनरत कुल विद्यार्थी संख्याको अनुपातको आधारमा देहायबमोजिमका विद्यालयलाई फर्निचर व्यवस्थापनका लागि पालिका शिक्षा पुँजीगत भौचर नं ९-२०७९।०९।०३ बाट रू.११,९९,९४०।- अनुदान दिएकोमा लेखापरीक्षण अवधिसम्म देहायका विद्यालयले खर्चको पुष्टयाई गर्ने विल, भरपाई तथा खरिद गरेका फर्निचरको जिन्सी दाखिला पेश गरेको देखिएन । विद्यालयलाई दिने कार्यविधि समेत नबनाएको साथै अनुदान दिएको रकमको यथोचित प्रयोग भए नभएको सम्बन्धमा पालिकाबाट समेत अनुगमन गरी प्रतिवेदन तयार गरेको देखिँदैन । अनुदान दिएको रकमको उद्देश्य बमोजिम समुचित प्रयोग भएको अनुगमन प्रतिवेदन तथा खर्चको पुष्टयाई गर्ने आवश्यक बिल भरपाई पेश गर्नुपर्ने रू.

क्र.सं.	विद्यालयको नाम	फर्निचर संख्या	रकम
१	श्री आदर्श विद्या मन्दिर मा.वि.	१९	९१४२४
२	श्री भृकुटी मा.वि.	४	५७१४०
३	श्री हिमाली मा.वि.	१३	१४८५६४
४	श्री जनचेतना आ.वि.	८	५७१४०
५	श्री चम्पापुर मा.वि.	७	४५७१२
६	श्री कनकाई मा.वि.	३	२१७१३२
७	श्री सरस्वती मा.वि.	३	४५७१२
		जम्मा	**६६२८२४**

……….(प्रारम्भिक प्रतिवेदन उपर विभिन्न ६ विद्यालयहरुले आवश्यक प्रमाण पेश गरेको आधारमा मिति २०८१।१।२४ को निर्णयबाट रू. ५,३७,११६।- सम्परीक्षण गरिएको ।)

प्रमाण पेश नगरेको	६,६२,८२४

१२३ **कनकाई पोलिटेक्निक इन्स्टिच्युट-** आधारभुत तहको सीप तालिम सञ्चालन गर्न एवं मध्यमस्तरीय जनशक्ति उत्पादन गर्ने विनियमावलीमा उल्लेखित कार्यक्रम संचालन हुने गरी कनकाई नगरपालिकाको पुर्ण लगानीमा, कनकाई नगरपालिका र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को साझेदारीमा कनकाई पोलिटेक्निक इन्स्टिच्युट स्थापना भएको छ । जसको सञ्चालनका लागि कनकाई पोलिटेक्निक इन्स्टिच्युट संचालन तथा व्यवस्थापन विनियमावली,२०७९ मिति २०७९।०१।०७ मा नगर कार्यपालिकाबाट स्वीकृत भएको देखिन्छ । विनियमावलीको विनियम ५ मा नगरप्रमुख संचालक समितिको अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत सदस्य, सम्बन्धित वडाको वडाध्यक्ष सदस्य, सामाजिक विकास समिति संयोजक सदस्य, शिक्षा शाखा अधिकृत वा प्रतिनिधि सदस्य, शिक्षा विद मध्येबाट अध्यक्षले मनोनयन गरेको व्यक्ति विज्ञ सदस्य १ जना, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् प्रतिनिधि सदस्य १ जना, कोअर्डिनेटर सदस्य र प्रिन्सिपल सदस्य सचिव रहने गरी संचालक समितिको गठन सम्बन्धी व्यवस्था गरेको छ । त्यस्तै विनियम २४ मा शिक्षालयको कोष तथा अन्य सम्पूर्ण हिसाब किताबको लेखा अन्तिम लेखा परीक्षण संचालक समितिबाट तोकिएको लेखापरीक्षकबाट हुने व्यवस्था गरेको छ । यस वर्ष पालिकाले फर्निचर व्यवस्थापनको लागी समानीकरण अनुदान स्रोतबाट रू.१५,००,०००।- अनुदान दिएको देखिन्छ । इन्स्टिच्युटलाई वर्षेनी पालिकाबाट विभिन्न शीर्षकमा अनुदान रकम निकासा गईरहेको छ । पालिकाकै पूर्ण लगानीमा सञ्चालित यस इन्स्टिच्युटको आर्थिक विवरण समावेश गरी पालिकाले एकीकृत आर्थिक विवरण तयार गरेको छैन साथै अन्तिम लेखापरीक्षण हालसम्म महालेखापरीक्षकबाट गराएको देखिएन । पालिकाको पूर्ण स्वामित्व रहेको संस्था भएकोले इन्स्टिच्युटको समेत आर्थिक विवरण समावेश गरी एकीकृत आर्थिक विवरण तयार गर्नुपर्ने र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट गराउने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२४ **विद्यालय सामग्री खरिद-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ । पालिकाले देहायबमोजिमका विद्यालयलाई सामाग्री खरिदको लागि रकम निकासा दिएकोमा खरिद गरेका सामग्रीहरु सम्बन्धित विद्यालयले आफ्नो जिन्सी खातामा दाखिला गरेको देखिएन । पालिकाले निकासा गरेको रकम उद्देश्यअनुरुप खर्च भए नभएको सम्बन्धमा अनुगमन प्रतिवेदन समेत तयार गरेको छैन । खरिद गरेका सामग्री सम्बन्धित विद्यालयले जिन्सी आम्दानी बाँधेको तथा पालिकाले अनुगमन गरी अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ ।

भौचर नं र मिति	विद्यालयको नाम	खरिद गरेका सामग्रीको विवरण	रकम
७१०-२०८०।०३।१९	श्री कनकाई गायत्री प्रा.वि.	कम्प्युटर टेबल, प्रोजेक्टर, स्पिकर लगायत विभिन्न सामग्री	१८००००

सैद्धान्तिक बेरुजु

१२५ **कार्यसम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२४ र १२५ मा खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि अन्तिम भुक्तानी दिनु पर्ने र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमका विद्यालयलाई निर्माण कार्यको लागि रकम निकासा दिई कार्यसम्पन्न गरेकोमा कार्यसम्पन्न प्रतिवेदनमा विद्यालयका प्र.अ. र विद्यालय व्यवस्थापन समितिका अध्यक्षको हस्ताक्षर भएको देखिएन । सम्बन्धित निकायका पदाधिकारीले हस्ताक्षर गरी कार्यसम्पन्न/ कार्यस्वीकार प्रतिवेदन तयार गर्नुपर्दछ ।

गो.भौ. नं र नाम	विद्यालयको नाम	कामको विवरण	भुक्तानी रकम
७८२-२०८०।०३।२४	श्री सरस्वती मा.वि.	शौचालय निर्माण	३०००००
७८१-२०८०।०३।२४	श्री भृकुटी मा.वि.	निर्माण कार्य	४५००००
		जम्मा	७५००००

सैद्धान्तिक बेरुजु

१२६ **क्याम्पसलाई अनुदान** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(ज) मा आधारभुत तथा माध्यमिक शिक्षा स्थानीय तहको अधिकार हुने उल्लेख छ । साथै नेपालको संविधानको अनुसूची ६ मा उच्च शिक्षा सम्बन्धी अधिकार प्रदेश सरकारको हुने उल्लेख छ । पालिकाले यस वर्ष कनकाई बहुमुखी क्याम्पसलाई विभिन्न कार्यको लागि यस वर्ष रू.१४,३०,०००।- बजेट निकासा गरी भुक्तानी दिएको देखियो। उच्च शिक्षा संचालन गर्ने संस्थालाई दिने अनुदान व्यवस्थित गर्न पालिकाले कानुन निर्माण गरेको देखिएन साथै उक्त अनुदान उपयोग गर्ने सम्बन्धिमा क्याम्पससँग कुनै प्रकारको सम्झौता समेत गरेको देखिएन । अनुदान उपयोग सम्बन्धि कानुनी व्यवस्थाका साथै क्याम्पससँग सम्झौता नगरेको अवस्थामा अनुदान उपयोगको लेखाजोखा तथा अनुगमन समेत गर्न नसकिने भएकोले सवैंधानिक अधिकार क्षेत्र, संघीय तथा प्रदेश कानुन र स्थानीय सरकार संचालन ऐन समेतका आधारमा कानुनी व्यवस्था गरेर अनुदान दिनुपर्नेमा सो गरेको नदेखिएकोले आवश्यक कानुन निर्माणगरी सोको आधारमा अनुदान तोकिएको प्रयोजनमा उपयोग भएको प्रमाण संलग्न राखी नियमित गर्नुपर्ने रू.

अनियमित भएको	१४,३०,०००

१२७ **IT Lab तथा Digital Library व्यवस्थापन**

..........(प्रारम्भिक प्रतिवेदन उपर २ विद्यालयहरुले आवश्यक प्रमाण पेश गरेको आधारमा मिति २०८१।१।२ को निर्णयबाट रू.६,१३,०००।— र मिति २०८१।१।२४ को निर्णयबाट रू.६,५०,०००।- सम्परीक्षण गरिएको ।)

१२८ **IT Lab व्यवस्थापन सामग्री खरिद** - IT Lab व्यवस्थापनका लागि रू.६ लाख ५० हजार निकासा भएकोमा श्री सरस्वती मा.वि.ले रू.६,४७,९९९।२३ को सामग्री खरिद गरेको बिल पेश गरेको देखिन्छ । विद्यालयले पेश गरेको विल तथा प्रतिवेदनमा ट्रलि स्ट्यान्ड खरिद गरेको उल्लेख भएकोमा पालिकाले अनुगमन गर्दा ट्रलि स्ट्यान्ड सट्टामा इन्भटर व्याट्रि खरिद गरेको प्रतिवेदन पेश गरेको छ । खरिद नगरेको सामग्रीको बिल पेश गरेकोले उक्त ट्रलि स्ट्यान्ड वापतको रकम रू.३५,०००।- र निकासा रकम मध्ये बाँकी रकम रू.२,०००।- गरी रू.३७,०००।- विद्यालयबाट असुल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	३७,०००

१२९ **अग्रिम कर**

..........(प्रारम्भिक प्रतिवेदन उपर कर रकम असुल गरी दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२ को निर्णयबाट रू.८,६०२।- सम्परीक्षण गरिएको ।)

१३० **गत वर्षको तलब भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च लेख्नु अघि जिम्मेवार व्यक्तिले त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश नगरी देहाय अनुसारका विद्यालयहरुलाई गत विगतको छुट रकम बापत रू.

१५३२०१।- भुक्तानी दिएको छ । पालिकाले छुट तलब सम्बन्धमा प्रमाण कागजात संलग्न नगरी शर्शत अनुदानबाट खर्च लेखेको रकम सम्बन्धीत विद्यालयबाट असुल गरी संघीय सञ्चितको दाखिला हुनुपर्ने रू.

भौ नं.	विद्यालयको नाम	छुट निकासा रकम
७८-०७९।६।८	सरस्वती मा.वि., कन्काई-२	५१९७०
	कन्काई मा.वि., कन्काई-३	४००११
	हिमाली मा.वि. कन्काई-८	६१२२०
	जम्मा	१५३२०१

प्रमाण पेश नगरेको	१,५३,२०१

१३१ **ससर्त अनुदानबाट थप पारिश्रमिक भुक्तानी** - शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० मा प्रारम्भिक बाल विकास शिक्षकको पारिश्रमिक तथा सामुदायिक विद्यालयमा कार्यरत विद्यालय सहयोगी र सहायक कर्मचारीका लागि पारिश्रमिक अनुदान उपलब्ध गराउने व्यवस्था गरेको छ । बजेट बक्तव्यमा नेपाल सरकारले निर्धारण गरे बमोजिमको न्यूनतम पारिश्रमिक रू.१५ हजार पुर्याउदा बाल विकास शिक्षक तथा सामुदायिक विद्यालयमा कार्यरत विद्यालय सहयोगी र साहयक कर्मचारीहरुको पारिश्रमिकमा थप गर्नुपर्ने रकम सम्बन्धित स्थानीय तहले व्यहोर्ने उल्लेख भएकोले सो अनुसार व्यवस्था मिलाउने उल्लेख छ । पालिकाले भौ नं. १७१ बाट विद्यालय कर्मचारी तथा बाल शिक्षकहरुको मंसिर देखि फागुनसम्मको नगरपालिकाबाट थप गरी भुक्तानी दिने पारिश्रमिक रू.१३,७२,०००।- ससर्त अनुदानबाट व्यहोरेकोले उक्त रकम पालिकाबाट सोधभर्ना गरी संघको संचित कोष दाखिला गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	१३,७२,०००

१३२ **स्यानेटरी प्याड खरिद** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्थानीय तहले विद्यालयहरुसँग समन्वय गरी विद्यालयको आवश्यकता, बजारमा प्याडको उपलब्धता, प्याडको उत्पादन तथा प्रयोग गर्ने मिति, स्थानीय तह तथा विद्यालयहरुमा भण्डारण क्षमता जस्ता पक्षलाई मध्यनजर गरी स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ । पालिकाले भौ नं. ३७५ बाट सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड वितरण गर्न जस्मिन हाईजिन प्रडक्टस प्रा.लि.बाट १६००० थान स्यानिटरी प्याड प्रति प्याकेट रू.११५।— का दरले रू.१८,४०,०००।- (मू.अ. कर समेत) मा सोझै खरिद गरेको छ । यस सम्बन्धी खर्च परिक्षण गर्दा देखिएका व्यहोराहरु देहायअनुसार छः

क) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(३) मा सार्वजनिक निकायले आपूर्ति गर्ने अधिकार एउटा मात्र आपूर्तिकर्ता सँग भएको अवस्थामा त्यस्ता सामग्री उत्पादक सँग सोझै खरिद गर्न सकिने उल्लेख छ । र यसरी सोझै खरिद गर्दा त्यस्ता उत्पादकले आफ्नो खुद्रा तथा डिलर बिक्री मूल्य सूची राष्ट्रियस्तरको समाचारपत्रमा प्रकाशन गरेको र डिलर सरहको छुट दिएको हुनुपर्ने उल्लेख छ । पालिकाले खरिद गरेको उक्त स्यानिटरी प्याडको आपूर्ति गर्ने अधिकार एउटा मात्र आपूर्तिकर्ता सँग नभई विभिन्न आपूर्तकसँग भएको अवस्थामा उक्त आपूर्तकले अभियान पत्रिकामा भाद्र ८ मा भएको सूचना बमोजिम अधिकतम खुद्रा मूल्य मात्र प्रकाशन गरेको छ । उत्पादकले डिलरलाई दिने छुट रकम प्रकाशन नगरेको अवस्थामा प्रति प्याकेटमा रू. ५ को मात्र छुट दिएको पाइयो । र अन्य पालिकामा सोही विक्रेताले सोही स्पेशिफिकेशनको सामग्री रू.९०।४० का दरले उपलब्ध गराएको छ । जसअनुसार यस पालिकाले उक्त सामग्रीमा अन्य पालिका भन्दा प्रति प्याकेट रू.२४।६० का दरले कुल

रू.३,९३,६००।— बढी व्ययभार पारी खरिद गरेको छ । तसर्थ पालिकाले नियमावलीमा तोकिएको प्रकृया पुरा नगरी सोझै खरिद गरेको नियमसम्मत नदेखिएको रू.

ख) पालिकाले आपूर्ति भएका स्यानिटेरी प्याड जिन्सी दाखिला हुनुअघि तोकिएको स्पेशिफिकेशन अनुसार भए / नभएको सम्बन्धमा सो को मुचुल्का खुलाएको पाइएन । जसकारण औषधीको गुणस्तर सम्बन्धमा एकिन गर्न सकिएन ।

ग) पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरी विद्यालयहरुलाई वितरण गरेको पाइयो । पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

अनियमित भएको	१८,४०,०००

१३३ **विद्यालय संचालन तथा व्यवस्थापन अनुदान** - भौ नं. ३८५-०८०।३।२४ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० क्रियाकलाप नं.२.७.१३.१० विद्यालय संचालन तथा व्यवस्थापन अनुदान अन्तर्गत उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया अनुसार विभिन्न विद्यालयलाई अनुदान तोकिएको दरमा निकासा भईसकेको पश्चात पालिकाले पुनः शिक्षा ससर्तबाट देहायका शीर्षकमा रू.१०,१२,०००।- खर्च लेखेको पाइयो । शिक्षा अन्तर्गत ससर्त कार्यक्रममा खर्च नभई बाँकी रकम फिर्ता गर्नुपर्नेमा पालिकाले कार्यालयको विभिन्न प्रयोजनको लागी सामग्री खरिद गरी खर्च लेखेको रकम खर्च लेख्ने जिम्मेवार पदाधिकारीबाट असुल गरी संघीय सञ्चितकोष फिर्ता गर्नुपर्ने रू.

खर्च विवरण	रकम	कैफियत	भुक्तानी पाउने
स्टेश्नरी खरिद	२५९५६०	प्रयोजन नखुलेको	आर्जन पुस्तक पसल एण्ड स्टेश्नरी सप्लार्यस
कार्यालय सामग्री खरिद	९९६८४	पशु सेवा शाखाको लागि	पाथिभारा होम मार्केट
कार्यालय सामग्री खरिद	६३१८७५	तेह्रौ नगर सभाको खर्च	स्टेश्नरी मार्ट प्रा.लि.
विविध	२५०२९	प्रयोजन नखुलेको	खगेन्द्र मिश्र
जम्मा	**१००६१४८**		

असुल गर्नुपर्ने	१०,०६,१४८

१३४ **बढी तलव भुक्तानी**

...........(प्रारम्भिक प्रतिवेदन उपर रकम असुल गरी दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२ को निर्णयबाट रू.१९,५६९।- सम्परीक्षण गरिएको ।)

१३५ **दिवा खाजा**

१३५.१ *...........(प्रारम्भिक प्रतिवेदन उपर रकम असुल गरी दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८१।१।३ को निर्णयबाट रू.२४,५४०।- सम्परीक्षण गरिएको ।)*

१३५.२ *...........(प्रारम्भिक प्रतिवेदन उपर १४ विद्यालयहरुबाट रकम असुल गरी दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८१।१।३ को निर्णयबाट रू.५,६४,०१५।- सम्परीक्षण गरिएको ।)*

१३६ **पाठ्यपुस्तक खरिद-** शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं.२.४.६.१ मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदानको व्यवस्था गरेको छ।

पालिकाले देहायका विद्यालयहरुलाई पाठ्यपुस्तक बापतको रकम निकासा दिंदा पाठ्यक्रम विकास केन्द्रले प्रकाशित दररेट भन्दा बढी दरले भुक्तानी दिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धीत विद्यालयबाट असुल गरी संघीय सञ्चितकोष दाखिला गर्नुपर्ने रू.

विद्यालयको नाम	IEMIS अनुसार विद्यार्थी संख्या	अध्ययनरत कक्षा	प्रकाशित दर	भुक्तानी दर	बढी भुक्तानी
कन्काई मा.वि.	२६६	११	२७१	५००	६०९१४
	४५०	१२	३१७	५५०	१०४८५०
भृकुटी मा.वि.	२७	११	२७१	५००	६१८३
	४१	१२	३१७	५५०	९५५३
आदर्श विद्यामन्दिर मा.वि.	९१	११	२७१	५००	२०८३९
	९९	१२	३१७	५५०	३३०६७
				जम्मा	**२३५४०६**

असुल गर्नुपर्ने	२,३५,४०६

१३७ **औषधी खरिदतर्फ**

१३७.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष सिलबन्दी एवं सोझै खरिद पक्रिया अवलम्बन गरी देहायबमोजिम रू.२५,९६,४००/- को औषधी तथा आयुर्वेदिक औषधी खरिद गरेको छ ।

आपूर्तक	खरिद विवरण	खरिद मिति	भुक्तानी रकम	खरिद विधि
स्वास्थ्य चालुतर्फ				
रबिन आयुर्बेदिक पसल	आयुर्वेदिक औषधी खरिद	०८०।२।८	४५९९५०	सोझै
ससर्ततर्फ				
हेल्पिङ्ग मल्टिपर्पोज प्रा.लि.	औषधी खरिद	०८०।२।३	१५८५०८४	सिलबन्दी दरभाउपत्र
खगेन्द्र दंगाल मार्फत	औषधी खरिद	०७९।११।३	२८४७०४	सोझै
खगेन्द्र दंगाल मार्फत	औषधी खरिद	०८०।३।२२	२६६६६२	सोझै
		कुल जम्मा	**२५९६४००**	

यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

क) पालिकाले अन्तरगतका विभिन्न स्वास्थ्य संस्थाहरुका लागि माग र आवश्यकताका आधारमा औषधी सम्बन्धी खरिद योजना तर्जुमा गरी स्वीकृत योजना बमोजिम औषधी खरिद गरेमा आदर्शतम् परिमाणमा औषधी खरिद गर्न सकिन्छ । पालिकामा कुन औषधी कति परिमाणमा खरिद गर्ने हो सो सम्बन्धमा कुनै योजना नै तयार नगरी पटक पटक औषधी आपूर्ति गरी विभिन्न शीर्षकबाट औषधी खरिद गरेको देखिन्छ । पालिकाले औषधी खरिद गर्दा खरिद गर्नुपर्ने आवश्यक्ता पुष्टयाई नगरी फरक फरक

दरमा खरिद गरेको देखिन्छ । यसरी पुष्ट्याई सहित आवश्यकता निर्धारण नगरी विभिन्न बजेट शीर्षकबाट औषधी खरिद गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

ख) खरिद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको देखिएन । जसका कारण आपूर्ति भएका औषधी डब्लु.एच.ओ. सर्टिफाइड भए नभएको सम्बन्धमा एकिन हुन सक्ने अवस्था रहेन । साथै औषधीको उत्पादन मिति ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन भनी खुलाएको प्रमाण समावेश भएको देखिएन ।

ग) आपूर्ति भएका औषधी एवं सर्जिकल सामग्री जिन्सी दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए / नभएको खुलाएको पाइएन। जसकारण औषधीको गुणस्तर सम्बन्धमा एकिन गर्न सकिएन ।

घ) औषधीको जिन्सी खाता प्रमाणित छैन ।

ङ) औषधीको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

च) औषधीको खर्च घटाउँदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।

औषधीको मौज्दात प्रणाली स्तरीय हुन सो को प्राप्ति र निकासा विच सन्तुलन कायम रहनु पर्दछ । Authorised stock level, Emergency order point औषधी प्राप्त हुने समय, Load time maximum consumption आइटम, Minimum Consumption आइटमको आधारमा खरिद प्राप्ति एवं मौज्दात अवस्थाको निर्धारण गर्नुपर्नेमा गरेको छैन । आवश्यकताको आधारमा खरिद र प्राप्ति प्रकृया निर्धारण नगरेको हुँदा मौज्दातको अवस्था अधिकतम रुपले त्रुटि एवं बढी समेत देखिन सक्छ । साथै मौज्दातमा अधिक औषधी रहँदा म्याद समाप्त हुन सक्ने र सेवा प्रवाहमा असर हुने सम्वाभना रहेकोले औषधीको माग पहिचान गरी खरिद र खर्च विच सन्तुलन कायम गर्न पर्दछ भने Pushing system लाई निरुत्साहित गरी जनतालाई निशुल्क स्वास्थ्य सेवा पुऱ्याउने तर्फ ध्यान दिनुपर्दछ । साथै तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भए नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३७.२ **भुक्तानी प्रकृया-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम ८ मा सेवा प्रदायक तथा आपूर्तिकर्तालाई पच्चिस हजार रुपैयाँ भन्दा बढी रकम भुक्तानी गर्दा एकाउण्टपेयी चेक मार्फत गर्नुपर्ने उल्लेख छ । पालिकाले भौ नं. ३७६ बाट हेल्पिङ्ग मल्टिपर्पोज प्रा.लि.मार्फत रू.२,६६,६६२।— को औषधी खरिद गरेकोमा उक्त औषधी खरिदबापतको रकम सम्बन्धित आपूर्तकलाई भुक्तानी नगरी स्वास्थ्य संयोजक खगेन्द्र दंगाललाई भुक्तानी गरेको छ । उक्त संस्थाले सिलबन्दी प्रकृयाबाट जारी गरेको बिजक भन्दा सोझै खरिद गरेको बिजक फरक प्रकृतिको रहेको पाइयो । एउटै आपूर्तकले एकै आर्थिक वर्षमा फरक प्रकृतीको बिजक जारी गरेको र सम्बन्धित आपूर्तकलाई रू.२५,०००।- भन्दा बढी रकम भुक्तानी एकाउण्टपेयी चेक वा इ एफ टि मार्फत नगरेकोले उक्त खर्च रकम सम्बन्धमा कार्यालयले एकिन गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	२,६६,६६२

१३८ **दोहोरो कार्यक्रम सञ्चालन** - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. नं. १४ मिति २०७८।५।१५ को परिपत्रमा सामाजिक सुरक्षा र गरिबी निवारण विषय संघको अधिकार सूचीभित्र रहेकोले यस्ता समानान्तर थप कार्यक्रम सञ्चालन नगर्न नगराउन अनुरोध भएको देखिन्छ । स्थानीय तहले आफ्नो आन्तरिक श्रोत समेतलाई विश्लेषण गरी अनुत्पादक, पुँजी वृद्धि नहुने, महत्वकांक्षी एवं वितरणमुखी योजनाहरुलाई निरुत्साहित गर्दै उत्पादनमुलक योजनाहरुमा बजेट विनियोजन गर्नुपर्दछ । गर्भवती आमाहरुलाई स्वास्थ्य संस्थामा सुत्केरी गराँउदा शर्शत कार्यक्रममार्फत यातायात खर्च भुक्तानी दिदै आएकोमा पालिकाले यस वर्ष उपमेयर सुत्केरी पोषण कार्यक्रम खर्च सहयोग बापत जनही रू.३,०००।— का दरले ३६५ जना सुत्केरीलाई रू.१०,९५,०००।-

तथा निवेदन तथा मृत्यू दर्ताको आधारमा मृत्यू दाहसंस्कार सहयोग बापत रू.६,७५,०००।- समेत यस वर्ष कुल रू.१७,७०,०००/- स्वास्थ्य तथा सामाजिक क्षेत्रमा खर्च गरेको छ । पालिकाको आन्तरिक आय न्यून भएको अवस्थामा यस्ता वितरणमुखी प्रकृतीका कार्यक्रम सञ्चालन गर्दा पालिकालाई व्ययभार बढेको देखिन्छ । पालिकाले आन्तरिक आय समेतको विश्लेषण गरी यस किसिमका पटके राहत स्वरुप नगद वितरण कार्यक्रम भन्दा दिर्घकालिन रुपमा समस्याको सामाधान उन्मुख तथा रोजगारी अभिवृद्धि तथा आत्मनिर्भर बनाउने कार्यक्रम सञ्चालन गर्नेतर्फ पालिकाले ध्यानपुर्याउनु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१३९ **महिला स्वास्थ्य स्वयंसेविका सुविधा भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाले २२ जना महिला स्वास्थ्य स्वयंसेविकाको मासिक संघीय चालुबाट रू.१,०००।— तथा नगरपालिकाबाट थप रू. २,०००।- यातायात खर्च र पोशाक खर्च बापत वर्षमा रू.१०,०००।- गरी कुल १२ महिनाको २२ जनाको रू.१०,१२,०००।- सुविधा खर्च लेख्नुपर्नेमा संघीय चालु बाट रू.४,५०,०००।- र नगरपालिका स्वास्थ्य चालु बाट रू. ६,५९,०००।- समेत जम्मा रू.११,०९,०००।- खर्च लेखेकोले बढी खर्च लेखेको रकम रू.९७,०००।- खर्च लेख्ने व्यक्तिलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	९७,०००

१४० **दोहोरो खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च लेख्नु अघि जिम्मेवार व्यक्तिले त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले भौ नं. शर्शत चालु ३५४ र न पा स्वास्थ्य चालु ४० बाट अवकाश प्राप्त महिलाको सम्मानजनक बिदाई कार्यक्रममा रू.३,९९,९६१।— खर्च लेखेको छ । उक्ता कार्यक्रमको बिल भरपाई परीक्षण गर्दा काठको र उडन फ्रेमको ४/४ पिस रू. ४८००।— का दरले ३८,४००।— खर्च लेखेकोमा ३ जना कर्मचारीलाई मात्र सम्मान गरेकोले ३ वटा फ्रेमको रू. १४,४००।— मात्र भुक्तानी गर्नुपर्नेमा रू. २४,०००।— बढी भुक्तानी गरेको छ । बढी भुक्तानी रकम कार्यक्रम संयोजक खगेन्द्र दंगालबाट असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	२४,०००

१४१ **इम्प्लान्ट तालिम कार्यक्रम** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाले भौ नं. ४०५ बाट नेपाल परीवार नियोजन संघ चारआलीमा संचालन भएको तालिम कार्यक्रममा अधिकृत कर्मचारीलाई रू.१,६००।— र सहायक कर्मचारीलाई रू.१,२००।— का दरले दैनिक भ्रमण भत्ता उपलब्ध गराई खगेन्द्र दंगालको पेस्की रू.१,५०,०००।— फस्यौंट गरेको विवरणमा ४.२५ दिनको दैनिक भ्रमण भत्ता खर्च लेखेकोमा १५ किलोमिटर सम्मको दुरीमा रहेको उक्त कार्यक्रममा यातायात खर्च मात्र खर्च लेख्नुपर्नर्मा भ्रमण खर्च भुक्तानी गरेको पाइयो । बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रू.

कर्मचारीको नाम	दिन	भुक्तानी रकम	पाउनुपर्ने यातायात खर्च	बढी भुक्तानी
मोहन प्रसाद न्यौपाने	५	६८००	२०००	४८००
नारायण अधिकारी	५	६८००	२०००	४८००

दुर्गा खड्का	५	६८००	२०००	४८००
जम्मा				१४४००

..........(प्रारम्भिक प्रतिवेदन उपर रकम असुल गरी दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२ को निर्णयबाट रू.४,८००।- सम्परीक्षण गरिएको ।)

असुल गर्नुपर्ने	१४,४००

१४२ **कर कट्टी**- आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८९ अनुसार भएको कारोबारको भुक्तानी गर्नुपूर्व नियमानुसार अग्रीम कर कट्टि गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्नानुसारको भुक्तानीमा उपर्युक्त व्यवस्था बमोजिमको कर कट्टा गरेको देखिएन । अतः देहायका सम्बन्धित फर्म तथा व्यक्तिवाट कर बापत लाग्ने रकम असुल गरी दाखिला गर्नुपर्ने देखिएको रू.

भौ.नं.	**विवरण**	**भुक्तानी पाउने**	**भुक्तानी रकम**	**असुल गर्नुपर्ने रकम**	**कैफियत**
			नगरपालिका चालुतर्फ		
१८००	ल्यापट्टप खरिद	हाईटेक कम्प्यूटर	७८०००	१०३५	कर कट्टी नगरेको
१७३६	मायाको चिनो, दोसल्ला खरिद	विजय पाठक	२०००००	२९१९	कर कट्टी नगरेको
१७३०	बालमैत्री कार्यक्रम सञ्चालन	उमानाथ ढकाल	५०००	६७०	कर कट्टी नगरेको
१८११	का.स.मुको बैठक भत्ता	सम्झना तिवारी	५००००	१०२७५	रू. ६८५००।— बैठक भत्ता वितरण गर्दा १५ प्रतिशत कर कट्टी नगरेको
४३	वित्त चित्र निर्माण खर्च	पूर्वाञ्चल मिडिया एण्ड इलेक्ट्रोनिक्स	७००००	८०९९	भ्याट बिल पेश नगरी टुक्रे बिल पेश गरी रू. २४०१।— मात्र कर कट्टी भएको
२२	ढाका साडी खरिद	ढाका टोपी स्टोर्स	१०००००	१३५००	भ्याट बिल पेश नगरेकोमा रू. १५००।— मात्र कर कट्टी भएको
३५	उद्घोषण प्रशिक्षण कार्यक्रम	शैशव मञ्च नेपाल	४००००	५४००	भ्याट बिल पेश नगरेकोमा रू. ६००।— मात्र कर कट्टी भएको
३६	प्रशिक्षण भत्ता सिलाई कटाई	नरमाया थापा	५१७५०	७२४५	पारिश्रमिक कर रू. ७७६३।— कट्टी गर्नुपर्नेमा रु ५१८।— मात्र कर कट्टी भएको
६२	कनकाई सेरोफेरो प्रकाशन	टाइम्स मिडिया नेटवर्क	७००००	९४५०	भ्याट बिल पेश नगरेकोमा रू. १०५०।— मात्र कर कट्टी भएको

६८	विभिन्न समितिको बैठक भत्ता	टिका खतिवडा	८०००	१२००	रू. ८०००।– बैठक भत्ता वितरण गर्दा १५ प्रतिशत कर कट्टी नगरेको
७२	घर भाडा भुक्तानी	सीता मिश्रा	३२०००	३२००	बहाल कर कट्टी नभएको
१३८०	कर्मचारी फुटबल प्रतियोगिता खर्च	विजय पाठक	३६२५२७	६१५३	बहाल कर रू. ४११० र अग्रीम कर रू. ६८५९ मा रू. ४८१६ मात्र कट्टी
			जम्मा	**६९१४६**	

...........(प्रारम्भिक प्रतिवेदन उपर रकम असुल गरी दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२ को निर्णयबाट रू. ५,७८२।- सम्परीक्षण गरिएको ।)

असुल गर्नुपर्ने	६९,१४६

१४३ मेयर आवास कार्यक्रम

१४३.१ यस पालिका क्षेत्र भित्र तोकिएको मापदण्ड भित्र परेका अतिविपन्न, दलित, अल्पसंख्यक, लोपोन्मुख घरवार विहिन समुदायलाई सुरक्षित आवासको व्यवस्था गर्ने उद्देश्यले मेयर आवास कार्यक्रम सञ्चालनका लागि मेयर आवास संचालन कार्यविधि, २०७४ तयार गरेको देखिन्छ । यस वर्ष पालिकाले प्रति घर रू.२ लाख ५० हजारको लागत साझेदारी गर्ने गरी अघिल्लो आर्थिक वर्ष सुरु भएका ४४ घर सहित ८५ वटा घरको कार्यसम्पन्न गरी रू.१,९१,१४,४५६।- खर्च लेखेको छ । श्रेस्ता परीक्षण गर्दा देखिएका मुख्य व्यहोराहरु निम्नानुसार छन् :

वडा नं	सम्झौता भएको घर संख्या	भुक्तानी रकम	कैफियत
१	७	१४८८०६६	२ घरको अघिल्लो आ.व.मा रनिङ विल भुक्तानी
२	१२	२९८६६२९	
३	७	१७४९९९९	
४	१०	२४६०९०९	
५	२४	५०७५९६२	अघिल्लो आ.व.मा रनिङ विल भुक्तानी
७	९	२२०९१७६	
८	६	७२४४४६	अघिल्लो आ.व.मा रनिङ विल भुक्तानी
९	१०	२४१९२६९	
जम्मा	**८५**	**१९११४४५६**	

क) कार्यविधिको दफा ३ मा आर्थिक रुपले अति विपन्न, अपांग, दलित, अल्पसंख्यक, लोपोन्मुख समुदाय, वि.सं. २०५० साल चैत्रभन्दा अगावै देखि पालिका क्षेत्रभित्र लगातार बसोबास गरिरहेको र नेपाल भित्र एकाघरको कुनैपनि सदस्यको नाममा घरजग्गा हकभोग नभएका लक्षित वर्गको पहिचान उल्लेख छ । पालिकाले वार्षिक रुपमा यस कार्यक्रम सञ्चालन गर्दै आइरहेकोमा कार्यविधिमा उल्लेख भएबमोजिमका वास्तविक लाभग्राहीहरुको संख्या, वार्षिक लक्ष्य तथा प्रगति विवरण तथा हालसम्मको प्रगति विवरण तयार गरेको देखिएन । हालसम्मको प्रगति विवरण तयार गर्नुपर्दछ ।

ख) कार्यविधिको दफा ५ र ६ मा लाभग्राहीहरुको छनौट आधार तोकिएको छ जसमा निवेदन आव्हान गर्ने, प्राप्त निवेदन अनुसार स्थलगत अनुगमन गरी मापदण्ड बमोजिम भएकाहरुको सूची निर्माण गर्ने, मापदण्डको आधारमा प्राथमिकिकरण गरी क्रमिक रुपमा आवास सेवा उपलब्ध गराइने उल्लेख छ । यस वर्ष पालिकाले कार्यक्रम सञ्चालनका लागि निवेदन आव्हान गरेको देखिएन । विगतमा सूची निर्माण गरेको र सोही आधारमा प्राथमिकीकरण गरी वडा कार्यालयको सिफारिसको आधारमा क्रमिक रुपमा आवास सेवा उपलब्ध गराउँदै आएको भन्ने पालिकाको भनाई रहेकोमा विगतमा गरेको छनौटको आधार, लाभग्राहीको सूची र हालसम्म निर्माण सम्पन्न भएका आवासको विवरण माग गरेकोमा प्राप्त नभएकोले यस आर्थिक वर्षमा निर्माण गरिएका आवासहरु समेत वास्तविक लाभग्राहीहरुको लागि भन्ने यकिन गर्ने सक्ने आधार देखिएन । कार्यक्रमको उद्देश्य अनुरुप वार्षिक प्रगति विवरण तयार गर्नुपर्दछ ।

ग) कार्यविधिको परिच्छेद ४ मा यस कार्यक्रम अन्तरगत निर्माण गरिने घर तथा जग्गाको मापदण्ड उल्लेख छ । श्रेस्ता परीक्षण गर्दा उपभोक्ता समितिले पेश गरेको फोटोहरुमा कार्यविधिले तोकेबमोजिको मापदण्ड अनुसार आवासहरु निर्माण भएको देखिँदैन। लागत अनुमान तयार गर्दा बाँसको टाटीमा माटोको लेपनको समेत लागत अनुमान तयार भएको तर अधिकांश घरहरु इँटाले बनेको फोटो संलग्न छ । जसले गर्दा कार्यक्रममा संलग्न लाभग्राहीहरु वास्तविक लाभग्राहीहरु हुन् भन्ने यकिन गर्न सकिएन ।

घ) दफा नं ९ मा आवास निर्माण कार्य लाभग्राहीहरु मध्येबाट निर्माण समिति गठन गरी सोही समिति मार्फत गरिने उल्लेख भएकोमा अधिकांश वडामा आवास निर्माण उपभोक्ता समितिका पदाधिकारी र लाभग्राहीहरु फरक फरक भएको देखिन्छ ।

ङ) दफा १० मा घर निर्माण कार्यको लागि श्रम सहभागिता लाभग्राहीबाट हुने र अदक्ष श्रमिकको लागि लाभग्राहीको श्रम सहभागिताबाट परिपूर्ति गरिने उल्लेख भएकोमा उपभोक्ता समितिका पदाधिकारी र लाभग्राहीहरु फरक फरक भएको वडा नं १, २, ५, ८ र ९ मा उपभोक्ता समितिले ५ प्रतिशत लागत साझेदारी गरेको तर लाभग्राहीहरुको श्रम सहभागिता भएको देखिंदैन। यस सम्बन्धमा पालिकाले यकिन गरी लाभग्राहीहरुको श्रम सहभागिता भएको अवस्थामा उपभोक्ता समितिबाट रकम असुल गर्नुपर्दछ।

च) यस आर्थिक वर्षमा निर्माण सम्पन्न भएका आवासहरु सम्बन्धीत लाभग्राहीहरुलाई हस्तान्तरण गरेको देखिएन ।

छ) वडा नं २ मा १२ आवासको निर्माण कार्यको लागि रू.३१,६४,१३६।- को लागत अनुमान भएकोमा रू.३१,५०,०३०।- को कार्यसम्पन्न तयार गरी भौचर नं ७६१ बाट रू.२९,८६,६२९।- भुक्तानी गरेको छ । वडा नं २ को वडा कार्यालयको च.नं. १७०२ अनुसार झ्यालको चौकोस २२ थान र ३ थान ढोकाको पल्ला लगाउन नसकेकोले वडा कार्यालयबाट पालिकालाई पत्र पठाएको देखिन्छ । वडा कार्यालयको पत्रानुसार सम्झौता बमोजिम कार्यसम्पन्न नभएको अवस्थामा काम पुरा नभएको आइटमको नापी तथा कार्यसम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी दिएको देखिएकोले अधुरो निर्माण कार्य सम्पन्न गरेर पुन नापजाँच गरी कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	२९,८६,६२९

१४३.२ झ) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ (३क) मा उपभोक्ता समितिबाट बीस लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गराउँदा बीमा गराउनुपर्ने उल्लेख छ । यस कार्यक्रमको निर्माण कार्यको बीमा गराएको देखिएन । नियमावलीको व्यवस्था बमोजिम बीमा गराउनुपर्दछ । साथै वडा नं ४ को निर्माण कार्यको बीमा रकम भुक्तानी दिएकोमा बीमा गरेको देखिँदैन। बीमा नगरेको अवस्थामा बीमा वापत भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	१३,९७०

१४४ **तराई मधेश समृद्धि कार्यक्रम** - तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७९ को दफा ५ मा आयोजना सञ्चालनका लागि कार्यक्रमको तर्फबाट अधिकतम सत्तरी प्रतिशत र स्थानीय तहको न्यूनतम तीस प्रतिशत लागत सहभागिता रहने साथै उपभोक्ता समितिबाट सञ्चालन गरिने आयोजनाको हकमा स्थानीय लागत साझेदारीसहितको कुल स्वीकृत बजेटको कम्तीमा दश प्रतिशत रकम उपभोक्ता समितिबाट लागत सहभागिता व्यहोर्नु पर्ने उल्लेख छ । साथै दफा ८ मा स्थानीय तहले आयोजना माग गर्दा आँफै वा उपभोक्ता समितिको लागत साझेदारीमध्ये कुन विधिबाट आयोजना सञ्चालन गर्ने हो खुलाउनुपर्ने व्यवस्था छ । तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत सुर्यबाटिका सामुदायिक भवन निर्माणको लागि लागत अनुमान रू.३७,८९,७५९।६१ भएको सुर्यबाटिका सामुदायिक भवन निर्माण उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गरेकोमा रू.३७,५९,३५७।०१ को कार्यसम्पन्न भएको देखिन्छ । तर निर्देशिकामा तोकिएबमोजिमको लागत साझेदारी भएको देखिएन । लागत साझेदारी सम्बन्धमा पालिकासँग आयोजना माग गर्दाको प्रस्ताव पत्र माग गरिएकोमा प्राप्त नभएकोले निर्देशिका बमोजिम उपभोक्ता समिति र पालिकाले घटी लागत साझेदारी गरेको रकम संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रू.

कार्यसम्पन्न रकम रू. ३७५९३५७	उपभोक्ता समिति	स्थानीय तह	संघीय सरकार
साझेदारी गर्नुपर्ने रकम	३७५९३६	१०१५०२६	२३६८३९५
साझेदारी गरेको रकम	१९०१०१	१०००००	३४६९२५५
घटी साझेदारी रकम	**१८५८३५**	**९१५०२६**	**-११००८६१**

असुल गर्नुपर्ने	११,००,८६१

१४५ **ILR Refrigerator**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने उल्लेख छ । पालिकाले सुमी मेडिहेल्थ प्रा. लि.सँग सम्झौता गरेर ILR Refrigerator खरिद गरी भौचर नं २१-२०८०।०२।१२ बाट रू.४,००,०००।- भुक्तानी दिएकोमा उक्त रेफ्रिजिरेटर स्पेसिफिकेशन बमोजिम भए नभएको परीक्षण गरेको देखिएन । मालसमान प्राप्त भएपछि प्राविधिक स्पेसिफिकेशन बमोजिम भए नभएको परीक्षण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१४६ **इन्फ्रारेड चुलो** (४६-२०८०-२-२२)- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५(१) मा मालसामान खरिद सम्बन्धी कारवाही सुरु गर्नु अघि सम्बन्धित सार्वजनिक निकायको खरिद एकाईले महाशाखा, शाखाबाट माग प्राप्त गरी सो माग अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई सोही बमोजिम खरिद कारवाही गर्नुपर्ने व्यवस्था छ । पालिकाले नविकरणीय उर्जा प्रविधि जडान कार्यक्रमका लागि इन्फ्रारेड विद्युतिय चुलो कैलाश एन्ड सन्स ट्रेडर्सबाट मू.अ. कर बाहेक रू.४,१८२।३० का दरले १६९ थान खरिद गरी भौचर नं ४६-२०८०।०२।२२ बाट रू.७,९८,६९३।- भुक्तानी गरेको छ । पालिकामा विभिन्न शीर्षकमा कर दस्तुर शुल्क वापत धेरै रकम तिर्ने करदातालाई कर तिर्न अभिप्रेरित गर्नका लागि वितरण गर्ने उद्देश्यले खरिद गरेको चुलो खरिद गर्दा कुनै माग संकलन नगरेको तथा आवश्यकताको पहिचान नभएको कारण १ वर्ष वारेन्टी समय रहेको उक्त चुलो लेखापरीक्षण अवधिसम्म मौज्दातमा रहेको देखिन्छ । खरिद गरेका सामान लामो समयावधिसम्म प्रयोग नगरी स्टोरमा राख्दा गुणस्तरमा कमि आउने, प्रयोग विहिन अवस्थामै वारेन्टी अवधि समाप्त हुने हुनाले आवश्यकताको पहिचान गरेर मात्र खरिद कार्य गर्नुपर्ने र खरिद गरेका समान उद्देश्य अनुरुप वितरण भएको प्रमाण पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	७,९८,६९३

१४७ **प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ**

१४७.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वडामा ३ योजना सञ्चालन गरी यस वर्ष ५४ जनालाई रोजगारी उपलव्ध गराई रू. ३०,८६,०००।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४७.२ **बढी दरमा भुक्तानी-** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सूचीकृत बेरोजगार व्यक्तिलाई रू. ५७७ का दरले १०० दिन सम्मको रोजगारी दिन सक्ने व्यवस्था रहेको छ । पालिकालले दुर्गापुर बजार सरसफाई कार्यक्रमबाट १ जना सुचिकृत बेरोजगार समुन्द्र जमदारलाई १७३ दिनको प्रतिदिन रू.६५०।— का दरले रू. १,१२,४५०।— भुकतानी दिएको छ । नियमावलीमा व्यवस्था भए बमोजिम कामदारको लागत प्रतिदिन रू.५७७।— का दरले १०० दिन रोजगार सृजनाको लागी अधिकतम रू. ५७,७००।— मात्र खर्च लेख्नुपर्नेमा नियमावलीमा भएको व्यवस्था भन्दा बढी दरले बढी दिनको भुक्तानी रकम रू. ५४,७५०।— असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	५४,७५०

१४८ **"साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास कार्यक्रम" हेफर प्रोजेक्ट नेपाल-** कनकाई नगरपालिकाले हेफर प्रोजेक्ट नेपाल नामक गैरसरकारी संस्थासँग देहायका उद्धेश्य राखी २०८० आषाढ १५ सम्म कार्यान्वयन अवधि रहेको "साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास कार्यक्रम" संचालन गर्न कुल बजेट रू. ५,००,००,०००।- को ७५ प्रतिशत रकम रू. ३,७५,००,०००।- नगरपालिकाले बेहोर्ने गरी मिति २०७८ भाद्र २० गते सम्झौता गरेको पाइयो ।

आबद्ध लाभग्राहीलाई स्वावलम्बी समूहहरू तथा सहकारीमा आबद्ध गर्दै सामाजिक पूँजीको अभिवृद्धि गर्नु,

व्यावसायिक कृषि तथा तरकारी उपजहरूको उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि गर्नु तथा बजार व्यवस्थापनमा सुधार गर्नु,

सुधारिएको बाख्रा तथा डेरी व्यवस्थापन र उन्नत प्रविधिहरूको अनुशरणबाट बाख्राको उत्पादन, उत्पादकत्व र उद्यमशीलता अभिवृद्धि र बजार व्यवस्थापनमा सुधार गर्नु,

बाख्रा विषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ सकारात्मक वातावरण सृजना गर्नु रहेको ।

सो विकास कार्यक्रम व्यवस्थापनको नेतृत्व हेफर प्रोजेक्ट नेपालले गर्ने र विकास कार्यक्रमको कार्यान्वयनको जिम्मेवारी हेफर प्रोजेक्ट नेपाल र गैर सरकारी संस्था अभियान नेपालको रहने र हेफर प्रोजेक्ट नेपालले विकास कार्यक्रम साझेदार संस्था अर्थात नगरपालिकाको क्षमता विकास गर्ने र अझ सम्पादित गुणस्तरको सुनिश्चित्ता गर्ने गरी सम्झौता गरी कार्य गरेकोमा नगरपालिकाले सो विकास कार्यक्रमका नाममा यस वर्षको बजेट खर्च रू.१,८२,१५,८६८।- समेत २०७९/८० को अन्तसम्म कुल खर्च रू.३,७१,६३,३४६।- लेखेको छ । विकास कार्यक्रमको सम्झौता, सोको कार्यान्वयनको व्यवस्था र कार्य संचालन गरेको विधि र प्रकृया स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिपालना नभएको र विकास कार्यक्रममा उल्लिखित कार्यक्रमसँग बेमेल हुने गरी समेत खर्च गरेको बेहोरा देहायमा उल्लेख छ ।

१४८.१ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(८) मा स्थानीय तहले सार्वजनिक निजी साझेदारीमा कुनै योजना सञ्चालन तथा व्यवस्थापन गर्न सक्ने व्यवस्था गरेको भए तापनि गैरसरकारी संस्थासँग स्थानीय तहले खर्च बेहोर्ने गरी कुनै योजना साझेदारी गर्न सक्ने प्रावधान रहेको छैन । स्थानीय तहले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २५ बमोजिम गैरसरकारी संस्थाले स्थानीय तहसँग समन्वय गरी आफ्ना योजना र कार्यक्रम स्थानीय तहको योजना, बजेट तथा कार्यक्रममा समावेश गराई मात्र सञ्चालन गर्न सक्ने व्यवस्था गरेको छ। गैरसरकारी संस्थाबाट कार्य गराउने सन्दर्भमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सबलीकरण, मुल प्रवाहीकरण जस्ता कार्य छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ । सो नियम ९९ मा गैरसरकारी संस्थाबाट दश लाख रूपैयाँसम्मको काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त तयार गरी कम्तिमा पन्ध्र दिनको अवधिको सूचनामार्फत कम रकमको प्रस्ताव पेश गर्ने योग्य संस्थासँग सम्झौता गर्न सकिने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीय तहले खर्च बेहोर्ने गरी कुनै योजनाको सञ्चालन तथा व्यवस्थापन गैरसरकारी संस्थाले गर्ने गरी साझेदारी गर्न सक्ने व्यवस्था नगरेको अवस्थामा पनि कृषि तथा पशु उद्यमशीलता विकास कार्यक्रम सञ्चालनका लागि नगरपालिकाले अनुमानित लागतको ७५ प्रतिशत खर्च रू.३,७५,००,०००।- बेहोर्ने गरी लागत साझेदारीको नाममा हेफर प्रोजेक्ट नेपालसँग सम्झौता गरेको तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा निर्दिष्ट क्षेत्रसँग अमिल्दो कृषि सामाग्री, पशु तथा बागवानी सम्बन्धी खरिद र ढुवानीकार्यका लागि तथा तोकिएको रकमको सीमा भन्दा बढी हुने गरी सो विकास कार्यक्रम कार्यान्वयन गर्न र सोका लागि खर्च परिचालन गर्न सो गैरसरकारी संस्थालाई अधिकार दिएको कानुनसम्मत देखिएन ।

आयोजना वा कार्यक्रमका लागि बजेट प्रस्ताव गर्दा बढी प्रतिफल वा उपलब्धि प्राप्त हुने, तुलनात्मक लाभ बढी भएका र सामाजिक लाभ उच्च भएका आयोजना तथा कार्यक्रमको प्रस्ताव गर्नुपर्दछ। प्रतिफल उच्च रहने मानिएका आयोजना तथा कार्यक्रमका मुख्य विषय र क्षेत्रमा कुल अनुमानित बजेटको बढी हिस्सा र सोको संचालनार्थ बजेटको कम हिस्सा खर्च हुने गरी बजेट तय गर्नुपर्दछ। सम्झौताबमोजिम निम्नानुसार पशु र कृषि उद्यमशीलताका ३ क्षेत्र पशु खरिद तथा ढुवानी, बागवानी तथा ढुवानी, तथा कृषि सामाग्री र यन्त्रका लागि अनुमानित लागत रू. ५ करोडको ४९.२४ प्रतिशतले रू. २ करोड ४६ लाख १८ हजार तथा ती मुख्य कृयाकलाप परिचालनका लागि भने तालिम, भ्रमण, तलब, प्राविधिक सेवालगायतमा अनुमानित लागतको ५०.७६ प्रतिशतले रू.२ करोड ५३ लाख ८२ हजारको सम्झौता गरेको छ ।

क्र. सं.	बजेट शीर्षक र कार्यक्रम	अनुमानित बजेट रू.	बजेट प्रतिशत
उद्यमशिलता कार्यक्रमको प्रत्यक्ष लागत			
१	पशु खरिद तथा ढुवानी	११११२२४००	१४.१४
२	बागवानी तथा ढुवानी	४६७००००	८.४६
३	कृषि सामाग्री तथा यन्त्र	८८२६०००	१८.६४
	जम्मा (क)	२४६१८४००	४९.२४
कार्यक्रम संचालन खर्च			
४	भ्रमण	२३०००००	४.३३
५	तालिम	८५४९५००	१६.१५
६	प्राविधिक सेवा तथा मुल्यांकन	६७३२८५०	२१.९९

७	तलब तथा सुविधा	६७२०३००	१३.६३
८	कार्यालय खर्च	१०७८९५०	२.६६
	जम्मा (ख)	२५३८१६००	५०.७६
९	**कुल अनुमानित लागत (क+ख)**	**५००००००**	**१००**

नगरपालिका मातहत नै आफ्ना योजना तथा कार्यक्रम सञ्चालनका लागि कृषि, पशु, प्राविधिक, लेखालगायतका विषयगत क्षेत्र हेर्ने सांगठनिक शाखाहरू र जनशक्ति रहेको अवस्थामा नगरपालिका आफैले सो विकास कार्यक्रम संचालन गर्न सक्ने ज्ञान, सीप र क्षमताको विश्लेषण र मुल्यांकन नै नगरी सो कार्य गैरसरकारी संस्थाबाट गराउनु जवाफदेहिपूर्ण र औचित्यपूर्ण रहेको पुष्टि हुँदैन । कृषि र पशुका लागि कुल बजेटको ४९.२४ प्रतिशत र सो कार्यक्रम परिचालनका लागि ५०.७६ प्रतिशत बजेट राख्नाले अधिकांश बजेट मुल कार्यक्रमका लागि पुँजी निर्माण गर्ने भन्दा सालबसाली खर्चमा प्रयोग हुने देखिन्छ । हेफर प्रोजेक्टले सो कार्यक्रमका लागि २५ प्रतिशत खर्च बेहोर्ने उल्लेख गरे तापनि ती खर्च कार्यक्रम संचालनसँग सम्बन्धित रहेको र संचालन खर्चको सीमा उसैको नियन्त्रणमा रहनाले सो खर्चको मितव्ययिता र दक्षता विश्लेषण गर्न सकिएन । नगरपालिका आफैले सो कार्यक्रम कार्यान्वयन गरेको भए सोका लागि नगरपालिकाका जनशक्तिका लागि तलब, प्राविधिक सेवा तथा मुल्यांकनसमेतका लागि थप लागत नपर्ने अवस्थाले लागत साझेदारीको उपादेयता अपेक्षित रहेको छैन । यो वर्षसम्म नगरपालिकाले उद्यमशीलता विकास कार्यक्रमका लागि हेफर प्रोजेक्ट नेपाललाई रू.२,८६,०४,४०७।- भुक्तानी गरेकोमा सम्झौतामा विस्तृत कृयाकलापगत बजेट उल्लेख नगर्नाले सो खर्चको विश्लेषण गर्न सकिने अवस्था रहेको पाइएन । लक्षित कार्यक्रम भन्दा संचालन लागत बढी हुने गरी यस्ता विकास कार्यक्रममा लागत स्वीकृत गर्ने र सम्झौता गर्नेलाई जिम्मेवार बनाई संभाव्यता र विस्तृत अध्ययन बेगरका यस्ता विकास कार्यक्रम संचालन गर्ने परिपाटी बन्द गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४८.२ **सम्झौता शर्त कार्यान्वयन-** पालिका र हेफर प्रोजेक्टबिच भएको सम्झौता अनुसार कुल खर्चको पालिकाले ७५ प्रतिशत र हेफर प्रोजेक्टले २५ प्रतिशत व्यहोर्नु पर्ने व्यवस्था रहेको छ । यो वर्षसम्म पालिकाले देहायअनुसार प्रोजेक्टलाई रू. २,८६,०४,४०७।— भुक्तानी दिएको र हेफरको तर्फबाट रू.८५,५८,९३९।— खर्च भएको विवरण प्राप्त भएको छ । पालिकाले कुल खर्च रकम रू.३,७१,६३,३४६।— को सम्झौतामा भएको व्यवस्था अनुसार ७५ प्रतिशतले हुने रू.२,७८,७२,५१०।- भुक्तानी गर्नु पर्नेमा रू. २,८६,०४,४०७।- भुक्तानी गरेकोले हेफरलाई सम्झौता अनुसारको अनुपातमा खर्च भुक्तानी गरेको देखिएन । पालिकाले सम्झौतामा भएको अनुपात अनुसार रू.७,३१,८९७।- बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	७,३१,८९७

१४८.३ **सम्झौता भन्दा बढी खर्च -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(७) अनुसार कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च लेख्नु अघि जिम्मेवार व्यक्तिले त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायका शीर्षकहरुमा सम्झौता शर्त भन्दा रू.६१,७३,०२९।- बढी खर्च गरेको देखियो। पालिकाले निश्चित कार्यक्रम अनुसारको सम्झौता गरी सम्झौतामा उल्लेख भएको भन्दा फरक कार्य गरी हेफर प्रोजेक्ट नेपालले पेश गरेका खर्चका विवरण र सोको पुष्टयाईलाई विस्तृत परीक्षण गर्ने गरेको पाइएन । सम्झौताको उद्धेश्य र स्वीकृत कार्यक्रम भन्दा बढी खर्च दाबी गर्ने हेफर प्रोजेक्ट नेपाल तथा सोलाई स्वीकार गर्ने अधिकारीलाई जिम्मेवार बनाई सम्झौता र स्वीकृत कार्यक्रम भन्दा बढी गरेको खर्च पालिकालाई थप व्ययभार पर्न गएको रू.

क्र.सं.	बजेट शीर्षक र कार्यक्रम	सम्झौता रकम	हाल सम्मको खर्च	सम्झौताभन्दा बढी खर्च
१	बागवानी तथा ढुवानी	४६७००००	१०१६३६४२	५४९३६४२
२	प्राविधिक सेवा तथा मुल्यांकन	५२०४१००	५८८३४८७	६७९३८७
			जम्मा	**६१७३०२९**

अनियमित भएको	६१,७३,०२९

१४८.४ **बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च लेख्नु अघि जिम्मेवार व्यक्तिले त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा रू.१,४९,८९,१०८।— र यस आर्थिक वर्ष २०७९।८० मा रू.१,३६,१५,२९९।— समेत रू.२,८६,०४,४०७।- हेफर प्रोजेक्टलाई भुक्तानी गरेकोमा हेफर प्रोजेक्टबाट कार्यालयमा रू. २,८३,५२,२८८।— को खर्च विवरण तथा विल भरपाई मात्र पेश भएको छ । पेश भएको बिल भरपाई भन्दा रू.२,५२,११९।— बढी भुक्तानी भएको रकम हेफर प्रोजेक्टबाट असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	२,५२,११९

१४८.५ **बिलविजक -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार कुनै कारोबार गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्रगति फर्म मात्र गर्नु पर्ने र रु २० हजार भन्दा बढीको खरिद गर्नुपर्दा मु अ करमा दर्ता भएकाबाट गर्ने पर्ने व्यवस्था रहेको छ त्यस्तै मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १० अनुसार कुनै कारोबारमा सत्ता हुन भने व्यक्तिले कारोबार शुरु गर्नु भन्दा अघि कारोबार दर्ता गरेको हुनुपर्ने र दफा १४ अनुसार बस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई बिजक दिनुपर्ने र नियमावली, २०५३ को नियम १७ अनुसार दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि बाहेक प्रापकलाई अनुसूची ५ र ५ क बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष हेफर प्रोजेक्टलाई रु १,३६,१५,२९९।- भुक्तानी गरेको र हेफर प्रोजेक्टले स्थानीय साझेदार अभियान नेपाल मार्फत कार्यक्रम कार्यान्वयन गरेकोमा हेफर नेपाल वा स्थानीय साझेदारले नियमानुसारको विजक या कर विजक जारी गर्ने गरेको छैन र पालिकाले समेत बिजक माग नै नगरी कारोबार रकम भुक्तानी दिने गरेको देखियो । अतः कानुन अनुसार बिल जारी नगरी आर्थिक कारोबार गरेको देखिएकोले नियमसम्मत देखिएन । यसमा यथाशिघ्र सुधार गरिनु पर्दछ ।

आयकर ऐन, २०५८ को दफा ७, ८, र ९ बमोजिम क्रमशः व्यवसाय, रोजगारी तथा लगानीको आय भए सोको गणना गरी करयोग्य आयमा कर लाग्ने व्यवस्था छ । सोही ऐनको दफा ८८ अनुसार सेवा शुल्कको भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले र दफा ८९ बमोजिम ठेक्का वा करार वापतको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। विकास कार्यक्रम संचालनका लागि तालिम, प्राविधिक सेवा र मुल्याङ्कन कार्यका लागि बजेट व्यवस्था गरेको र सोको संचालन हेफर प्रोजेक्ट नेपालले गर्ने हुँदा सो सेवाको भुक्तानीमा कर कट्टी गर्नुपर्ने देखिन्छ। तालिम तथा प्राविधिक सेवा र मुल्यांकनको लागत, दर, र कृयाकलाप नगरपालिकाले स्वीकृत गरेको पाइएन । प्राविधिक सेवा प्रदान गर्ने कार्यको लागत र सोका गतिविधि तथा सोमा के कति खर्च भयो देखिने स्पष्ट अभिलेख संलग्न नरहेको हुँदा सो सेवाको भुक्तानीमा कर कट्टी गर्नुपर्ने रकम यकिन गर्न सकिएन। हेफर प्रोजेक्ट नेपाल गैर नाफामूलक संस्था रहेको भए तापनि संस्थाको मुख्य उद्धेश्य भन्दा पृथक खोर निर्माण, प्राविधिक सेवा, कार्यक्रम तथा तालिम संचालन जस्ता प्राविधिक सेवाको भुक्तानीमा कर छुट नहुनुका साथै सो संस्थाले पुनः अर्को स्थानीय संस्था अभियान नेपालमार्फत सेवा प्रदान गराएको हुँदा अभियान नेपाललाई हुने

भुक्तानीमा सेवा शुल्क लगायतका प्रतिफल समावेश हुने हुँदा सो अवस्थामा भुक्तानी गर्दा सोमा ऐनको दफा ८८ र ८९ बमोजिम कर कट्टी गर्नु पर्ने हुन्छ । तर सो सम्बन्धी खुलासा गरेको पाइएन। उद्यमशीलता विकास कार्यक्रम संचालनका लागि तालिम र प्राविधिक सेवा जस्ता कार्यमा खर्च लेखेको तथा विकास कार्यक्रम संचालनका लागि करार गरेको हुँदा सोको भुक्तानीमा आयकर ऐन, २०५८ का उपरोक्त दफा बमोजिम कर कट्टी गर्नुपर्ने अवस्था देखिदा सो सम्बन्धमा हेफर प्रोजेक्ट नेपाललाई कर कट्टी गर्नु नपर्ने आन्तरिक राजस्व विभागको निर्णय वा कानूनी आधार पेश गर्नुपर्ने अन्यथा यो वर्षको खर्च रकम रू.१,३६,१५,२९९।- मा हेफर प्रोजेक्ट नेपालले अर्को संस्थालाई दिएको भुक्तानी रकमलाई समेत आधार लिई आयकर ऐन, २०५८ को दफा ८८ र ८९ बमोजिमको प्राकृतिक भुक्तानीमा कर कट्टी गर्न निक्यौंल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४८.६ सार्वजनिक निकायले निर्माण कार्य गर्दा, वस्तु वा सेवा खरिद गर्दा तथा कार्यक्रम संचालन गर्दा आफैले सो कार्य गर्न क्षमताको अभाव भएमा कानुन बमोजिम बाह्य पक्षबाट सो कार्य गराउँदा सक्षम पक्षको छनौट गरी सम्झौता गरिएको भन्दा अन्यबाट सो कार्य गर्न गराउन स्वीकृति दिन मिल्दैन । नगरपालिकाले कृषि तथा पशु उद्यमशीलता विकास कार्यक्रम व्यवस्थापन र संचालनका लागि सम्झौताका आधारमा रकम उपलब्ध गराए तापनि हेफर प्रोजेक्टले सो विकास कार्यक्रमको कार्यान्वयन सम्पूर्ण रूपमा स्थानीय गैरसरकारी संस्था अभियान नेपाल मार्फत गराएको छ । पहिलो पक्षको नगरपालिकाले दोस्रो पक्ष रहेको हेफर प्रोजेक्ट नेपालसँग सम्झौता गरे तापनि आवश्यकता र सक्षमताको परीक्षण बेगर नै विकास कार्यक्रमको कार्यान्वयन अन्य गैरसरकारी संस्थाले गर्न सहमति दिने र स्वीकार गर्ने, कार्यान्वयन गर्ने गराउने कार्य जवाफदेहिपूर्ण, औचित्यपूर्ण र विधिसम्मत् देखिएन ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७४ अनुसार गाउँपालिका तथा नगरपालिकाले सार्वजनिक खरिद गर्नुपर्दा संघीय सार्वजनिक खरिद ऐनबमोजिम गर्नुपर्ने उल्लेख छ। सो विकास कार्यक्रमका लागि हेफर प्रोजेक्ट नेपाललाई उपलब्ध गराएको बजेट र सोबाट गरिएका खर्च सार्वजनिक खरिद ऐन, २०६३ र सोको नियमावली, २०६४ बमोजिम हुने गरी निर्धारण र कार्यान्वयन गराएको पाइएन । साथै, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) बमोजिम स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउने उल्लेख गरे तापनि नगरपालिकाको स्रोतको परिचालन र खर्च गर्न गैरसरकारी संस्था हेफर प्रोजेक्ट नेपाललाई दिँदा सो अनुसार गरेको पाइएन । यसले गर्दा यो वर्ष खर्च लेखेको रू.१,३६,१५,२९९।- मध्ये निर्माण कार्य, वस्तु वा सेवामा लागेको खर्चको खरिद कार्य प्रतिष्पर्धी, स्वच्छ, मितव्ययी र विवेकपूर्ण ढंगबाट अधिकतम प्रतिफल हासिल हुने गरी गरेको भनि यकिन गर्न सकिएन । साथै, सोही ऐनको दफा ७३(३) बमोजिम प्रचलित कानुन बमोजिम खर्च गर्ने, लेखा राख्ने र राख्न लगाउने उत्तरदायित्व अख्तियार प्राप्त अधिकारीको हुने व्यवस्थाको पनि पालना गरेको नदेखिदा तथा संघीय खरिद ऐनबमोजिम खरिद गुरू योजना र वार्षिक खरिद योजना नबनाई विकास कार्यक्रमका लागि ऐन बमोजिमको प्रकृया नअपनाई हेफर प्रोजेक्ट नेपालमार्फत गरिएको खरिद कार्य नियमित, मितव्ययी र दक्षतापूर्ण रहेको भन्ने आधार पाइएन ।सो सम्बन्धमा जिन्सी दाखिलासहित खरिद कार्य मितव्ययी र नियमित रहेको पुष्टयाई पेश गर्नुपर्दछ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ अनुसार स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्यिन गर्नुपर्ने व्यवस्था छ । यस विकास कार्यक्रम वा कार्यक्रमका संभाव्यता अध्ययन, जोखिम, आन्तरिक नियन्त्रण, कृयाकलापगत विस्तृत गतिविधि (कृषि, पशु र बागवानीका खरिदका परिमाण, दर र रकम तथा ढुवानी) र प्रतिफलको लेखाजोखा नगरी विकास कार्यक्रम स्वीकृत गरेको छ । विकास कार्यक्रममा लाग्ने कार्यक्रमगत खर्चको भार नगरपालिकाले बेहोर्ने भए तापनि सोको व्यवस्थापन र कार्यान्वयनको जिम्मेवारी गैरसरकारी संस्थालाई दिने कार्य सार्वजनिक खरिद तथा आर्थिक कार्यविधि कानुनबमोजिम रहेको पाइएन। आर्थिक कार्यविधि तथा सार्वजनिक खरिद कानुनको पालना र जवाफदेहिताको सुनिश्चितता हुने गरी गैरसरकारी संस्थामार्फत् सार्वजनिक श्रोत खर्च गर्न गराउन आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था नगरी र कार्यालयका सम्बन्धित अधिकारीको संलग्नता बेगर गरेको खर्च नियमसम्मत् रहेको भनि यकिन गर्न सकिएन । सम्झौतामा रहेको खोर निर्माण जस्ता

प्राविधिक कार्य गर्न हेफर प्रोजेक्ट नेपाल र अभियान नेपालसँग सम्बन्धित जनशक्ति नरहेको अवस्थामा पनि सो कार्य गराएको पाइयो । सार्वजनिक खरिद र आर्थिक कार्यविधि कानुनसँग अमिल्दो हुने गरी सम्झौता गर्ने जिम्मेवार व्यक्तिलाई जवाफदेही बनाई आगामी दिनमा यस्ता सम्झौता गर्न नमिल्ने र गरेको भए त्यस्ता शर्त रद्द गरी योजना कार्यान्वयन तथा व्यवस्थापन पक्षलाई कानुनसम्मत्, मितव्ययी, तथा जवाफदेहिपूर्ण बनाउनुपर्दछ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(७) अनुसार कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । साथै, उद्यमशिलता विकास कार्यक्रमका लागि कृषि सामाग्री, बागवानी तथा पशु खरिद शीर्षकमा बजेट तथा कार्यक्रम स्वीकृत भएकोमा सोसँग असम्बन्धित कार्यमा खर्च गर्न वा सम्झौतामा स्वीकृत शीर्षक र कृयाकलाप भन्दा फरक शीर्षकमा रकमान्तर गरी वा अन्य कारण देखाई सो विकास कार्यक्रममा लागत समावेश हुने गरी खर्च लेख्न मिल्दैन। नगरपालिकाले उद्यमशीलता विकास कार्यक्रमका लागि यो वर्ष रू.१,३६,१५,२९९।- खर्च लेखेको मध्ये स्वीकृत कार्यक्रम र शीर्षकसँग असम्बन्धित खोर निर्माणमा यो वर्ष रू.१२,७८,३७७।- खर्च लेखेको पाइयो । हेफर प्रोजेक्ट नेपालले पेश गरेका खर्चका विवरण र सोको पुष्ट्याईलाई कार्यालयले विस्तृत परीक्षण गर्ने गरेको पाइएन । खोर निर्माण सम्बन्धी लागत अनुमान, खोर निर्माण र सोको लागि लाभग्राहीको छनौट, निर्माण कार्यको अभिलेखलगायतका आधार पेश भएको छैन । सम्झौताको उद्धेश्य र कार्यक्रमसँग अमिल्दो कार्यमा गरेको खर्च दाबी गर्ने हेफर प्रोजेक्ट नेपाल तथा सोलाई स्वीकार गर्ने अधिकारीलाई जिम्मेवार बनाई सम्झौता र स्वीकृत कार्यक्रम भन्दा अमिल्दो कार्य खोर निर्माणमा गरेको खर्च स्वीकृत गर्न र समर्थन गर्न मिल्ने देखिँदैन।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(३) तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम स्वीकृत कार्यक्रम र सोमा लाग्ने बजेट खर्चको कार्यान्वयन नगरपालिका आफैले गर्नुपर्नेमा साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास कार्यक्रम गैरसरकारी संस्था हेफर प्रोजेक्ट नेपालबाट गराएको पाइयो । नगरपालिकाले कृषि र पशु उद्यमशीलता विकास कार्यक्रम गैर सरकारी संस्था हेफर प्रोजेक्ट नेपालबाट गर्ने गरी सम्झौता गर्दा सो कार्य नगरपालिका आफैले गर्न सक्नेनसक्ने विश्लेषण गरेको पाइएन । सो विकास कार्यक्रम संचालन गर्न क्षमताको कमी भएको भए कानुनबमोजिम बाह्य पक्षबाट गराउँदा नगरपालिकाका कर्मचारीको ज्ञान र सीप हस्तान्तरण हुने व्यवस्था गर्नुपर्नेमा सो गरेको पनि पाइएन। सार्वजनिक स्रोतबाट संचालित कार्यक्रमको कार्यान्वयनमा नगरपालिकाको आधिकारिक संलग्नता नरहनाले विकास कार्यक्रमका लाभग्राहीलाई बाख्रा तथा मकै, धानको बिउलगायतका वस्तु वा सेवा वितरण गरेकोमा सोको प्रदायक नगरपालिका नभई गैरसरकारी संस्था हेफर रहेको भन्ने बुझाई व्याप्त रहेको हुँदा नगरपालिकाले सोको जस प्राप्त गरेको स्थिति छैन । स्थानीय कर्मचारीको संलग्नता र कार्यक्रमगत अभिलेखको अभावमा सो कार्यक्रम आवश्यक भएमा नगरपालिका आफैले अगाडि बढाउन कठिनाई हुने हुँदा यस्ता योजना र कार्यक्रम संचालनका विधि कानुनसम्मत र उपलब्धिमूलक हुने गरी तय गरेर मात्र कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था गर्नुपर्दछ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व कानुनमा कुनै फर्म, संस्था वा कम्पनीलाई पेस्की दिँदा प्रचलित कानुनबमोजिम बैंक जमानत लिनुपर्ने व्यवस्था विपरीत साझेदारिमा कृषि तथा पशुपालन उद्यमशीलता विकास कार्यक्रमको कार्यान्वयनार्थ हेफर प्रोजेक्ट नेपाललाई सम्झौताको दफा ७.२.२ बमोजिम पेस्की दिएको पाइयो । सम्झौताको उक्त दफामा पहिलो पक्ष नगरपालिकाले दोस्रो पक्ष हेफर प्रोजेक्ट नेपाललाई पहिलो किस्तामा कुल रकमको २५ प्रतिशित, दोस्रो किस्ता ५० प्रतिशत र तेस्रो किस्ता २५ रकम निकासा गर्ने उल्लेख छ । यस वर्षान्तमा पेस्की बाँकी नरहे तापनि जमानत बेगर पेस्की दिँदा सोको अन्यत्र प्रयोग हुन नपाउने गरी पेस्कीका लागि छुट्टै बैंक खाता नखोली पेस्की उपलब्ध गराएको र मासिक रूपमा खर्चको फाँटवारी र बैंक स्टेटमेण्ट लिएको पाइएन । आर्थिक कार्यविधि कानुनको प्रावधान विपरीत जमानत बेगर पेस्की दिन मिल्ने बेहोरा सम्झौतामा राखी स्वीकृत गर्ने र कानूनी व्यवस्थासँग बेमेल हुने गरी पेस्की दिनेलाई जिम्मेवार बनाई कानुनबमोजिम बाहेक सुरक्षण बेगर पेस्की दिने कार्य बन्द गर्नुपर्दछ । सार्वजनिक खरिद ऐन तथा आर्थिक कार्यविधि कानुनबमोजिम पेस्की रकमलाई अन्यत्र प्रयोग गरेमा वार्षिक १०

प्रतिशतका दरले ब्याज असुल गर्नुपर्ने प्रावधान रहेबमोजिम मासिक बैंक विवरणका आधारमा नगरपालिकाले दिएको पेस्की रकम प्रयोग गरेको अवस्था यकिन गरी अन्यत्र रकम परिचालन गरेको भए सोमा ब्याज असुल गर्नुपर्दछ।

विकास कार्यक्रम संचालनपूर्व सो सम्बन्धी विस्तृत अध्ययन विश्लेषण गर्नुपर्दछ । सोको अभावमा नै विकास कार्यक्रम तय गरेको अवस्था छ । विकास कार्यक्रमको उद्धेश्य प्राप्ति भएनभएको मूल्याङ्कन गर्नुपर्ने हुन्छ । उद्यमशीलता विकास कार्यक्रमका कृषि, बागवानी र पशु खरिद गरी तीन क्षेत्रमा गरिने विस्तृत कृयाकलापको विवरण, सोमा लाग्ने खर्च, लाभग्राहीको छनौट, अपेक्षित प्रतिफल, कार्य सम्पादन सूचक, सार्वजनिक खरिद कानुनको पालना विधि र पारदर्शिताको व्यवस्था निर्धारण नगर्नाले तथा लक्ष्य र प्रगति विवरण पेश नगर्नाले शीर्षकगत खर्चमा स्वीकृत सीमा नाघेननाघेको, विधिको पालना भएनभएको र अपेक्षित प्रगति हासिल गरेनगरेको यकिन गर्न सकिएन । संघीय बजेट र प्रादेशिक बजेटबाट अन्य कार्यालयहरूले पनि कृषि र पशु सम्बन्धी कार्यक्रम संचालन गरिरहेको अवस्थामा यस विकास कार्यक्रमको कार्य दोहोरो पर्नेनपर्ने बारे अध्ययन विश्लेषण गरेको पाइएन । विकास कार्यक्रम व्यवस्थापनको नेतृत्व र कार्यान्वयनको जिम्मेवारी हेफर प्रोजेक्ट नेपालको रहने र हेफर प्रोजेक्ट नेपालले विकास कार्यक्रम साझेदार संस्था अर्थात नगरपालिकाको क्षमता विकास गर्ने र अझ सम्पादित गुणस्तरको सुनिश्चित्ता गर्ने गरी सम्झौता उल्लेख गरे तापनि सो सम्बन्धी कारवाही गरेको पुष्टयाई पेश गरेको पाइएन ।सम्झौतामा उल्लिखित लाभग्राहीको सामाजिक पुँजीको अभिवृद्धि, कृषि तथा बाख्राको उत्पादन र उत्पादकत्वको अभिवृद्धि, बजार व्यवस्थापन, र उद्यमशीलताको अभिवृद्धि गर्ने मुख्य उद्धेश्यहरू के कति हासिल भयो भनि खर्चको सार्थकतासहित मुल्यांकन गरेको पाइएन। विकास कार्यक्रमको उद्धेश्य र खर्चको सार्थकता प्राप्त गरेनगरेको सम्बन्धमा मुल्याङ्कन गरिनुपर्दछ ।

ससर्त कृषि कार्यक्रम - वित्तीय हस्तान्तरण अन्तर्गतका कार्यक्रमहरु संचालन गर्दा सम्बन्धित कार्यक्रम संचालन मार्गदर्शन तथा कार्यविधिको आधारमा मात्र गर्नुपर्ने व्यवस्था छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतका कार्यक्रम संचालन गर्ने परियोजना कार्यान्वयन म्यानुअल स्वीकृत गरी लागु भएको छ । परियोजना म्यानुअल ४.१.९.१२ मा पकेट संचालन समन्वय समितिको व्यवस्था गरी स्थानीय तहमा कार्यक्रम संचालन गर्न लाभग्राहीको प्रतिनिधित्व रहने गरी समन्वय समिति गठन गर्नुपर्ने र पकेट क्षेत्रमा कृषि सम्बन्धी कम्पनी फर्महरु अद्यावधिक गर्नुपर्ने, पकेट क्षेत्रमा भएका पूर्वाधार, प्रविधि अभिलेख तयार गर्नुपर्ने, २ आर्थिक वर्षको पकेट संचालन कार्ययोजना तयार गर्नुपर्ने लगायतको काम तोकिएको भएतापनि उपरोक्तानुसार तथ्याङ्क विवरण अभिलेख तयार गरेको पाइएन । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत बेनुबाजा कृषि सहकारी संस्था लिमिटेड पकेट समूहलाई पकेट संचालन वापत भुक्तानी हुनुपर्नेमा हेफरलाई रू.१८,००,०००।- भुक्तानी भएको छ । साथै कार्यक्रम संचालन म्यानुअलको ३.३(ग) बमोजिम पकेटको प्रोफाइल तयार नभएको, कार्यक्रमको प्रगति परियोजना कार्यान्वयन इकाई र जिल्ला स्थित कृषि ज्ञानकेन्द्रमा प्रगति प्रतिवेदन पठाएको पाइएन । साथै निम्न कृषि ससर्त तर्फको कार्यक्रम समेत हेफरमार्फत कार्य गराई संस्थालाई भुक्तानी भएको छ । संघीय ससर्त कार्यक्रम विषयगत शाखाबाट संचालन हुनुपर्दछ ।

भौ नं र मिति	कार्यक्रमको नाम	संस्थालाई भुक्तानी
३०३-०८०।३।१	नया तथा पुराना मकैबाली पकेट विकास कार्यक्रम	१८०००००
३०३-०८०।३।१	उन्नत विउ वितरकलाई प्रोत्साहन अनुदान	१५००००
३०३-०८०।३।१	खाद्यान्न बालीको उन्नत बिउ उपयोगमा अनुदान	९२१७५०
	जम्मा	२८७१७५०

सैद्धान्तिक बेरुजु

१४९ **जैविक तथा आई.पि.एम. खेती प्रवर्द्धन कार्यक्रम, कारितास नेपाल** - कनकाई नगरपालिकाले कारितास नेपाल नामक गैरसरकारी संस्थासँग २०८० जेठ ३० सम्म कार्यान्वयन अवधि रहेको "जैविक तथा आई.पि.एम. खेती प्रवर्द्धन कार्यक्रम" संचालन गर्न कुल लागत अनुमान रू.१९,४१,६५०।— मा नगरपालिका अनुदानबाट रू.१०,०९,२००।— तथा संस्थाको तर्फबाट रू. ९,३२,४५०।- बेहोर्ने गरी मिति २०७९ असोज १४ गते सम्झौता गरेको पाइयो । कार्यक्रमका नाममा यस वर्षको बजेट खर्च रू. ११,८२,२०५।- लेखेको छ । विकास कार्यक्रमको सम्झौता, सोको कार्यान्वयनको व्यवस्था र कार्य संचालन गरेको विधि र प्रकृया स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिपालना नभएको र विकास कार्यक्रममा उल्लिखित कार्यक्रमसँग बेमेल हुने गरी समेत खर्च गरेको बेहोरा देहायमा उल्लेख छ ।

१४९.१ गैरसरकारी संस्थाबाट कार्य गराउने सन्दर्भमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सबलीकरण, मुल प्रवाहीकरण जस्ता कार्य छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ । सो नियम ९९ मा गैरसरकारी संस्थाबाट दश लाख रूपैयाँसम्मको काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त तयार गरी कम्तिमा पन्ध्र दिनको अवधिको सूचनामार्फत कम रकमको प्रस्ताव पेश गर्ने योग्य संस्थासँग सम्झौता गर्न सकिने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीय तहले खर्च बेहोर्ने गरी कुनै योजनाको सञ्चालन तथा व्यवस्थापन गैरसरकारी संस्थाले गर्ने गरी साझेदारी गर्न सक्ने व्यवस्था नगरेको अवस्थामा पनि जैविक तथा आई.पि.एम. खेती प्रवर्द्धन कार्यक्रमका लागि नगरपालिकाले अनुमानित लागत रू. १०,०९,२००।- बेहोर्ने गरी लागत साझेदारीको नाममा कारितास नेपालसँग सम्झौता गरेको तथा कार्यक्रम कार्यान्वयन गर्न र सोका लागि खर्च परिचालन गर्न सो गैरसरकारी संस्थालाई अधिकार दिएको कानुनसम्मत देखिएन ।

सैद्धान्तिक बेरुजु

१४९.२ **सम्झौता शर्त कार्यान्वयन**

✂ ***...........(प्रारम्भिक प्रतिवेदन उपर बढी खर्च नभएको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।३ को निर्णयबाट रू. २२,४९०।- सम्परीक्षण गरिएको ।)***

१४९.३ **अनुपातिक खर्च**

✂ ***...........(प्रारम्भिक प्रतिवेदन उपर अनुपातिक खर्चको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।३ को निर्णयबाट रू. ४८,७४३।- सम्परीक्षण गरिएको ।)***

१४९.४ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ अनुसार स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्यन गर्नुपर्ने व्यवस्था छ । यस विकास कार्यक्रम वा कार्यक्रमका संभाव्यता अध्ययन, जोखिम, आन्तरिक नियन्त्रण, कृयाकलापगत विस्तृत गतिविधि (कृषि, पशु र बागवानीका खरिदका परिमाण, दर र रकम तथा ढुवानी) र प्रतिफलको लेखाजोखा नगरी कार्यक्रम स्वीकृत गरेको छ । विकास कार्यक्रममा लाग्ने कार्यक्रमगत खर्चको भार नगरपालिकाले बेहोर्ने भए तापनि सोको व्यवस्थापन र कार्यान्वयनको जिम्मेवारी गैरसरकारी संस्थालाई दिने कार्य सार्वजनिक खरिद तथा आर्थिक कार्यविधि कानुनबमोजिम रहेको पाइएन । आर्थिक कार्यविधि तथा सार्वजनिक खरिद कानुनको पालना र जवाफदेहिताको सुनिश्चितता हुने गरी गैरसरकारी संस्थामार्फत् सार्वजनिक श्रोत खर्च गर्न गराउन आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था नगरी र कार्यालयका सम्बन्धित अधिकारीको संलग्नता बेगर गरेको खर्च नियमसम्मत् रहेको भनि यकिन गर्न सकिएन । सार्वजनिक खरिद र आर्थिक कार्यविधि कानुनसँग अमिल्दो हुने गरी सम्झौता गर्ने जिम्मेवार व्यक्तिलाई जवाफदेही बनाई आगामी दिनमा यस्ता सम्झौता गर्न नमिल्ने र गरेको भए त्यस्ता शर्त रद्द गरी योजना कार्यान्वयन तथा व्यवस्थापन पक्षलाई कानुनसम्मत्, मितव्ययी, तथा जवाफदेहिपूर्ण बनाउनुपर्दछ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(३) तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम स्वीकृत कार्यक्रम र सोमा लाग्ने बजेट खर्चको कार्यान्वयन नगरपालिका आफैले गर्नुपर्नेमा साझेदारीमा कृषि तथा पशुपालन कार्यक्रम गैरसरकारी संस्था कारितास नेपालबाट गराएको पाइयो । नगरपालिकाले कार्यक्रम गैर सरकारी संस्थाबाट गर्ने गरी सम्झौता गर्दा सो कार्य नगरपालिका आफैले गर्न सक्नेनसक्ने विश्लेषण गरेको पाइएन । सो कार्यक्रम संचालन गर्न क्षमताको कमी भएको भए कानुनबमोजिम बाह्य पक्षबाट गराउँदा नगरपालिकाका कर्मचारीको ज्ञान र सीप हस्तान्तरण हुने व्यवस्था गर्नुपर्नेमा सो गरेको पनि पाइएन। सार्वजनिक स्रोतबाट संचालित कार्यक्रमको कार्यान्वयनमा नगरपालिकाको आधिकारिक संलग्नता नरहनाले विकास कार्यक्रमका लाभग्राहीलाई सेवा प्रदान गरेकोमा सोको प्रदायक नगरपालिका नभई गैरसरकारी संस्था कारितास रहेको भन्ने बुझाई व्याप्त रहेको हुँदा नगरपालिकाले सोको जस प्राप्त गरेको स्थिति छैन । स्थानीय कर्मचारीको संलग्नता र कार्यक्रमगत अभिलेखको अभावमा सो कार्यक्रम आवश्यक भएमा नगरपालिका आफैले अगाडि बढाउन कठिनाई हुने हुँदा यस्ता योजना र कार्यक्रम संचालनका विधि कानुनसम्मत र उपलब्धिमूलक हुने गरी तय गरेर मात्र कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१४९.५ **ऋण लगानी** - नगरपालिकाको कारितास नेपालसँग भएको सम्झौतामा उच्चमूल्य उद्यमशिलता सहयोग कार्यक्रम सञ्चालन गर्नु पर्ने उल्लेख छ । उक्त कार्यक्रम अन्तर्गत कारितास नेपालले सृजनशिल आप्रवासी आई.पि.एम. कृषक समुह सँग सदस्य १० किसानलाई ऋण लगानी रू.१,५०,०००।- सहयोग गरेको पाइयो । कारितासले उद्यमशिलता कार्यक्रम सञ्चालन अन्तर्गत गरेको लगानीबाट के कस्ता कार्यक्रम सञ्चालन गरीने सो उल्लेख भएको छैन । पालिकाले कारितास मार्फत गरेको ऋण लगानीको प्रतिफल सम्बन्धी अनुगमन गरी तोकिएको कार्यक्रममा खर्च भए नभएको सम्बन्धी प्रतिवेदन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४९.६ **बिलविजक** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार कुनै कारोबार गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्रगति फर्म मात्र गर्नु पर्ने र रु २० हजार भन्दा बढीको खरिद गर्नुपर्दा मु अ करमा दर्ता भएकाबाट गर्ने पर्ने व्यवस्था रहेको छ त्यस्तै मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १० अनुसार कुनै कारोबारमा सत्ता हुन भने व्यक्तिले कारोबार शुरु गर्नु भन्दा अघि कारोबार दर्ता गरेको हुनुपर्ने र दफा १४ अनुसार बस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई बिजक दिनुपर्ने र नियमावली, २०५३ को नियम १७ अनुसार दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि बाहेक प्रापकलाई अनुसूची ५ र ५ क बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष कारितास नेपाललाई रू. ५,४५,५३७।- भुक्तानी गरेकोमा संस्थाले नियमानुसारको विजक या कर विजक जारी गर्ने गरेको छैन र पालिकाले समेत बिजक माग नै नगरी कारोबार रकम भुक्तानी दिने गरेको देखियो। अतः कानुन अनुसार बिल जारी नगरी आर्थिक कारोबार गरेको देखिएकोले नियमसम्मत देखिएन । यसमा यथाशिघ्र सुधार गरिनु पर्दछ ।

आयकर ऐन, २०५८ को दफा ७, ८, र ९ बमोजिम क्रमशः व्यवसाय, रोजगारी तथा लगानीको आय भए सोको गणना गरी करयोग्य आयमा कर लाग्ने व्यवस्था छ । सोही ऐनको दफा ८८ अनुसार सेवा शुल्कको भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले र दफा ८९ बमोजिम ठेक्का वा करार वापतको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। विकास कार्यक्रम संचालनका लागि तालिम, प्राविधिक सेवा र मुल्याङ्कन कार्यका लागि बजेट व्यवस्था गरेको र सोको संचालन कारितास नेपालले गर्ने हुँदा सो सेवाको भुक्तानीमा कर कट्टी गर्नुपर्ने देखिन्छ। कारितास नेपाल नेपाल गैर नाफामूलक संस्था रहेको भए तापनि संस्थाको मुख्य उद्धेश्य भन्दा पृथक कार्यक्रम तथा तालिम संचालन जस्ता प्राविधिक सेवाको भुक्तानीमा कर छुट नहुनेहुँदा भुक्तानीमा सेवा शुल्क लगायतका प्रतिफल समावेश हुने हुँदा सो अवस्थामा भुक्तानी गर्दा सोमा ऐनको दफा ८८ र ८९ बमोजिम कर कट्टी गर्नु पर्ने हुन्छ । तर सो सम्बन्धी खुलासा गरेको पाइएन। कार्यक्रम संचालनका

लागि तालिम र प्राविधिक सेवा जस्ता कार्यमा खर्च लेखेको तथा कार्यक्रम संचालनका लागि करार गरेको हुँदा सोको भुक्तानीमा आयकर ऐन, २०५८ का उपरोक्त दफा बमोजिम कर कट्टी गर्नुपर्ने अवस्था देखिदा सो सम्बन्धमा कारितास नेपाल नेपाललाई कर कट्टी गर्नु नपर्ने आन्तरिक राजस्व विभागको निर्णय वा कानूनी आधार पेश गर्नुपर्ने अन्यथा यो वर्षको खर्च रकम रू.५,४५,५३७।- मा कारितास नेपाल नेपालले अर्को संस्थालाई दिएको भुक्तानी रकमलाई समेत आधार लिई आयकर ऐन, २०५८ को दफा ८८ र ८९ बमोजिमको प्राकृतिक भुक्तानीमा कर कट्टी गर्न निक्यौंल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५० **कार्यक्रमको अनुगमन-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय योजना कार्यक्रममा रकम खर्च गर्दा कानुन, मापदण्ड, कार्यविधि बनाइ सोही अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । खर्च गरिएको रकमको सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले नियमित अनुगमन, नियमन र प्रतिवेदन जस्ता कार्य गर्नुपर्दछ । पालिकाले निम्नानुसार कृषि तथा पशु विकासतर्फ कार्यक्रम बजेट स्वीकृत गरी खर्च गरेकोमा कृषि तथा पशु कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि नबनाएको साथै कार्यक्रमको अनुगमन गरी, अनुदानको सहि सदुपयोग संचालित कार्यक्रमको प्रभावकारिता तथा यसबाट जीवनस्तरमा आएको सुधारको मापन गरी प्रतिवेदन तयार गरिएको देखिएन। कृषि तथा पशु विकास कार्यक्रम संचालन कार्यविधि तयार गरी सो बमोजिम कार्यक्रम संचालन गर्नुपर्ने र संचालित कार्यक्रमको प्रभावकारी अनुगमन मूल्याङ्कनगरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

सि.नं.	भुक्तानी विवरण	भुक्तानी रकम
१	मकै छोडाउने मेशिन	१६००००
२	चैते धान प्रोत्साहन कार्यक्रम	८१९६००

सैद्धान्तिक बेरुजु

१५१ **चैते धान खेति अनुदान**

..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।३ को निर्णयबाट रू.७२,३००।- सम्परीक्षण गरिएको ।)

१५२ **सामाजिक सुरक्षातर्फ**

१५२.१ नेपालको संविधान बमोजिम नेपाल सरकारले आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आँफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको सामाजिक सुरक्षाको प्रत्याभुतिको लागि ज्येष्ठ नागरिक (६८ वर्ष उमेर पुगेका), ६० वर्ष उमेर पुगेका साविक कर्णालीका जिल्लाहरुका नागरिक र देशभरीका दलित नागरिक अन्य जेष्ठ नागरिक, ज्येष्ठ नागरिक एकल महिला, विधवा, पूर्ण अपाङ्गता भएका, अति अशक्त अपाङ्गता, लोपोन्मुख आदिवासी/जनजाति र नेपाल सरकारले तोकेको क्षेत्र तथा जिल्ला र देशभरिका दलित परिवारका पाँच वर्ष उमेर ननाघेका बालबालिकालाई नेपाल सरकारले निर्धारण गरेबमोजिम त्रैमासिक रुपमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ। पालिकाले पेश गरेको विवरण अनुसार लक्षित समूह अनुसार गत आ.व. र यस आ.व.को अन्तिम त्रैमासिकमा सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुको कायम संख्या यस प्रकार रहेको देखिन्छः

लक्षित समूह	आ.व.२०७८।७९ को अन्तिम त्रैमासिकमा लाभग्राहीको कायम संख्या	आ.व.२०७९।८० को अन्तिम त्रैमासिकमा लाभग्राहीको कायम संख्या	मासिक भत्ता दर रू.
ज्येष्ठ नागरिक	२६८५	३४३५	४०००

अन्य ज्येष्ठ नागरिक (दलित)	२३९	२२०	२६६०
ज्येष्ठ नागरिक (एकल महिला)	५५७	४३९	२६६०
विधवा	७७६	७९७	२६६०
पूर्ण अपाङ्ग क वर्ग	१७५	१८४	३९९०
आंशिक अपांग ख वर्ग	१८२	२०५	२१२८
दलित बालबालिका	३६०	३३४	५३२
लोपोन्मुख जाति	१०	८	३९९०
जम्मा	४९८४	५५७७	

सैद्धान्तिक बेरुजु

१५२.२ **लाभग्राहीको अभिलेख -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यस्था छ । सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन । साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ । उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्नुपर्दछ । पालिकाले सो प्रणालीमा लाभग्राहीको फोटो सहितको पुरा विवरण अभिलेख राखी अद्यावधिक गरेको देखिएन ।

निस्कृय खाता- कार्यविधिको बुँदा नं २३ र २४ मा बैंक मार्फत भत्ता वितरण गर्दा बैंकले स्थानीय तहबाट प्रणाली मार्फत फर्वाड फिड बमोजिमको लाभग्राहीको विवरण प्राप्त गर्ने र प्राप्त विवरणको आधारमा सम्बन्धित लाभग्राहीको खातामा रकम जम्मा गर्नुपर्ने र खाता सञ्चालन गर्ने बैङ्क तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई दिनुपर्ने व्यवस्था रहेकोमा लेखापरीक्षणको क्रममा विवरण माग गर्दा थप विश्लेषण गर्न सकिएन। पालिकाले कार्यविधिमा व्यवस्था भए बमोजिम निष्कृय खाताको विवरण माग गरी निष्कृय खाताका लाभग्राहीहरुमध्ये वास्तविक लाभग्राहीहरु सम्बन्धमा सम्बन्धित वडाबाट यकिन गरी लाभग्राही नभएको अवस्थामा खातामा निस्कृय रहेको रकम नियमानुसार असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।
एक आर्थिक वर्षमा एक पटक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरण - कार्यविधिको दफा २६(३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले उक्त विवरण प्राप्त गरेको देखिएन। कार्यविधिमा भएको व्यवस्था बमोजिम सेवाप्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरी लाभग्राही विवरण अद्यावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५२.३ **बैंकसँगको हिसाबमिलान -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ । कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकामा ९ वटा वडा रहेकोमा

८ वटा बैंकबाट भत्ता वितरण गर्दै आएको देखिन्छ।पालिकाले सामाजिक सुरक्षा भत्ता वितरणको लागि बैंकलाई रू.२१,७१,४४,९५२।- निकासा दिएकोमा बैंकहरुले विभिन्न मितिमा रू.९,६७,७७३।०३ संघीय सञ्चितकोषमा फिर्ता गरेको देखिन्छ । यस आर्थिक वर्षमा बैङ्कलाई दिएको निकासा र लेखापरीक्षणको क्रममा प्राप्त Reverse Feed अनुसारको विवरण देहायअनुसार छ । रिभर्स फिड निकासा दिएको रकमभन्दा खर्च रकम कम देखिएकोले बैंकबाट फिर्ता गर्नुपर्ने अथवा रिभर्स फिड अद्यावधिक गर्नुपर्ने सम्बन्धमा आन्तरिक लेखापरीक्षणले समेत बेरुजु औंल्याएकोमा पालिकाले अन्तिम लेखापरीक्षण समयसम्म पनि देहायको बाँकी रकमको रिभर्स फिड अद्यावधिक गरेको देखिएन । अतः फिर्ता गर्न बाँकी रकम सम्बन्धमा बैंकले लाभग्राहीको खातामा जम्मा गरेको रिभर्स फिड अद्यावधिक गर्नुपर्ने अन्यथा बैंकबाट फिर्ता माग गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रू.

बैंकको नाम	निकासा रकम	रिभर्स फिड अनुसार खर्च रकम	बाँकी रकम	फिर्ता रकम	फिर्ता गर्न बाँकी रकम
प्राइम कमर्सियल बैंक लि.	४१५१८४३४	४१२९४८३३	२२३६०१	११२७२९	११०८७२
एनआइसी एसिया बैंक लि.	२८७८१२९३	२८७१८४७७	६२८१६	२९५३६	३३२८०
मितेरी डेभलपमेन्ट बैंक लि.	४४८३०६३४	४४२९९३५५	५३१२७९	५४६७३६.०३	०
सिद्धार्थ बैंक लि.	२९२९३७४५	२९१६४१०९	१२९६३६	८९८७	१२०६४९
लक्ष्मी सनराईज बैंक लि.	१३५३८५५९	१३५३८५५९	०	०	०
नेपाल बैंक लि.	१८१०८२५९	१८००४११४	१०४१४५	५५७९०	४८३५५
माछापुच्छ्रे बैंक लि.	१५९९४९२८	१५९४१०९८	५३८३०	५३८३०	०
कुमारी बैंक लि.	२५०७९१००	२४९१८६६७	१६०४३३	१६०१६५	२६८
जम्मा	**२१७१४४९५२**	**२१५८७९२१२**	**१२६५७४०**	**९६७७७३.०३**	**३१३४२४**

प्रमाण पेश नगरेको	३,१३,४२४

प्रतिक्रियाबाट कायम भएको थप बेरुजु - आर्थिक वर्ष २०७९।८० को प्रतिक्रियाको क्रममा देहायअनुसार थप बेरुजु कायम गरिएको छ ।

क्र.स.	बिषय
१	**फिर्ता रकम-** विनियोजन ऐन, २०७९ को बुँदा नं ४(१२) मा ससर्त अनुदानको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यस्तो बचत रकम आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले विद्यालयमा IT Lab स्थापना, सुदृढीकरण एवम् Digital Library व्यवस्थापनका लागि श्री पशुपति प्रा.वि.,प्रजापतिलाई रू.६,५०,०००।- निकासा दिएकोमा विद्यालयले IT Lab एवम् Digital Library को सामग्रीहरु खरिद गरी रू.६,४२,५००।- को बिल भरपाई पेश गरेको देखिन्छ । विद्यालयले निकासा प्राप्त गरेको रकमभन्दा घटी रकमको सामग्रीहरु खरिद गरेकोमा बाँकी रकम रू.७,५००।- ऐनको व्यवस्था बमोजिम फिर्ता गरेको नदेखिएकोले उक्त रकम विद्यालयबाट असुल गरी संघीय सञ्चित कोष जम्मा गर्नुपर्ने रू. असुल गर्नुपर्ने: ७,५००

<table>
<tr><td>२</td><td>अग्रिम कर- आयकर ऐन, २०५८ को दफा ८७,८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले १४ विद्यालयलाई फर्निचर व्यवस्थापनका लागि भुक्तानी दिएको रकम मध्ये देहायका विद्यालयले फर्निचर खरिद गरी बिल भरपाई पेश गरेकोमा उक्त भुक्तानीमा लाग्ने अग्रिम करकट्टा गरी दाखिला गरेको प्रमाण पेश नगरेकोले नियमानुसार लाग्ने १.५ प्रतिशत अग्रिम कर दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रू.

<table>
<tr><th>सिं. नं.</th><th>विद्यालयको नाम</th><th>कर कट्टी रकम</th></tr>
<tr><td>१</td><td>श्री सिंहदेवी मा.वि.</td><td>१८२०.३४</td></tr>
<tr><td>२</td><td>श्री भगवती आ.वि.</td><td>९१०.१७</td></tr>
<tr><td>३</td><td>श्री देवकोटा प्रा.वि.</td><td>४५५.०८</td></tr>
<tr><td>४</td><td>श्री जानकी आ.वि.</td><td>१०६१.८७</td></tr>
<tr><td>५</td><td>श्री कनकाई गायत्री प्रा.वि.</td><td>१८२०.३४</td></tr>
<tr><td>६</td><td>श्री पञ्चकन्या प्रा.वि.</td><td>६०६.७८</td></tr>
<tr><td>७</td><td>श्री पशुपति प्रा.वि. प्रजापति</td><td>४५५.०९</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>७१२९.६७</td></tr>
</table>
असुल गर्नुपर्ने | ७,१२९.६७</td></tr>
<tr><td>३</td><td>शीर्षक फरक पारी खर्च- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा १९ को (२) मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोहीबमोजिम खर्च गर्नुपर्ने उल्लेख रहेको छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्तव नियमावली २०७७ को नियम ४१ (क) मा विनियोजन ऐन बमोजिम सेवा तथा कार्यहरुमा खर्च गर्न विभिन्न शीर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सीमा भित्र रही सोही प्रयोजनका लागि खर्च गर्नु पर्ने व्यवस्था गरेकोमा नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्न अनुसार फरक खर्च शीर्षकबाट खर्च गरेको नियमसंगत नदेखिएको रू. २,७६,१८,५०८।— बेरुजु उल्लेख भएकोमा पालिकाले नियमसंगत नभएका बेरुजुहरु आगामी दिनमा नदोहोर्याउने प्रतिबद्धता सहित मिति २०८०।१२।१३ को नगरसभाको निर्णयबाट नियमित गरेको छ। नगरसभाको निर्णय कार्यान्वयन गरी फरक शीर्षकबाट खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।
(विस्तृत विवरण थप बेरूजु दफा सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)
सैद्धान्तिक बेरुजु</td></tr>
</table>

४	**उपभोक्ता समितिलाई सिमाभन्दा बढीको कार्य-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रू.१ करोडसम्म लागत अनुमान भएको सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने निमार्ण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागतमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । तर पालिकाले ओभरहेड र कन्टिन्जेन्सटी बाहेक रू.८९,७८,३५०।- लागत अनुमान र कार्यसम्पन्न रू.८९,०४,८६२।९४ भएको बहुवर्षीय महिला मार्ग (रिङ्गरोड उत्तर गाई फाराम जाने बाटो) योजनामा पालिकाले रू.६२,८४,८४५।- र जश्रमदानबाट रू.२६,९३,५०५।- व्यहोर्ने गरी उपभोक्ता समितिबाट गराएको पाइयो। नियमावली बमोजिम ओभरहेड र कन्टिन्जेन्सी समेत हिसाब गर्दा उक्त निर्माण कार्यको लागत अनुमान रू.१ करोड भन्दा बढी कायम हुने भएकोले उक्त कार्य प्रतिस्पर्धात्मक खरिद विधि मार्फत गराउनु पर्नेमा उपभोक्ता समिति मार्फत गराइ यस वर्ष रू.४२,७०,६५४।- भुक्तानी दिएको नियम सम्मत नदेखिएको बेरुजु उल्लेख भएकोमा पालिकाले आगामी दिनमा नदोहोर्याउने प्रतिबद्धता सहित मिति २०८०।१२।१३ को नगरसभाको निर्णयबाट नियमित गरेको छ । नगरसभाको निर्णय कार्यान्वयन गरी बहुवर्षिय योजना तथा सार्वजनिक खरिद नियमावलीमा उल्लेखित सीमाभन्दा बढी रकमको खरिद उपभोक्ता समिति मार्फत गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । सैद्धान्तिक बेरुजु
५	**सि सि क्यामेरा खरिद-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७८ मा कार्यालयले आफूले खरिद गरेको चल अचल मालसामान तथा सम्पत्तिको खरिद मूल्यको आधारमा लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ । साथै आर्थिक वर्ष २०७७।७८ देखि सार्वजनिक सम्पत्ति खरिद गरेपछि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अनिवार्य रुपमा अभिलेखाङ्कन गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौचर नं ७९१-२०८०।०३।२४ बाट सिसिक्यामरा ४८ थान तथा सोको जडानका लागि आवश्यक सामग्रीहरु शेर्पा ट्रेड, इलामबाट रू.९,९२,१२८।- मा खरिद गरी भुक्तानी गरेको छ । वर्षेनी यस्ता सामग्रीहरु खरिद गर्ने गरेकोमा हालसम्म कति सिसिक्यामरा खरिद भए र कहाँ कहाँ प्रयोगमा छन् भन्ने सम्बन्धमा पालिकाले एकीकृत विवरण राखेको देखिँदैन । पालिकाले खरिद गरेका सामग्रीहरु कहाँ कहाँ प्रयोगमा छन् स्पष्ट खुल्ने गरी एकीकृत विवरण राख्नुपर्दछ । सैद्धान्तिक बेरुजु

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : कन्काई नगरपालिका, झापा ।

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	मोहन प्रसाद न्यौपाने	२०७७-५-२८	हाल सम्म कार्यरत
लेखा प्रमुख	दुर्गा खडका	२०७८-६-१४	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरणः कन्काई नगरपालिका , झापा ।

असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेस्की
११,४२४,९३०	६०,३९४,२३६	३४,६७२,७८१	०	०	२०,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजु रू.					१०६,५११,९४७
प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट गरी संपरीक्षण भएको रकम रू.					३८,२१८,२६४
संपरीक्षणबाट थप भएको बेरुजु रू.					१४,६२९.६७
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजु रू.					६८,३०८,३१२.६७

स्थानीय तह : कन्काई नगरपालिका , झापा ।

गत बर्षको जिम्मेवारी			११५०९२४४२.९
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३७३८६८७१४	**चालु खर्च**	३५४६९२५१७.४
प्रदेश सरकारबाट अनुदान	२८०४१३६१.१७	**पुंजीगत खर्च**	२८६६३५७७१.२
राजश्व बाँडफाँट	११७५३८८०५.२९	**वित्तीय/अन्य व्यवस्था**	२६५४९००००.५८
आन्तरिक आय	६३३३४६४१.०१		
अन्य आय	२५५३०७४९१.३४		
कुल आय	८३८०९१०१२.८१	**कुल खर्च**	९०६८१८२८९.१८
बाँकी मौज्दात			४६३६५१६६.५३

बेरूजु दफा ३१ सँग सम्बन्धित विवरण - अनुसूची -२

भौ नं.	विवरण	रकम
१८०७	कनकाई समावेशी अपाङ्गता संस्थाको साधारण सभा बैठक सहयोग	२४०००
१७६९	पाथिभरा तपोवन संस्थालाई ११० थान कुर्सी खरिद गरी हस्तान्तरण	५००००
१७६८	नेपाल खेलकुद महासंघ कनकाई नगर कमिटिलाई खेलकुद सामग्री वितरण	२५३५०
१७२५	उकुसवास संस्थालाई ८० थान चेयर, २३ थान टेबल २१ केजी एलुमिनियम वितरण	१०००००
१६६९	मदन भण्डारी स्पोर्टस एकेडेमिलाई कराँटे प्रतियोगिता सञ्चालन खर्च सहयोग	१०००००
१४९२	नेपाल आदिवासी जनजाति महासंघ समन्वय समितिको भवन निर्माणमा सहयोग	२०००००
१४८७	नेपाल रेडक्रस सोसाइटीको कम्पाउण्ड वाल निर्माणमा सहयोग	३००००
१३८७	पाथिभरा परोपकार संस्थालाई भाडाँ, दराज खरिद गरी हस्तान्तरण	१०००००
१३६५	प्रजापति सामाजिक क्लबको मर्मत कार्य सहयोग	१०००००
१३५७	नेपाल भारत मैत्री संघको भ्रमण खर्च सहयोग	४००००
१२९३	जेष्ठ नागरिक संघलाई भ्रमण खर्च सहयोग	१०००००
६८	नेपाल समाजशास्त्र संघलाई अन्तरक्रिया कार्यक्रम सहयोग	२००००
५१	श्री प्रजापति कृषि सहकारी संस्थालाई दराज, फ्रिज खरिद सहयोग	५००००
८२	श्री प्रजापति कृषि सहकारी संस्थालाई कार्यालय सञ्चालन खर्च सहयोग	५००००

बेरूजु दफा ४१ सँग सम्बन्धित विवरण - अनुसूची -३

<table>
<tr><th>भौ नं.</th><th>खर्चको विवरण</th><th>भुक्तानी पाउने</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>१५४३</td><td>विभिन्न कार्यक्रममा खाना खाजा खर्च भुक्तानी</td><td>श्री साई पार्टी प्यालेस</td><td>१२६५६०</td><td>सक्कल बिजक पेश नभएकोले दोहोरो प्रयोग हुन सक्ने</td></tr>
<tr><td>३१</td><td>स्टल भाडा भुक्तानी</td><td>डेअर ट्रेडर्स</td><td>२८२५०</td><td>के प्रयोजनमा स्टल प्रयोग भएको हो सो को आवश्यक्ता नखुलेको</td></tr>
<tr><td rowspan="4">१०४</td><td rowspan="4">छुट ग्रेड भुक्तानी</td><td>इन्द्रहरी भट्टराई,</td><td rowspan="4">११९९५२</td><td rowspan="4">उल्लेखित ४ जना कर्मचारीको छुट ग्रेड भनी प्रति कर्मचारी रू. २९९८८।— का दरले भुक्तानी भएकोमा छुट भएको प्रमाण संलग्न नगरी भुक्तानी भएको । कुन महिनाको कती ग्रेड रकम छुट भएको हो सोको प्रमाण संलग्न गर्नुपर्ने</td></tr>
<tr><td>गंगा पौडेल,</td></tr>
<tr><td>खगेन्द्र दंगाल,</td></tr>
<tr><td>संगिता अधिकारी</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२७४७६२</td><td></td></tr>
</table>

बेरूजु दफा ४२.१ सँग सम्बन्धित विवरण - अनुसूची -४

शीर्षक	अनुमान	असुली	प्रतिशत	थप/घट
११३१३ एकीकृत सम्पती कर	१५००००००	९४२६४४६.५	६२.८४	५५७३५५३.५
११३२१ वहाल कर	५०००००००	४१७८६८६.३६	८३.५७	८२१३१३.६४
११३२२ वहाल विटौरी कर	८००००००	२०४५७९०.७४	२५.५७	५९५४२०९.२६
११४५१ सवारी साधन कर (साना सवारी)	१०००००	०	०	१०००००
११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर	५००००००	३५५२३८०	७१.०५	१४४७६२०
११४७९ अन्य मनोरञ्जन कर	२५०००००	०	०	२५०००००
११६११ व्यवसायले भुक्तानी गर्ने	४००००००	४७१३००	११.७८	३५२८७००
११६९१ अन्य कर	०	५४५८७७२.८८	५४५८७७२८८	-५४५८७७२.८८
१३४१२ अन्य व्यक्तिगत आन्तरिक अनुदान	२००००००	०	०	२००००००
१४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	०	५७६६७७	५७६६७७००	-५७६६७७
१४२१३ अन्य बिक्रीबाट प्राप्त रकम	४००००००	२२८३६४८	५७.०९	१७१६३५२
१४२१९ अन्य सेवा शुल्क तथा बिक्री	५५०००००	२४,८५०.००	०.४५	५४७५१५०
१४२२१ न्यायिक दस्तूर	३०,०००.००	१३,७९०.००	४५.९७	१६,२१०.००
१४२४१ पार्किङ्ग शुल्क	५०००००	०	०	५०००००
१४२४२ नक्सापास दस्तुर	४००००००	१००५५७९२.१२	२५१.३९	-६०५५७९२.१२
१४२४३ सिफारिश दस्तुर	७००००००	५०६३६९६	७२.३४	१९३६३०४
१४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर	५०००००	६३८२२०	१२७.६४	-१३८२२०
१४२४५ नाता प्रमाणित दस्तुर	४०००००	३१८२००	७९.५५	८१,८००.००
१४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर	०	१०४९०२०	१०४९०२०००	-१०४९०२०
१४२६५ अन्य क्षेत्रको आय	१५०००००	८३,२००.५०	५.५५	१४१६७९९.५
१४५२१ प्रदुषण नियन्त्रण शुल्क	३००००००	०	०	३००००००
१४५२९ अन्य राजस्व	३२०७६५५	१३३७०१४०.९१	४१६.८२	-१०१६२४८५.९१
१४६११ व्यवसाय कर	०	१७१२०५०	१७१२०५०००	-१७१२०५०
१५१११ बेरूजु	०	३०११९८०	३०११९८०००	-३०११९८०
३३१४३ अन्य संस्थाहरूबाट ऋण प्राप्ति	१०५००००००	०	०	१०५००००००
जम्मा	१७६२३७६५५	६३३३४६४१.०१	३५.९३	११२९०३०१३.९९

बेरूजु दफा ४९.३ सँग सम्बन्धित विवरण - अनुसूची -५

विवरण	भुक्तानी परिमाण केजीमा	ल्याव रिपोर्ट अनुसारको तौलबाट गणना गर्दा हुने तौल	बढी गणना
फुटिङ २५ एम एम	२०९५६.३२	२०६८४.१६	२७२.१६
फुटिङ २० एमएम	२३७१.७४८	२३५४.४५	१७.३
कोलम १६ एमएम	८०२६.२४२	७८७३.८४	१५२.४
वेश वीम २५ एमएम	१००३२.४०७	९८७६.४६	१५५.९५
टाईविम २० एमएम	६३१४.०७४	६२६२.९४७	५१.१३
मेनबिम ग्राउण्ढ फ्लोर २० एम एम	६७२२.२२१	६६६७.७९	५४.४३
एक्स्ट्रा वार	२४४८.३०१	२४१०.२४४	३८.०६
जम्मा	**३३५४३.२४५**	**३३०९१.२८१**	**७४१.४२२**

बेरूजु दफा ५०.१ सँग सम्बन्धित विवरण - अनुसूची -६

चेनेज	कार्य	परिमाण	दर	बढी भुक्तानी
०+०००-१४० सम्म	एसफाल्ट	४१.५५	१५०००	६२३२५०
०+०००-१४० सम्म	ट्याक कोट	६२३.२८	१२०	७४७९४
०+०००-१४० सम्म	प्राइम कोट	१०९७.९२	१२०	१३१७५०
०+०००-१४० सम्म	बेस	१७८.४५	१७००	३०३३६५
०+०००-१४० सम्म	सबबेस	२०३.०४	९००	१८२७३६
०+०००-१४० सम्म	सबग्रेड	२४७.७६	५०	१२३८८
			जम्मा	१३२८२८३.००
			मुअकर	१७२६७६.७९
			कुल जम्मा	**१५००९५९.७९**

बेरूजु दफा ५०.२ सँग सम्बन्धित विवरण - अनुसूची -७

विवरण	गणना गरेको परिमाण	अस्फाल्टको चौडाई अनुसार हुने परिमाण	वढी परिमाण	दर	रकम
प्राईम कोट (७.२ मिटर चौडाई)	४५३६	४४१०	१२६	१२०	१५१२०
बेस कोर्स	७०८.७५	६६१.५	४७.२५	७७१	३६४२९.७५
				जम्मा	५१५४९.७५
				मुअकर	६७०१.४६
				कुल जम्मा	**५८२५१.२१**

बेरूजु दफा ५७ सँग सम्बन्धित विवरण - अनुसूची -८

गो. भौ. नं./ मिति	खरिद विवरण	परिमाण	भुक्तानी खर्च	कैफियत
१७८३-२०८०।०३।२४	किलोस्कर मोटर	२०	४००००	
१४८४-२०८०।०२।२८	किलोस्कर मोटर	१९	४१७९९९	खरिद गरी वडा नं ५ मा हस्तान्तरण गरेकोमा वितरण नभएको
४५०-२०८०।०१।२१	ह्युम पाइप	१९	१९९९४७	
	NP3/300mm - १४ थान			
	NP3/450mm - २थान			
	NP3/900mm – ३ थान			
५११-२०८०।०२।०८	सिंचाई मोटर खरिद	१९	३९९९८८	१ वटा वितरण गर्न बाँकी रहेको
६५७-२०८०।०३।१३	ह्युम पाइप	२	१६०००	
	NP3/300mm १थान			
	NP3/450mm १ थान			
७११-२०८०।०३।१९	ह्युम पाइप	३२ थान	३०००००	
	NP3/300mm ११ थान			
	NP3/450mm १४ थान			
	NP3/600mm ३.५ थान			
	NP3/750mm २.५ थान			
	NP2/30mm १ थान			
७१६-२०८०।०३।२०	ह्युम पाइप	१२ थान	१४८६८४	
	NP3/750mm ३ थान			
	NP3/600mm ९थान			
६१७-२०८०।०३।०६	ह्युम पाइप	७ थान	९५८७४	
	NP3 900mm १थान			
	NP3600mm ६ थान			
		जम्मा	**१९७८४९२**	

बेरूजु दफा ५८.१ सँग सम्बन्धित विवरण - अनुसूची -९

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत
जामुनखाडी सिमसार -धनुषकोटी पर्यटकीय क्षेत्र — कोटीहोम बिच रहेको बाटोमा सौन्दरीकरणको डिपिआर र कोटीहोम क्षेत्रमा धार्मिक तथा पर्यटकीय पार्क निर्माण	वि.एम. एस नेपाल प्रा.लि.		७९५५२०	८५१८९५८२.५२
मध्यमकालीन खर्च संरचना	रौताहा टेक्निकल कलेज प्रा.लि.	२५०००००	१३४९६७२	
कन्काई खोला च्यानलाईज गर्दा निस्कने ढुँगा, गिट्टी बालुवा।भरौट।बलौटे माटो आदी व्यवस्थापन कार्यको IEE	इकोग्रीन कन्सल्टेन्सी प्रा.लि.	२२५८३०	२२५८३०	जम्मा खर्च रू. ४५१६६१ मध्ये रू.२२५८३० शिवसताक्षी नगरपालिकाबाट भुक्तानी हुने उल्लेख
विरिङ नदि IEE	इन्भारोमेन्ट सोलुसन कन्सल्टेसन सेन्टर		३५१२९४	
विपद् तथा जलवायु उत्थानशील योजना र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण	हाम्रो कन्सल्टेन्सी सेवा		८२५०००	प्रतिवेदन पेश नभएको
DGPS बाट जग्गा नापजाँच	जियो इन्जिनियरिङ कन्सल्टेन्सी	५०००००	४९६०७०	
विभिन्न ऐन निर्माण	सोधशाला रिसर्च हब प्रा.लि.	७०००००	१६००००	
कन्काई नदिको IEE	नेचर कन्सल्टीङ्ग सर्भिस	३९६९१०	३९६९१०	

बेरूजु दफा ५९ सँग सम्बन्धित विवरण - अनुसूची -१०

Budget Heading	TOR अनुसार आवश्यक विज्ञ संख्या	लागत अनुमानमा समावेश विज्ञ संख्या	फरक विज्ञ संख्या	समय	दर	बढी रकम
Senior Database Designer	१	२	१	३० दिन	१०००	३००००
Capacity Building and Training Expert	१	२	१	३० दिन	९५०	२८५००
					जम्मा रकम	५८५००
					भ्याट रकम	७६०५
					जम्मा रकम	६६१०५
					लागत अनुमान भन्दा घटी प्रस्ताव रकम (प्रतिशत)	०.६८%
					बढी व्ययभार परेको रकम	**६५६५२**

बेरूजु दफा ९३ सँग सम्बन्धित विवरण - अनुसूची -११

भौ. नं.	उपभोक्ता समितिको नाम	क्षेत्रफल ब.मि.	भुक्तानी परिमाण लि.	दिनुपर्ने परिमाण	बढी परिमाण	दर	भुक्तानी	बढी भुक्तानी
३८७	भेटवाल गाउँ जाने बाटो कालोपत्रे उ.स.	७६०.१९	७६०.१९	४५६.११	३०४.०८	९१.४४	२७८०५	२६४१५
३८२	गोपालचन्द्र मार्ग कालोपत्रे उ.स.	५७९.३९	५७९.३९	३४७.६३	२३१.७६	९१.४४	२११९२	२०१३२
३८६	रमाईलो मार्ग कालोपत्रे उ.स.	५३९.०३	५३९.०३	३२३.४२	२१५.६१	९१.४४	१९७१५	१८७२९
७८ र १०२	महिला मार्ग रिङ्गरोड उत्तर गाई फारम जाने बाटो उ.स.	४०४९.७५	४०४९.७५	२४२९.८५	१६१९.९	६७.९	१०९९९१	१०४४९१
						जम्मा	१७८७०३	१६९७६७

बेरूजु दफा ९६ सँग सम्बन्धित विवरण - अनुसूची -१२

भौ. नं.	उपभोक्ता समितिको नाम	भुक्तानी दिनुपर्ने परिमाण	भुक्तानी दिएको परिमाण	फरक परिमाण	दर	रकम	बढी भुक्तानी
३८२	गोपालचन्द्र मार्ग कालोपत्रे उ.स.	११.५९	२०.२८	८.६९	१५०००	१३०३५०	१२३८३२
३८७	भेटवाल गाउँ जाने बाटो कालोपत्रे उ.स.	१५.२	२९.७३९	१४.५३	१५०००	२१८०२८	२०७१२७
३८६	रमाईलो मार्ग कालोपत्रे उ.स.	१०.७८	२१.५६	१०.७७	१५०००	१६१६८८	१५३६०४
					जम्मा	५१००६७	४८४५६३

बेरूजु दफा ९८ सँग सम्बन्धित विवरण - अनुसूची -१३

भौ. नं.	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	कैफियत
७६७	विद्युत तार पोल विस्तार योजना उ.स.	विद्युत विस्तार	४५००००	४४ थान विद्युत पोल खरिद गरेकोमा पोल जडाको चेनेज उल्लेख नभएको
३८२	गोपालचन्द्र मार्ग कालोपत्रे उ.स.	सडक कालोपत्रे	७५००००	
३८७	भेटवाल गाउँ जाने बाटो कालोपत्रे उ.स.	सडक कालोपत्रे	१००००००	
३८६	रमाईलो मार्ग कालोपत्रे उ.स.	सडक कालोपत्रे	७५००००	
७८ र १०२	महिला मार्ग रिङ्गरोड उत्तर गाई फारम जाने बाटो उ.स.	सडक कालोपत्रे	४२७०६५४	
		जम्मा	७२२०६५४	

बेरूजु दफा ९९ सँग सम्बन्धित विवरण - अनुसूची -१४

भौ. नं	कार्यक्रमको नाम	उपभोक्ता समितिको नाम	रकम
नगरपालिका चालुतर्फ			
१६५५	चुरापोते बनाउने तालिम तथा स्वास्थ्य शिविर सञ्चालन	महिला लक्षित उ.स.	१७५०००
१५९९	सामग्री खरिद गरी वितरण	अपाङ्गता भएका व्यक्तिहरुलाई विशेष कार्यक्रम उ.स.	५००००
१७९२	एडभान्स सिलाई कटाई तालिम	आदिवासी असहाय बालबालिका तथा दलित महिला उत्थान समिति	५००००
१५९७	कपडाको सेनिटरी प्याड निर्माण तालिम	कपडाको सेनिटरी प्याड निर्माण तालिम सञ्चालन उ.स.	८००००
१५०१	बाखा पाठा खरिद गरी वितरण	नेपाल आदिवासी जनजाती महासंघ वडा समन्वय परिषद उ.स.	१०००००
१४४५	बाखा पाठा खरिद गरी वितरण	श्री पञ्चकन्या महिला उ.स.	५००००
१४१५	भाडा वर्तन कुर्सि खरिद गरी वितरण	सप्तरंगी महिला उ.स.	६६०००
१४००	बाखा पाठा खरिद गरी वितरण	नेपाल दलित उत्थान संजाल समिति	५००००
१३७८	नौमति बाजा तालिम कार्यक्रम	नौमति बाजा तालिम कार्यक्रम उ.स.	१०००००
१०३५	कृष्टल तथा पोतेको माला बनाउने तालिम	महिला सिपमुलक तालिम उ.स.	२०००००
१०५९	तिर्थयात्रा भ्रमण	एकल महिला आयआर्जन उ.स.	५००००
१३१५	अचार बनाउने तालिम	महिला लक्षित कार्यक्रम उ.स.	१९००००
लक्षित वर्ग चालुतर्फ			
५	भेष भुसा नाचगान कार्यक्रम	जितिया पर्व महोत्सव उ.स.	८१७००
३७	उझमशिलता तथा नेतृत्व विकास तालिम	एकल महिला मौरी पालन समुह	७३०००
३८	कपुर धुपबत्ति बनाउने तालिम	जामुनवारी महिला उ.स.	५००००
७०	भल्ला तालिम सञ्चालन	राजवंशी राष्ट्रिय महिला सञ्जाल	२७१०००
७१	ब्यूटी पार्लर तालिम	बालबालिका तथा महिला उत्थान संघ	११००००
		जम्मा	१७४६७००

बेरूजु दफा १००.२ सँग सम्बन्धित विवरण - अनुसूची -१५

क्र.सं.	विवरण	भुक्तानी दिएको परिमाण	भुक्तानी दिनुपर्ने परिमाण	फरक परिमाण	दर	रकम
१	बाटोको दुवैतिर स्थानीय ग्राभेल हाली पुर्ने काम	४४९.१९	४२६.३५	२२.८४	७००	१५९८८

क्रसिङ्ग निर्माण						
२.१	जग खन्ने काम	२२.४१	२१.५३	०.८८	४०९.५	३६०.३६
२.२	जगमा ढुंगा विछ्याउने काम	३.८४	३.६९	०.१५	२५००	३७५
२.३	जगमा १:२:४ को मसलामा पि.सि.सि.	२.८२	२.७१	०.११	१०३३०.८५	११३६.३९
प्लम वालको काम						
३	१:२:४ को मसलामा ४०% बोल्डर मिसाई प्लम वाल लाउने काम	२५९.०१	२५८.३	०.७१	६२००	४४०२
३.१	फर्माको काम	२०७३.०७	२०६१.७७	११.३	४६०.३७	५२०२.१८
					जम्मा	२७४६३.९३
					उपभोक्ताको साझेदारी	८२३९.१८
					बढी भुक्तानी	**१९२२४.७५**

बेरूजु दफा १०३ सँग सम्बन्धित विवरण - अनुसूची -१६

सि.नं.	काम/ उपभोक्ता समितिको नाम	उ.स. ले निर्माण व्यवसायीलाई दिएको भुक्तानी	कार्यालयले उ.स.लाई दिएको भुक्तानी	उ.स. ले भुक्तानी दिएको निर्माण व्यवसायीको नाम
१	शान्ति टोल विकास संस्था	४११६६१	४०००००	रुस्तम निर्माण सेवा
२	विरिङ्ग कृषि मार्ग उ.स.	१०४७२०३	९८०६७२	पार्वती अम्बिका कन्स्ट्रक्सन, मिराकहाङ्ग निर्माण सेवा
		जम्मा	**१३८०६७२**	

बेरूजु दफा ११३ सँग सम्बन्धित विवरण - अनुसूची -१७

गो.भौ. र मिति	बजेट विनियोजन भएको कार्यक्रम	भुक्तानी पाउनेको नाम	खर्च गरेको कार्यक्रम	रकम
६५३-२०८०।०३।१३	कोल्ड स्टोर व्यवस्थापन दुर्गापुर	श्री प्रजापति कृषि सहकारी संस्था लि	कार्यसञ्चालन तथा प्रशासनिक खर्च (विद्युत महशुल रु.१,०४,०११।२ (जरिवाना रु.२४,७०२.८० समेत भुक्तानी)	१५००००
७६४-२०८०।०३।२३	छात्रवृत्ति सहयोग	कन्काई पोलिटेक्निक इन्स्टिच्यूट	रेस्मा राई र कविता ढुंगेलको छात्रवृत्ति वापत	१०००००
५२२-२०८०।०२।१४	१. वडा न १ का विभिन्न संघ सस्था तथा मठमन्दिरलाइ सहयोग २. पशुपति प्रा. वि.को शैक्षिक विकास	श्री पशुपती प्रा.वि.,प्रजापति	स्वयंसेवक शिक्षक पारिश्रमिक	१०७०००

५४५ र ४७४	१.कृषि तथा पशुपालन सम्बन्धी सामाग्री खरिद २. सडक मर्मत	मनिता राई	असिना पिडितलाई राहत वितरण	५७९५००
६४२-२०८०।०३।१३	मानव सेवा आश्रम	मानव सेवा आश्रम	विभिन्न सामग्री खरिद	२०००००
विभिन्न	लैंगिक समानता तथा समावेशीरण उत्तरदायी बजेट परीक्षण	विभिन्न संघसंस्था, समूह, मिडिया	विभिन्न कार्यक्रम	१९५२००
५८७-२०८०।०२।३१	हिमाली मा. वि. अनुदान	हिमाली मा.वि.	अंग्रेजी माध्यम कक्षा व्यवस्थापन शिक्षक अनुदान	४०००००
विभिन्न	विवरण अद्यावधिक, नक्साङकन तथा धनिपुर्जा वितरण समेत	विभिन्न व्यक्तिहरु	दैनिक भ्रमण भत्ता, जग्गा नापजाँच वापत डोर हाजिरको आधारमा, खाना खाजा	६९४७८९
विभिन्न	रमणीय पार्क व्यवस्थापन	केशर बहादुर राई, पाठक दाजुभाई निर्माण सेवा प्रा.लि.	पारिश्रमिक, जेसिवी प्रयोग वापत	१४३०००
५१९-२०८०।०२।१२	प्रशासनिक भवनको बाँकी संरचना निर्माण सम्पन्न	भोजराज आचार्य	नगरपालिका भवनको मार्बल सफा गर्ने कार्य	३४६४६८

बेरूजु दफा ११४.२ सँग सम्बन्धित विवरण - अनुसूची -१८

सि.नं.	कर्मचारीको नाम	बैठक शीर्षक	भुक्तानी रकम	कैफियत
१	खगेन्द्र दंगाल	करार कर्मचारीहरुको कार्यसम्पादन मुल्याङ्कन पूनरावलोकन समितिको बैठक भत्ता	५०००	माइन्यूट दोहोरो पेश गरी भुक्तानी खर्च दावी
२	पिताम्बर गौतम	करार कर्मचारीहरुको कार्यसम्पादन मुल्याङ्कन पूनरावलोकन समितिको बैठक भत्ता	१०००	वर्ष भरीमा ४ पटक गरेकोमा १ पटक बढी खर्च लेखेको
३	खगेन्द्र दंगाल	करार कर्मचारीहरुको कार्यसम्पादन मुल्याङ्कन पूनरावलोकन समितिको बैठक भत्ता	५०००	वर्ष भरीमा ४ पटक गरेकोमा १ पटक बढी खर्च लेखेको
४	मनोज चौधरी	अनुगमन बैठक भत्ता	७०००	अनुगमन समिति भन्दा फरक कर्मचारीलाई अनुगमन भत्ता भुक्तानी दिन नमिल्ने
५	विष्णु बहादुर आङ्देम्बे	अनुगमन बैठक भत्ता	७०००	अनुगमन समिति भन्दा फरक कर्मचारीलाई अनुगमन भत्ता भुक्तानी दिन नमिल्ने
६	पवित्रा देवी कार्की	अनुगमन बैठक भत्ता	७०००	अनुगमन समिति भन्दा फरक कर्मचारीलाई अनुगमन भत्ता भुक्तानी दिन नमिल्ने

७	दिनेश खतिवडा	अनुगमन बैठक भत्ता	७०००	अनुगमन समिति भन्दा फरक कर्मचारीलाई अनुगमन भत्ता भुक्तानी दिन नमिल्ने
८	कृष्ण प्रसाद भट्टराई	अनुगमन बैठक भत्ता	७०००	अनुगमन समिति भन्दा फरक कर्मचारीलाई अनुगमन भत्ता भुक्तानी दिन नमिल्ने
९	पिताम्बर गौतम	लिजा तथा एफआरए बैठक	४०००	पालिकाको नियमित कार्यमा एउटै निकाय र अन्तर्गतको पदाधिकारी वा कर्मचारीमात्र बैठक बसेको भत्ता भुक्तानी दिन नमिल्ने
		जम्मा	**५००००**	

..........(प्रारम्भिक प्रतिवेदन उपर रकम असुल गरी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२ को निर्णयबाट रू.२४,०००।— र मिति २०८१।१।२३ को निर्णयबाट रू.१३,०००।- सम्परीक्षण गरिएको ।)

थप बेरूजु दफा सँग सम्बन्धित विवरण - अनुसूची -१९

भौ.नं.	खर्च गरेको विवरण	विनियोजित शीर्षक	खर्च
	नगरपालिका चालु		
१८१७	विविध खाजा खर्च	अनुगमन मुल्यांकन	२००००
१८०६	अपङ्गता समावेशी सस्थाको साधारण सभा खर्च	आर्थिक सहयोग	२४०००
१८००	कम्प्युटर खरिद ल्याटप	वडा का विभिन्न शीर्षक	७६८३०
१७९४	टोल विकास सस्था खर्च	विपद व्यवस्थापन	१५०००
१७९३	विविध खर्च भुक्तानी	वडा का विभिन्न शीर्षक	७०९४५
१७८८	खेलकुद सामग्री खरिद	११ वटा टोल विकास संस्था सहयोग	१९२५०
१७८७	सन्देश मुलक सुचना प्रकाशन	अनुगमन मुल्यांकन तथा भ्रमण खर्च र बैठक भत्ता समेत	१६९५०
१७८५	विविध खर्च (खाना खाजा)	अनुगमन मुल्यांकन तथा भ्रमण खर्च र बैठक भत्ता समेत	२१३००
१७८५	फुल गमला खरिद	अनुगमन मुल्यांकन तथा भ्रमण खर्च र बैठक भत्ता समेत	३०८००
१७८४	टोल विकास सस्था खर्च	विपद व्यवस्थापन	१४४४०
१७८१	कार्पेटीङ्ग कार्यमा खर्च	अनुगमन मुल्यांकन तथा भ्रमण खर्च र बैठक भत्ता समेत	९८७६२
१७८१	सिप्रेडी अटोमोबाइलबाट एम्बुलेन्स मर्मत	अनुगमन मुल्यांकन तथा भ्रमण खर्च र बैठक भत्ता समेत	४८३६४
१७८०	बहुभार्षिक आईडल प्रतियोगितामा साउण्ड सिस्टम	अनुगमन मुल्यांकन तथा भ्रमण खर्च र बैठक भत्ता समेत	११०००
१७८०	सा. विद्यालय शिक्षक तथा शिक्षका प्रशिक्षण कार्यक्रम	अनुगमन मुल्यांकन तथा भ्रमण खर्च र बैठक भत्ता समेत	१४५००
१७७२	महिलाहरुको पाठेघरको जाँच सम्बन्धी कार्याक्रम	वडा का विभिन्न शीर्षक	३१३४०
१७६८	खेलकुद सामग्री खरिद	संचार महशुल	२५३५०
१७६७	लक्ष्मण खतिवडा परामर्श खर्च भुक्तानी	विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको सम्मान खर्च	१५५०००

१७६५	भ्रमण खर्च भुक्तानी (प्रकाश अधिकारी)	इन्धन कार्यालय प्रयोजन	११४००
१८५	पदाधिकारी सुविधा भुक्तानी	सवारी साधन मर्मत खर्च	१००००००
१७६०	मसलन्द सामग्री खरिद	संचार महशुल	१२०००
१७५९	भ्रमण खर्च	इन्धन कार्यालय प्रयोजन	१५०००
१७५४	फर्निचर खरिद	विपन्न आर्थिक सहयोग	३९०००
१७५४	वडा संचालन खर्च वडा ४	विपन्न आर्थिक सहयोग	४५०००
१७५३	वडा ९ संचालन खर्च	मृत्यु संस्कारमा सहयोग	५८९८०
१७४०	भ्रमण खर्च	कर्मचारी तलब भत्ता	११८००
१७३८	भ्रमण खर्च	महिला सिपमुलक तालिम खर्च	८१००
१७३७	खादा चिनो खरिद	भ्रमण खर्च	२०००००
१७३१	विविध खर्च भुक्तानि	पानी तथा बिजुली	६१४९५
१७२९	कार्यालय सञ्चालन खर्च	विभिन्न खर्च शिषक	१३१०८५
१७१८	विभिन्न कार्यालय सामग्री खरिद	विभिन्न खर्च शिषक	२०३९९३
१६८०	विविध खर्च ,फर्निचर खरिद	विभिन्न खर्च शिषक	९९०००
१६५७	टेलिफोन सेट ,तर खरिद	नगरका विभिन्न डाटा डिजिटईजेशन	८१०३१
१६४८	लेखा समितिको बैठक भत्ता	सरसफाई गर्ने कर्मचारी तलब समेत	१०५६००
१६४७	विभिन्न सडक मर्मत कार्य	सनकाह खोला नियन्त्रण को लागि डि.पि.आ.र	२९९८०७
१६४६	आर्थिक समितिको बैठक भत्ता	सरसफाई गर्ने कर्मचारी तलब समेत	१२९२००
१६४३	भ्रमण खर्च	कर्मचारी तलब भत्ता	१९३००
१५८२	विविध खर्च	कर्मचारी तलब भत्ता	१६७६५
१७६४	खादा मायाको चिनो	विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको खर्च	६९०५०
१५५०	भजलन्द खर्च	अनुगमन मुल्याङकन	१३८००
१५३३	असिना पिडितलाई राहात वितरण	कम्प्युटर प्रिन्टर खरिद	१०००००
१२५३		विद्युत तारपोल बिस्तार	३०००००
४४३		हयूम पाइप खरिद	५००००
४४३		पशु नश्ल सुधार	६००००
१५२१	पर्यटन प्रवर्द्धन प्रतिवेदन तयारी	कर्मचारी तलब भत्ता	४९६०७०
१३४१	असिना पिडितको राहत वितरण	विपन्न वर्ग आय आर्जन कार्यक्रम	१५००००
१७५	तलब भत्ता	सेवा र परामर्श खर्च	१७६७९९५

४११	तलब भत्ता	सेवा र परामर्श खर्च	१४६६८०६
५५२	तलब भत्ता	सेवा र परामर्श खर्च	१२७०२३८
७९५	तलब भत्ता+ प्रोत्साहन	सेवा र परामर्श खर्च	१४६२०६७
७९६	तलब भत्ता+ प्रोत्साहन	सेवा र परामर्श खर्च	१४६३४५६
९८१	तलब भत्ता+ प्रोत्साहन	सेवा र परामर्श खर्च	३५७३६२.१
११७९	तलब भत्ता+ प्रोत्साहन	सेवा र परामर्श खर्च	५०१९५९
७२	टोल विकास सस्था संञ्चालन	विभिन्न कार्यक्रम	४००००
१२	स्वास्थय विमा कार्य	निःशुल्क वितरणका लागी औषधी खरिख	४५५००
१९	स्वास्थय विमा कार्य	महिलाहरुको पाठेघर परीक्षण तथा उपचार	१८५५००
३९	स्वास्थय विमा कार्य	स्वास्थय चौकी व्यवस्थापन खर्च	५२५००
४१	स्वास्थय विमा कार्य	स्वास्थय चौकी व्यवस्थापन खर्च	३९०२५०
५०	स्वास्थय विमा कार्य	स्वास्थय चौकी व्यवस्थापन खर्च	३५०००
५१	स्वास्थय विमा कार्य	स्वास्थय चौकी व्यवस्थापन खर्च	१२९२५०
संघीय शर्शत तर्फ			
२६१	स्वास्थ्यको तलब भत्ता खर्च	लघु उद्यम कार्यक्रम	१८००००
१५८	पाठ्यपुस्तक खरिद खर्च	मा.वि. तथा आ.वि. तलब भत्ता खर्च	१३०४०९
२८७	पोषण संवेदनशिल कार्यक्रम	स्वास्थ्य करारको तलब भत्ता भुक्तानी	५००००
२८७	मृगौला प्रत्यारोपणलाई सहयोग	स्वास्थ्य करारको तलब भत्ता भुक्तानी	३०४०१४
२८९	मातृ तथा नवशिशु कार्यक्रम	स्वास्थ्य करारको तलब भत्ता भुक्तानी	२७००५१
२९०	मातृ तथा नवशिशु कार्यक्रम	स्वास्थ्य करारको तलब भत्ता भुक्तानी	१८२८६३
नगरपालिका पुँजीगत तर्फ			
७८४	सवारी मर्मत तथा फर्निचर खरिद	राजमार्ग दक्षिण पश्चिम वडा नं ६ र ७ मा विरिङ नदि नियन्त्रण	१५३९०९४
११	सुनौलो वस्ती सामुदायिक भवन निर्माण	मेयर आवास वडा नं ८	९९८९४
८००	बौद्धिक मार्ग क निर्माण	विविध खानेपानी आयोजना संचालन तथा विद्यालयमा खानेपानी कार्यक्रम संचालन तथा व्यवस्थापन	२२३१६४२
७५३	मध्यमकालीन खर्च संरचना निर्माण	नेपाल सरकार वन तथा भू-संरक्षण विभागलाई हस्तान्तरण गरिएको जग्गामा वृक्षरोपण, संरक्षण तथा घेरावारा	४४९१७०
७५३	मध्यमकालीन खर्च संरचना निर्माण	जलवायु परिवर्तनका असर अल्पिकरण सम्बन्धी विविध कार्यक्रम संचालन	२०००००
५०६	युवराज उप्रेतीको घर दक्षिण पुण्य उप्रेतीको घरसम्म बाटो ग्राभेल उ.स.	वडा नं ५ तुल्सीबारी हुँदै वडा कार्यालय जाने	६३९३५१

५००	रविन्द्र पराजुलीको घर देखि गम्भिरमानको घरसम्म ड्रेन निर्माण	श्रमिक स्वालम्बन उद्योग	२६२१२५०
३३७	गत आ.व. को दाखिला गर्न बाँकी दायित्व	विद्युतीकरण स्मार्ट लाइट खरिद	११७७३८०
५९८	शान्ती टोल बिकास सस्था	माग, आवश्यक्ता अनुगमन तथा औचित्यताका आधारमा मेयर आवास कार्यक्रम संचालन	१८७३३०३
	रिङरोड कालोपत्रे सडक निर्माणको दोस्रो बिल भुक्तानी	कृषिमोटर खरिद	२०२०८९८
		जम्मा	**२७६१८५०८**